CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिककालीन पुराना कवि
वीरशाली पन्त

सम्पादक : प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिककालीन पुराना कवि

वीरशाली पन्त

(प्राथमिककालीन कवि)

सम्पादक
प्रेम छोटा

प्रकाशक
विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक : प्राथमिककालीन पुराना कवि वीरशाली पन्त

प्रकाशक : विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं
फोन नं.: ४२२७२४६, ४२४५८३४, ४४४५२०२

Acc. No. 26312

सम्पादक : प्रेम छोटा
कृति : शोधमूलक

संस्करण : प्रथम, २०६२

सर्वाधिकार : सम्पादकमा

मूल्य : रु. ६०।-

आवरण फोटो : गणेशकुमार जि.सी.
अक्षराङ्कन : किरण बोगटी "साथी"
कम्प्युटर सेटिङ्ग : सुलभ कम्प्युटर सर्भिस, काठमाडौं
फोन.नं. ४२५२९५९

मुद्रक :

An Analytical Study Book Of
PrathamikKaleen Purana Kabi Beershali Pant

By : Prem Chhota

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त

(वि.सं. १८४९ - १८९६ सम्म बागलुङमै जीवित)

CC-0. In Public Domain. Digitization by eGangotri

उद्‌बोधन

नेपाली साहित्यको इतिहासमा प्राथमिककालीन साहित्यको भक्तिधारामा धवलागिरि अञ्चल बागलुङबाट राष्ट्रिय स्तरमा प्रतिनिधिको रूपमा उक्त भक्तिधारामा प्रवाहित हुन पुग्ने प्राथमिककालका दर्जनौं पुराना कविहरूमध्ये आदिकवि भानुभक्त आचार्य भन्दा पूर्वका प्राथमिककालका भक्तिधाराका पुराना कवि वीरशाली पन्त धवलागिरि अञ्चल बागलुङ जिल्ला, बागलुङ नगरपालिका मूलपानी, ढिकीचौर गैरागाउँ (गैन्हा) - ७ का सबभन्दा पहिलो कवि मानिन्छन् ।

कवि पन्त र उनको काव्यात्मक व्यक्तित्वका बारेमा नेपालका विशिष्ट विद्वान् तथा अनुसन्धित्सुहरूद्वारा व्यक्त गरिएका आ-आफ्ना अभिमतका आधारमा उनी बौद्धिक चिन्तन र भाषा वाङ्मयको पूर्व परम्परा पछि सिर्जनात्मक साहित्यको जग बसाल्ने र बागलुङलाई नेपाली साहित्यको इतिहासमा राष्ट्रिय स्तरमा पुऱ्याई परिचय गराउने पहिलो उत्प्रेरक (यस क्षेत्रकै आदिकवि) कवि हुन् ।

यस्ता विलय अवस्थामा रहेका यस क्षेत्रको सुन्दर अतीतका गौरवशाली प्रतिभाशाली कवि व्यक्तित्व पन्तको बारेमा अनुसन्धान कही कतैबाट सघन रूपमा उल्लेख भएको पाइएको छैन तापनि उनको बारेमा राष्ट्रका विशिष्ट व्यक्तित्वहरूबाट व्यक्त गरिएका मत अभिमत वा अवधारणाहरूलाई अध्ययन अनुसन्धान गरी स्थूल रूपमा भएपनि प्रकाशमा ल्याइनु पर्छ भन्ने मान्यता राखी मोटामोटी रूपमा सोधखोज गरिएको प्रस्तुत समालोचनात्मक कृति हो ।

प्राथमिककालीन भक्तिधाराका हाम्रा पुराना कवि वीरशाली पन्तको

CC-0. In Public Domain. Digitization by eGangotri

दिन चर्याको सम्बन्धमा उदेक लाग्दा दैविक घटनामा आधारित रहस्यमय जनश्रुतिहरू सुनिन्छन् तापनि उनी अध्यात्मवादी दर्शनका पुजारी थिए भन्ने कुरा उनका विष्णुभक्तिका भक्तिपरक अनगिन्ती रचनाबाट प्रमाणित भएको पाइन्छ । जीवनको उत्तरार्द्धमा उनी द्वैत र अद्वैतवादी दर्शनबाट प्रभावित भएको देखिन्छन् । तत्पश्चात्को शेष जीवन भारतको मथुरा वृन्दावनमा बिताएको इतिहास साक्षी छ । यस्ता प्रतिभाशाली सिर्जनशील महात्मा-योगी, तपस्वी र सिद्धपुरूषको काव्यात्मक योगदान नेपाली साहित्यको इतिहासमा उल्लेख्य रहेको छ तर अहिले उनी मिथक जस्तै भएका छन् ।

आदिकवि भानुभक्त भन्दा पूर्वका बागलुङका भक्तिरसका पुराना कवि वीरशाली पन्तका सम्बन्धमा वरिष्ठ अन्वेषक टुकराज मिश्रजीको मिति २०५०/१/२६ मा गोरखापत्र राष्ट्रिय दैनिकमा **वीरशाली पन्त कहाँका हुन् ?** भनी प्रकाशित अभिमत (आलेख) बाट पनि प्रवुद्ध पाठकवर्गमा भ्रम सिर्जना नहोस् भनी सो आलेखलाई समेत उपयुक्त ठानी समावेश गराएको छु ।

यस बाहेक डा. स्वामी प्रपन्नाचार्य, डा. खगेन्द्रप्रसाद लुइँटेल, प्रा. बालकृष्ण पोखरेल, प्रा. मोहनराज शर्मा, काजी रोशन, डा. राजाराम सुवेदी र डा. गोपालप्रसाद भण्डारीहरूका प्रकाशित आलेखहरू विभिन्न अनुसन्धानमूलक पत्रिका तथा ग्रन्थहरूबाट उद्धरण गरि यस सङ्ग्रहमा समावेश गरिएको छ ।

शोधमूलक यो कृति तयार पार्न उपयोग गरिएका स्थानीय तथा राष्ट्रका विशिष्ट विद्वान्, अन्वेषक तथा वरिष्ठ भाषासेवीहरूका उल्लिखित उद्गार र सम्बन्धित कृतिहरू नै मूल आधार भएको हुँदा ती सबै उद्गारकर्ता एवम् कृतिहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधमूलक तथा अनुसन्धानमूलक कृतिले कवि वीरशाली पन्तको बारेमा सोधखोज गर्ने तथा अध्ययन गर्ने कुनै पनि नेपाली पाठक, विद्यार्थी तथा अनुसन्धाताहरूको निम्ति यो कृति उपयोगी

CC-0. In Public Domain. Digitization by eGangotri

होला भन्ने आशा एवम् विश्वास लिएको छु ।

कृति लेखन कालमा यसका पंक्तिकारलाई आवश्यक सल्लाह-सुझाउ दिनुहुने महेन्द्र बहुमुखी क्याम्पसका भू.पू. क्याम्पस प्रमुख मेरा विद्वान् साहित्यिक मित्र सह-प्राध्यापक लक्ष्मीप्रसाद शर्मा, समालोचक लक्ष्मणप्रसाद गौतम लगायत सोधखोजको सिलसिलामा लेख, अभिलेख तथा प्राप्त उल्लेखनीय कृतिहरूका निम्ति रत्न श्रेष्ठ पुरस्कार गुठी र तत्कालीन रत्न-श्रेष्ठ पुरस्कार पुस्तकालयलाई विशेष आभार प्रकट गर्दछु । साथै यस कृतिको सावधानीपूर्वक अक्षराङ्कन गरी सहयोग पुऱ्याउनु हुने युवाकवि किरण बोगटी 'साथी', सहयोगी गंगाधर अधिकारी 'चिन्तन', दीपक पौडेल र आवरण कला संयोजन गरी सहयोग पुऱ्याउनु हुने कलाकार भाइ गणेशकुमारलाई हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा यस कृति भित्रको कमी कमजोरी पक्षलाई प्रवुद्ध वर्गबाट सकारात्मक रूपमा औंल्याई सुझाउ र सल्लाह प्रदान गर्नु भएमा मेरो यो प्रयास सार्थक भएको ठान्नेछु ।

- प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

क्र.सं	शीर्षक	पृष्ठ
	उद्‌बोधन	
१.	आठौं शताब्दीको सबभन्दा पुरानो नेपाली वसन-लिपि	१
२.	सन्दर्भ वीरशाली पन्त, चर्चाः साँस्कृतिक इतिहास कान्छीलाई घुमाउने बागलुङ सहर	७
३.	भानुभक्त भन्दा पुराना कवि वीरशाली पन्त	१०
४.	वीरशाली पन्त कहाँका हुन् ?	१५
५.	वीरशाली पन्त बागलुङका हुन्	१८
६.	काव्य प्रतिभाका धनी वीरशाली पन्त र उनका काव्यहरू	३३
७.	वीरशाली पन्त (१८६० तिर)	४२
८.	परम वैष्णव विद्वप्प्रवर वीरशाली पन्त	४३
९.	वीरशाली पन्त	४६
१०.	वीरशाली पन्त	५५
११.	वीरशाली पन्त	५९
१२.	पं. वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश	६६
१३.	वीरशाली पन्त र उनका कविता	७५
१४.	परिशिष्ट-१	८१
१५.	परिशिष्ट-२	८३
१६.	परिशिष्ट-३	८५
१७.	सन्दर्भस्रोत	८७

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं शताब्दीको सबभन्दा पुरानो नेपाली वसन-लिपि

नेपाली साहित्यको इतिहासमा नेपाली भाषा र सँस्कृतिको उद्‌गमस्थल पश्चिम नेपालको कर्णाली प्रदेशलाई प्रमुख स्थलको रूपमा लिइन्छ । सो प्रदेशमा फेला परेका वि.सं. १०३८ सालको "दूल्लु" लिपिलाई सबभन्दा पुरानो र सर्वप्राचीन लिपि भनी आधिकारिक तवरमा मानिदै आएको पाइन्छ तापनि हालका केही वर्षयता अर्थात् वि.सं. २०६० सालको दशक पछिको नवीन शोधखोजअनुसार धवलागिरि अञ्चल, म्याग्दी जिल्ला, राखुको (गाउँ विकास समिति) सिजाल गाउँमा वि.सं. ५०० देखि वि.सं. १०५० वर्ष पूर्वका पुराना शिलालेखहरू पाइन थालेका छन् । उक्त शिलालेखको लिपि कर्णाली प्रदेशको "दूल्लु" लिपि भन्दा ३२४ वर्ष पूर्वको पुरानो लिपि वा कविता मान्न सकिन्छ । अहिले सम्म फेला परेका लिपिहरू मध्ये यो नै सबभन्दा पुरानो लिपि ठहरिन आउँछ ।

वैदिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक दृष्टिले म्याग्दी जिल्ला अति महत्वपूर्ण जिल्लाको रूपमा रहेको पाइन्छ । अर्को शब्दमा 'राखु' भन्ने नाउँ राकस (राक्षस) को नामबाट रहन गएको किम्बदन्ति छ । म्याग्दीका भूमिराज भण्डारीका अनुसार राखु गाउँ स्थित "वसनढुङ्गा" का वस्नेत (वस्न्यात) जातिका खस क्षेत्रीहरूले वि.सं. ५०० देखि वि.सं. १०५० सालसम्म सो ठाउँमा राज्य सञ्चालन गरेको कुरा उक्त "वसनढुङ्गा" शिलालेखमा उल्लेख गरेको पाइन्छ भनी उल्लेख गरेका छन् ।[1]

१. धौलागिरि स्टार साप्ताहिक पत्रिका, बागलुङ वर्ष ५, अङ्क २०, भाद्र २२ सोमवार २०२०, पृष्ठ १ र ६

CC-0. In Public Domain. Digitization by eGangotri

पौराणिक पृष्ठभूमि

स्कन्दपुराण श्रीस्वस्थानी व्रतकथामा वर्णित विवरणबाट नवराज राजा ब्राहमण कुलका थिए भन्ने सिद्ध हुन आउँछ । उनी ब्राहमण भएकोले उनका सौतेला भाइ युवराजलाई खस (क्षेत्री) जातिले पोखरीमा डुवाई मारेको ढिस्को (चिहान) अद्यापि राखुमा भएको, रैसेमा राजाको हात्ती बाँध्ने गरो (खेत) समेत भएको, हात्ती बाँध्ने गरो राजा नवराजको भएको, राखुको पुरानो (प्राचीन) नाउँ रावण्यपुर (लावण्यपुर) रहेको, परम्परागतरूपमा खस (क्षेत्री) जातिका मात्र राजा हुनुपर्ने मान्यता अनुसार बीचमा ब्राहमण (बाहुन) जाति पनि राजा भएको, नवराजलाई (ब्राहमण) नयाँ राजा बनाइनुका अतिरिक्त काली नदी (गंगा) नाउँ सालीनदीबाट न्युत्पत्ति भएकोले कालीसाली नदी र कालीसाली (साली) नदीको तटवर्ती क्षेत्रमा पाइने शालिग्रामबाट अपभ्रंश भई कालीग्राम भएको हो भन्न् समेत जनश्रुति पाइन्छ ।

हालसालै केहीवर्ष यता नयाँ खोज अनुसन्धान अनुसार पत्ता लागेको धवलागिरि अञ्चल, म्याग्दी जिल्ला, राखु गाउँ विकास समिति अन्तर्गत राखु सिजाल गाउँमा फेला परेको "वसनढुङ्गा" (धुपीचौर) स्थित ठूलो ढुङ्गा (देउतास्थान) अर्थात शिलालेखमा- पषलोकगिता साके ५६५ वसनढुङ्गा भनेर उक्त शिलालेखको शीर्षस्थ खण्डमा सो कुरा उल्लेख भएको देखिन्छ । दोस्रो हरफमा- कवितात्मक वा गीतात्मक शैलीमा निम्नानुसारको नेपाली भाषामा लेखिएको कवितात्मक वा गीतात्मक लिपि स्पष्ट रूपमा कुँदिएको पाइन्छ । यथाः

"पुरव पऱ्यो घार पच्छीम पुल
दच्छीन मल्लाज राषु देस मुल
येके गते यो हो जेठ मयीना वीकराम साल सात सये
बा क्षेत्री, कामी दमायी बस आर्य सनाटन मष्ट
(निपाल संघ) हिन्दु भय"

उक्त उल्लिखित शिलालेखमा लेखिएको विवरणबाट के बुझिन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

भने पूर्वमा घार (शिखघार), पश्चिममा पुलाचौर, दक्षिणमा मल्लाज, राखु देश मल्लाज परेको र विक्रम सम्वत् ७०० साल जेठ १ गते समेत लेखिएको सो शिलालेखमा नीपाल संघ (नेपाल) का सनातन मस्टो धर्मावलम्वीहरू अर्थात् चारैजातिका खस, आर्य ब्राहमण, क्षेत्री, कामी र दमाई आदि हिन्दू धर्मावलम्वीहरू अन्तर्गत पर्दछन् । यसबाट के बुझिन्छ भने आदिवासी खस समुदाय चारजात हिन्दू व्यवस्था आर्य समुदायसित वर्णशंकर भई पूर्णतः हिन्दुकरण भइसकेको प्रमाणित हुन्छ । राखु कृष्णागण्डकीको सामिप्यमा रहेको मुख्य प्रदेश हुन गएको भए तापनि नेपाल (नीपाल संघ) साम्राज्यकै एउटा प्रमुख राज्य (अङ्ग) जस्तो देखिन्छ । "नीपाल संघ" शब्दले तत्कालीन समयमा त्यसलाई नीपाल (नेपाल) भनिन्थ्यो भन्ने अर्को प्रमाणित भएको देखिन्छ । लिच्छवी राजा मानदेवले विजय गरेको मल्लपुरी प्रदेश मल्लाज नै मानिन्छ । नीपाल संघका राजा श्री अंशुवर्मा स्वयम्ले आफूलाई महाराजाधिराज घोषित गरेको इतिहास साक्षी छ । यसर्थ उक्त शिलालेखमा कुँदिएको कवितात्मक लिपि वा गीतलाई नेपालको इतिहासमा यो नै पहिलो लिपि वा कविता मान्न सकिन्छ । यद्यपि आजसम्म सर्वाधिक रूपमा वि.सं. १०३८ सालको कर्णाली प्रदेशको दूल्लु लिपिलाई पहिलो मानी आएको भए तापनि दूल्लु लिपिभन्दा पुरानो साके ५६५ मा वसनढुङ्गाको उक्त लिपिलाई अझ पुरानो लिपि वा कविता नेपाली राष्ट्र भाषाको सबैभन्दा पुरानो भन्नमा कुनै अत्युक्ति नहोला भन्ने यसका पंक्तिकारको आफ्नो राय छ । उपउर्ल्लिखित लिपि वा कविता वसनढुङ्गा वि.सं. १३६२ वर्ष पूर्वको पुरानो लिपि भएको देखिन्छ । यस लिपिले सम्बन्धित क्षेत्रका सम्पूर्ण नेपाली पाठक, विद्यार्थी, शोधार्थी, अन्वेषक, विद्वान तथा अनुसन्धाताहरूका लागि एउटा महत्वपूर्ण चुनौतीको विषय बन्न पुगेको सवुद प्रमाण हुन आउँछ भन्ने ठहर गर्न सकिन्छ ।

मध्यकालको उत्तरार्द्ध र आधुनिककालको पूर्वार्द्धको बीचमा अर्थात् श्री ५ वडामहाराज पृथ्वीनारायण शाहद्वारा एकीकरण गर्नु भन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व बाईसे र चौबीसे राज्य रजौटाहरू मध्ये धवलागिरि अञ्चल, पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ यी चार जिल्लाहरूमा सीमावद्ध भएको एउटा सिङ्गो नाम हो । यसको पूर्वमा सतहूँ, पैयूँ, नुवाकोट, स्याङ्जा, पश्चिममा बागलुङ गलकोट, उत्तरमा म्याग्दी, मुस्ताङ र पुरै प्रदेश, र दक्षिणमा वडी गार्ड नदी, गुल्मी, अर्घाखाँची, इश्मा, मुसीकोट, घुर्कोट र प्यूठान राज्यहरू पर्दथे । यी सम्पूर्ण स-साना राज्य रजौटाहरू मिलाएर वर्तमान समयमा धवलागिरि अञ्चलमा बनेको छ ।[२] यस पूर्व डिम्व शाहीले काली गण्डकी पूर्व पश्चिमका सबै राज्य रजौटाहरू मिलाएर विशाल पर्वतीय क्षेत्रको राज्य स्थापना गरेको इतिहासमा उल्लेख पाइन्छ ।

प्राचीन पर्वतीय क्षेत्र हाल पर्वत जिल्लामा परिणत भएको हो । यसको सदरमुकाम "कुश्मा" (कुसुमा) बजारमा पर्दछ । म्याग्दी जिल्लाको सदरमुकाम "बेनी" (वेणी) बजारमा छ । मुस्ताङ जिल्लाको सदरमुकाम "जोमसोम" बजारमा छ । बागलुङ जिल्लाको सदरमुकाम "बागलुङ" नगरी श्री ५ ज्ञानेन्द्रको शासनकालमा वि.सं. २०६१ माघ १९ गते राष्ट्रमा भएको राजनैतिक परिवर्तन पश्चात् अञ्चलकै सदरमुकामको रूपमा पुनः यो परिणत भएको छ ।

मल्लकालीन राजाहरूका संस्थापक राजा "आनम्म मल्ल" र त्यस पछिका शाह मल्ल, घनश्याम मल्ल, मलयबम मल्ल र कीर्तिबम् मल्लको प्राचीन राजधानी "बेनी" (वेणी) नै थियो । पछि पर्वत मल्लाजमा पनि सारियो भनी उल्लेख गरिएको पाइन्छ ।[३]

पर्वत र बागलुङको बीचमा काली (कृष्णा) गण्डकी बगिराखेकी छिन् । उच्च धवलागिरि, हिम-पर्वत (हिमाल) कै नामबाट यस अञ्चलको नाम राखिएको हो । पवित्र तीर्थस्थल मुक्तिनाथ यही अञ्चलको प्रमुख तीर्थस्थल मानिन्छ । प्राचीन कालमा मुक्तिनाथ जाने एक मात्र मूलबाटो कालीगण्डकीको किनारै किनार थियो । यसका तटवर्ती क्षेत्र कागवेनी, लार्जुङ, कोप्चेपानी, दाना, गलेश्वर, ढोर, बेनी, मल्लाज, बागलुङ, पाङ, कुश्मा, बलेवा, धन्थाप, ज्यामिरघाट, फलेवास आदि प्रसिद्ध ठाउँहरू पर्दछन् । रघुगंगा, मोदी र उत्तरगंगा यस अञ्चलका प्रमुख नदीहरू

२. प्रेम छोटा, धवलागिरिका कवि र कविता-०५५, प्रकाशक-अमृत शेरचन पृष्ठ ४-६

३. डा. टेकबहादुर श्रेष्ठ, पर्वत राज्यको ऐतिहासिक रुपरेखा-०४२, पृष्ठ ५, कीर्तिपुर

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । यी नदीहरू कालीगण्डकीमा मिसिएर रिडी हुँदै देवघाटमा पुगेर नारायणी (सप्तगंगा) मा परिणत भैदिन्छन् । नेपालका सप्त गण्डकीहरू मध्ये कालीगण्डकीले मात्र शालीग्राम बगाएर ल्याउने गर्दछिन् । कालीगण्डकीको मुहान ध्येयखोला लाई मानिन्छ । ध्येयखोलाबाट कालीगण्डकी निरन्तर रूपमा बगिरहेकी छिन् । यसर्थ हिन्दू धर्मावलम्वीहरू पवित्र कालीगण्डकीलाई महिमायुक्तको रूपमा लिन्छन् ।

मध्यकालको उत्तरार्द्धमा पश्चिम गण्डकी प्रदेश, पर्वत क्षेत्रमा मगरात जातिको बाहुल्यता रहेको पाइन्छ तापनि सो समयमा विशेष गरी मगर, गुरूङ, छन्त्याल, राई, थकाली जाति लगायतका क्षेत्री, बाहुन आदि विभिन्न जनजातिका मानिसहरू बढी मात्रामा बसोवास भएको हुँदा पर्वतीय क्षेत्र १६ हजार, आठ हजार .... र चार हजार पर्वतमा परिणत भएको देखिन्छ । उता विक्रमको बाह्रौं शताब्दीको पूर्वार्द्धमा कर्णाली प्रदेशमा नाग-राजाले "खस" राज्यको स्थापना गरेका थिए । यस प्रदेशमा "खस" राजा र उनका सामन्त शासकहरूले शासन सञ्चालन गर्न थालेपछि मगर, गुरूङ बाहेकका क्षेत्री र ब्राहमणहरूको बढी प्रभाव पर्न गएको पाइन्छ । यता मध्यकालमा भोट जाने पाँच प्रमुख मार्गहरू मध्ये बेनी (म्याग्दी) हुँदै भोट (मुस्ताङ) प्रवेश गर्ने उक्त मूल मार्ग निकै चल्तिमा आएको हुँदा कालीगण्डकीको तटवर्ती क्षेत्र बेनी, राखु, तातोपानी, बागलुङ, कुश्मा आदि इलाकाहरू व्यापारिक दृष्टिले केन्द्र थिए, जसले गर्दा स्थानीय क्षेत्रबाट उत्पादित वस्तु तामा, ध्यू, राडीपाखी आदिको निकासी पैठारी गर्नुका साथै बाहिरबाट पनि त्यस्तै प्रकारका उपभोग्य वस्तुहरू ल्याउनमा यी मार्ग प्रमुख र सुलभ मानिन्थे ।

बाईसे चौबीसे राजाहरूको राज्यकालमा मुख्य रूपमा बागलुङ र बेनीमा तामाको "टक" काट्ने चलन थियो । बागलुङको टकसारबाट तयार पारिएको १ पैसे, २ पैसे र पाँच पैसे तामाका ट्याक[४] यसका

४. तामाका टक वा ट्याकहरु यसका पंक्तिकारसँग सुरक्षित छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

सवुद् प्रमाण हुन् । अर्कोतिर २२से खानी मध्ये शिशाखानी, तामाखानी, राङखानी, भिङ्खानी, कुइनेखानी आदि खानीहरूले गर्दा यस क्षेत्रको आर्थिक दिशामा विशेष महत्व दर्शाएको छ । तर त्यस्ता महत्वपूर्ण खानीहरूको उपयोग र व्यवस्था अझै पनि हुन नसक्नु दुःख लाग्दो कुरो हो । जेहोस् यस कालमा यस्ता प्रशस्त मात्रामा सुधारात्मक संकेत भने मिलेको पाइन्छ ।

- प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ वीरशाली पन्त

चर्चा: साँस्कृतिक इतिहास

कान्छीलाई घुमाउने बागलुङ सहर

पौराणिक पृष्ठभूमि

धवलागिरि हिमश्रृंखलाको काखमा अवस्थित पवित्र कृष्णागण्डकी (काली) र काठे खोलाको तटवर्ती सुरम्य नगरी बागलुङ्ग भौगोलिक बनावटले विकट भएता पनि पश्चिम पहाडी भेकको सुन्दर एवं रमणीय बजार (सहर) मानिन्छ । पौराणिक सांस्कृतिक, धार्मिक परम्परा र ऐतिहासिक दृष्टिले यस क्षेत्रको विशेष महत्व रहेको कुरा इतिहासले सिद्ध गरेको छ । एकातिर अपूर्व प्राकृतिक सम्पदाले सुसम्पन्न उतुङ्ग पर्वत हिमश्रृंखला र अनादिकालदेखि निरन्तर बगिरहेकी कृष्णा गण्डकीको प्राचीनताको गौरवपूर्ण गाथा छ भने अर्कोतिर ऐतिहासिक, साहित्यिक र साँस्कृतिक रूपमा अंकित विक्रमको सोह्रौं शताब्दी पछिका प्राथमिक कालका रमापति, उमापति, हरिराम, शिवराम, प्रेमनिधि पन्त, वीरशाली पन्त र सुकृतिदत्त पन्त आदि यशस्वी विद्वान, कवि, लेखकहरू यिनै क्षेत्रका गौरवशाली विभूति (निधि) मानिन्छन् ।

माध्यमिक कालका युवाकवि मोतीराम भट्ट, मोती मण्डलीका प्रमुख सहमित्र एवं अग्रज गजलकार लक्ष्मीदत्त पन्त 'इन्दु' आधुनिक नेपाली साहित्यका उज्जवल नक्षत्र कवि भूपि शेरचन, मोहनबहादुर मल्ल र २००७ सालको क्रान्तिमा प्रथम सहिद थीरबम मल्ल आदि प्रतिभाहरूको जन्मभूमि र कर्मभूमि पनि धवलगिरि अञ्चल नै हो । यसको अलावा पौराणिक कालका राजा जडभरत, पुलस्त्य (पुलह-

CC-0. In Public Domain. Digitization by eGangotri

पुलाचौर, म्याग्दी), ऋषि र जैमुनि (जयमुनि), ऋषि/महर्षिहरूको तपोभूमिले यहाँको प्राचीनताको अनुपम उदाहरण प्रस्तुत गरेको छ ।

त्यस्तै पौराणिक युगको मठ-मन्दिर, देवी-देवालयहरू र धार्मिक र साँस्कृतिक अनुष्ठानको परम्परा बोकेको यहाँका सामाजिक, आर्थिक, धार्मिक जीवन र वर्तमान समयमा पनि नयाँ पुस्ताका सिर्जनशील प्रतिभाहरूले यस क्षेत्रलाई उत्तिकै उर्वर र उन्नत तुल्याइरहेको छ ।

बागलुङ शब्दको व्युत्पत्तिका सम्बन्धमा प्रस्तुत विभिन्न मान्यताको आधारमा एउटा अकिञ्चन थलोका रूपबाट प्रारम्भ भएर हालको स्थितिलाई बागलुङ बजार, बजारबाट बागलुङ नगरपालिका, ५८ गाविस समेत बागलुङ जिल्लाको नामले यो सिंगो स्वरूपमा परिणत भएको छ । तसर्थ कालक्रमअनुसार नेपाल अधिराज्यमा विभिन्न प्रसिद्धि प्राप्त गण्डकी, उच्च हिमाल, स्थान विशेष तथा राष्ट्रिय विभूति आदिलाई समेत बढी महत्व प्रदान गरेर पहिलेका र पछिकाले पनि सोही आधारमा नाम राखेका र नामकरणसमेत गर्ने गरेको प्रशस्त प्रमाण पाइनु र हुनु यसको राम्रो लक्षण मान्नु पर्दछ ।

उपर्युक्त अवधारणा र मान्यताहरू बाहेकका यस क्षेत्रको लोकसाहित्य, लोकनृत्य र लोकगीत (झ्याउरे गीत) आदिले बागलुङलाई उच्च शिखरमा पुऱ्याएको छ । यस सम्बन्धमा एकातिर "झ्याउरे गीतको लय र बोलको उद्गम थलो बागलुङ, राङखानी र बलेवा नेपानेका गोऱ्या सिरस र मनवीर हुन्" भनी लोकसाहित्यका अन्वेषक कालीभक्त पन्त भन्दछन् भने अर्कातिर नेपालमा आधिकारिक रूपमा पात्रो निर्माण गर्ने प्रथम व्यक्ति बागलुङ मूलपानीका छायादत्त पन्त हुन् भन्ने कुरा थाहा पाइएको छ । यसप्रकार समग्रमा यहाँको संस्कृति पनि विभिन्न जाति र धर्मावलम्बीहरूलाई आत्मसात् गरेर विविधतामा अवस्थित छ ।

यसर्थ यहाँका प्राचीन मठ-मन्दिर ढोरपाटनको बराह देवता, गलकोट, संसारकोट, कालिका भगवतीको मन्दिर, भैरवस्थान, हनुमान नाच, लाखेनाच, नाग-नागिनी नृत्य, जोगी नृत्य, भोटेसेलो नृत्य, भदौरे

CC-0. In Public Domain. Digitization by eGangotri

रोपाई नाच, ज्यामिरघाटको जैमुनि शंखशीला, घण्टाकर्ण, गठेमंगल (बुर्‍याचाँ) आदिलाई छातीमा रसाई बसाई एउटै मालामा मूल प्रवाहित संस्कृति यस क्षेत्रको सहिष्णुता र आस्थाको ज्वलन्त उदाहरण हुन् । यसप्रकार वर्तमान समयमा सामाजिक, ऐतिहासिक, साँस्कृतिक, धार्मिक र लौकिक जीवनको संरचनाबाट बागलुङलाई राष्ट्रिय सिंगो संस्कृतिमा योगदान पुर्‍याउनमा विशेष भूमिका खेलेको छ भने नेपाली साहित्यको इतिहासमा सबैभन्दा बढी चम्काउने वीरशाली पन्त बागलुङका पहिलो (उत्प्रेरक) कवि हुन् ।

प्रेम छोटा

साभार : कोसेली कान्तिपुर शनिवारीय परिशिष्टाङ्क
शनिवार २५ साउन २०५४

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्त भन्दा पुराना कवि वीरशाली पन्त

आदिकवि भानुभक्तपूर्वका पुराना कविहरूमा विष्णुदास आचार्य, सुदानन्ददास, शक्तिवल्लभ अर्याल, इन्दिरस, वसन्त शर्मा, रघुनाथ भट्ट, यदुनाथ पोखरेल, विद्यानन्द केशरी, उदयानन्द अर्याल, हीनव्याकर्णी-विद्यापति, वीरशाली पन्त, गुमानी पन्त र लक्ष्मीपति आदि पर्छन् । यी पुराना कविहरूमा वीरशाली पन्तको नाउँ नसुन्ने वाङ्मयसेवीहरू कमै होलान् । तर, उनको बारेमा चासो राख्ने पहिला व्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य नै हुन् । यद्यपि नेपाली साहित्य र साहित्यकारहरूको सम्बन्धमा खोजी गरी तिनलाई प्रकाशमा ल्याउने जस्तो उच्च कार्य नेपाली साहित्यको इतिहासमा सर्वप्रथम माध्यमिक कालका युवाकवि मोतीराम भट्टद्वारा थालनी गरेको देखिन्छ । तापनि उनको खोजीमा न वीरशाली पन्तको नाउँ पाइन्छ न प्रेमनिधि पन्तको नै । साँच्चै भन्ने हो भने बागलुङका यी दुईजना कवि राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्न सक्ने खालका मानिन्छन् ।

त्यस सम्बन्धमा इतिहास शिरोमणि बाबुराम आचार्यले जग बसालेको चौतारीमा वरिष्ठ इतिहासविद् सूर्यविक्रम ज्ञवाली र वेदान्तचार्य डा. स्वामी प्रपन्नाचार्यले ईँटा थपिदिने काम गर्नुभएको पाइन्छ । यी विशिष्ट विद्वानहरूको अनुसन्धानबाट वीरशाली पन्तका बारेमा थाहा पाउन एउटा बलियो आधारशीला निर्माण भएको छ । वीरशाली पन्तका सम्बन्धमा अधिकांश उत्तरवर्ती अनुसन्धित्सुहरू अद्यावधि बाबुराम आचार्यकै विचारधारामा केन्द्रित रहेको पाइएका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

धवलागिरि अञ्चल, बागलुङ जिल्लाको सेरोफेरोमा बस्ने पन्तहरू मूल रूपमा चार हाँगामा बाँडिएका छन् बसु पन्त, नाथु पन्त, भगी पन्त र सरम पन्त । यी चार थरी पन्तका पूर्वजहरू कुमाउँतिरका हुन् । हाम्रा पुराना कवि प्रेमनिधि पन्त पनि कुमाउँमै जन्मेका हुन् भन्ने कुरा प्रेमनिधि स्वयं र सु-कृतिदत्त पन्तले उल्लेख गरेका छन् । कुमाउँ गढबाट आएका प्रेमनिधि पन्तले आफ्नो समग्र जीवन बागलुङमै बिताए तापनि अन्तिम समयमा उनी काशीबासी भएका थिए ।

पन्तहरूका पूर्वजहरूको खोजीको क्रममा कुमाउँका रमापति पन्त र उमापति पन्त यी दुई विद्वान्हरू नेपालको उत्तरी क्षेत्र मुस्ताङ जिल्लामा अवस्थित मुक्तिनाथको दर्शन गरी फर्कदा कृष्णागण्डकीको किनारै किनार हुँदै बागलुङ बजारबाट पूर्वतिर बगिरहेको कालीगण्डकीको दायाँतर्फको निरहे (निर्णयघाट) भन्ने ठाउँ प्राकृतिक सौन्दर्यले भरिपूर्णदेखि सो ठाउँमा बस्न मन पारेको हुँदा विक्रमको सोह्रौं शताब्दी ताकका तत्कालीन राजा मलयवम मल्लका पिता र स्वयं मलयवम मल्लले आश्रमका निम्ति तिनीहरूलाई अनुमति प्रदान गरेका थिए । यसै कार्यबाट त्यसबेलाका शासकहरूमा विद्वान, कवि लेखकहरूको यथेष्ट कदर र सम्मान हुने गरेको बुझिन्छ ।

उक्त चार थरीका पन्तहरूमा 'सरस' पन्तका सन्तानहरू पर्वत जिल्लाको लिमिथाना र फलेवास, भगी पन्त र वसु पन्तका सन्तानहरू बागलुङ जिल्लाको मूलपानी, गैह्रा गाउँ, ढिकीचौरमा बसोबास गरेको पाइन्छ । 'भगी' पन्तको हाँगामा वेदान्तका प्रकाण्ड विद्वान् एवं यशस्वी कवि 'वीरशाली पन्त' जन्मेका हुन् । गलकोटे राजगुरु पं. काशीराज पन्त समेत 'भगी' पन्तका सन्तान थिए ।

वीरशाली पन्तका सम्बन्धमा भगिरथ पन्तको छोरा गौरीश्वर पन्त, गौरीश्वरका छोरा महेश्वर पन्त, महेश्वरका छोरा धरणीधर, दाताराम, त्रिलोचन, दयाराम र हर्षदेव पन्त यी पाँच भाइहरूमा काहिंला दयाराम पन्तका छोरा वीरशाली पन्त बागलुङ मूलपानी गैह्रा गाउँ ढिकीचौरमा

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेका थिए भन्ने कुरा बागलुङ बलेवा स्थित 'लक्ष्मीनारायण मन्दिर' को शिलालेख र घण्टामा कुँदिएको पन्तहरूको वंशावलीको सूत्र र



वीरशाली पन्तको जन्मथलो

इतिहासको संकेत भेटिएको छ । त्यस्तै बागलुङ जिल्लामै कालीगण्डकीको तटमा अवस्थित लक्ष्मीनारायण मन्दिरको उल्लिखित शिलापत्र र यस पंक्तिकारलाई प्राप्त 'भगी' पन्तको वंशावलीमा सोबारे स्पष्ट उल्लेख गरेको पाइन्छ । यसरी नै वीरशाली पन्त स्वयंले ऋण लिई जमानी बसेको कागजी हस्ताक्षर पाइएको छ ।

वीरशाली पन्तको काव्यात्मक व्यक्तित्व बारे शोधखोज गर्दा वीरशाली पन्तकृत 'सरस प्रेमावली' वा 'श्रीकृष्ण-चरित्र' १२००० श्लोकको महाकाव्य (६ हजार संस्कृतमा, ६ हजार नेपालीमा भएको) को एक तृतीयांश बालकृष्ण सम, एक तृतीयांश ढुण्डीराज शर्मा (गुल्मी) र अर्को तृतीयांश उनैका खलकका पनाति शि. उदयराज पन्तका अनुसार उनैसँग छ भनी बालकृष्ण नेभा, शास्त्रदत्त पन्तको सहलेखनमा पाइन्छ । हालसम्म चर्चाका विषय बन्न पुगेका 'गोपिका स्तुति' र 'द्रौपदी विलाप' नामक दुई कृति वीरशाली पन्तले लेखेका हुन् भनी सूर्यविक्रम ज्ञवालीको भनाइ छ तापनि उहाँले कुनै ठोस प्रमाण दिनुभएको छैन । प्रसिद्ध भाषाविद् प्रा. बालकृष्ण पोखरेलले फेला पारेका साढे अठासी

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक वीरशाली पन्तका हस्ताक्षरबाट लेखिएको 'विमलबोधानुभव' मौलिक ग्रन्थ यसको ठोस आधार हो । जुन हस्तलिखित ग्रन्थ मदन पुरस्कार पुस्तकालयमा सुरक्षित छ । उनका सन्तानहरूका अनुसार श्री ५ राजेन्द्र विक्रमका राज्यकालमा उनलाई राजदरवारमा झिकाइएको थियो र, त्यही आएपछि मात्र यिनले भक्तिरसका कविता रचेका हुन् । 'राजेन्द्र शतक' नामले एउटा स्तुति काव्य पनि वीरशाली पन्तले रचेको सुनिन्छ भन्ने विचार प्रा. ठाकुरप्रसाद पराजुलीको भनाइमा पाइन्छ । यसका अतिरिक्त वीरशाली पन्तको नेपालमा मात्र होइन भारतमा पनि यश कीर्ति फैलिएको थियो । वृन्दावन कलाधारीका पण्डित रेवतीरमण खुलालसँग वीरशाली पन्तकृत 'ब्रह्मतत्व मीमांसा', 'भक्ति स्वरूपम्' र 'स्वरूप सिद्धान्तमुक्तावली' भन्ने तीनवटा ग्रन्थ र अद्वैत, द्वैत र अन्य दर्शनलाई मीमांसामा अंगालेर विशिष्टाद्वैतका रूपमा लिएको ग्रन्थ भएको बुझिएको छ । वीरशाली पन्त विशिष्ट अद्वैतवादी कवि भएको कुरा 'भक्तिस्वरूपम्' बाहेक उनका 'वाणोपनीषद' तम्घास गुल्मीका शशी पन्थी सित छ भन्ने कुरा बुझिन आएको छ तर खोज्न बाँकी नै छ । एकातिर उनका यी ग्रन्थहरूले र अर्कोतिर 'स्वरूपसिद्धान्त मुक्तावली' जस्ता ग्रन्थलगायत अन्य ग्रन्थहरूमा विभिन्न छन्द तथा अलंकारयुक्त पद्यात्मक ग्रन्थहरू निकै परिष्कृत र विद्वतापूर्ण ग्रन्थ छन् भनी डा. स्वामी प्रपन्नाचार्यले सिद्ध गरेका छन् । वीरशाली पन्त संस्कृतका विद्वान् भएर पनि संस्कृतमा भन्दा नेपालीमा उनका कृतिहरू धेरै छन् तर ती सबै अनुसन्धानकै गर्भमा छन् भन्ने स्वयम् डा. प्रपन्नाचार्यको भनाइ पाइन्छ ।

वीरशाली पन्तका सम्बन्धमा उदेकलाग्दा दैवी घटनामा आधारित रहस्यमय जनश्रुति पनि सुन्न पाइन्छन् । उनी अध्यात्मवादी भएकोले त्यसबेलाका भुर्रेबाबा 'ज्योतिमुनि' बाट दीक्षित भई पछि कृष्णभक्त वेदान्तवादी बनेको र तत्पश्चात् शेष जीवन भारतको वृन्दावनमा बिताएको इतिहास साक्षी छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता सिर्जनशील स्रष्टा, महात्मा, योगी, तपस्वी र सिद्ध पुरुष वीरशाली पन्त आज मिथक जस्तै भएका छन् । यद्यपि प्राचीन नेपाली साहित्यको प्राथमिक कालका रमापति, उमापति, हरिराम, शिवराम, प्रेमनिधि पन्त, देवीदत्त पन्त, वीरशाली पन्त र सुकृतिदत्त पन्त आदि यशस्वी विद्वान् कवि लेखकहरू गौरवशाली विभूति मानिन्छन् । तिनीहरूमध्ये समग्रमा वीरशाली पन्तका बारेमा भन्नुपर्दा माथि उल्लिखित आधारमा बौद्धिक चिन्तन र भाषा वाङ्मयको प्राचीन परम्परापछि सिर्जनात्मक साहित्यको 'जग' बसाल्ने र नेपाली साहित्यको इतिहासलाई सबैभन्दा बढी चम्काउने वीरशाली पन्त बागलुङका पहिला (उत्प्रेरक) पुराना कवि भन्न गाह्रो पर्दैन ।

प्रेम छोटा
साभार : कान्तिपुर कोसेली,
वर्ष ७, अंक ६ चैत ०५५ शनिवार

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त कहाँका हुन् ?

नेपालका प्राचीन कविहरूमा वीरशाली पन्तको नाम पनि उल्लेख भएको पाइन्छ । इतिहास शिरोमणि बाबुराम आचार्यले आफ्ना पुराना कवि र कविता नामक ग्रन्थमा उल्लेख गर्नु भएको छ । "बागलुङ निवासी पण्डित मेघराज पन्त भन्नुहुन्थ्यो वीरशाली पन्त हाम्रा वंशका पूर्व पुरुष हुन् । उनका रचनाहरू मसँग छन् । ती रचनाहरू म तपाईलाई ल्याई देखाई दिउँला उहाँले पनि ती रचनाहरू यहाँ ल्याई दिनु भएन म पनि उहाँसँग भेट गर्न जान सकिन ।" त्यो कुरा त्यसै रह्यो ।

मलाई पनि वीरशाली पन्तको बारेमा खोजी गर्न मन लागेको थियो । म पनि समयको अभावले त्यसै रहें । २००७ सालको परिवर्तन पछि राजा त्रिभुवनको परामर्श दातृमण्डल खडा भएपछि शिक्षा सचिवको काम टंकप्रसाद अधिकारीज्यूले गर्नु भएको बखतमा उहाँसँग उक्त वीरशाली पन्त कविको खोज गर्ने बारेमा बागलुङसम्म जान पर्ने कुरा गरेथें । उहाँले गोश्वराबाट झिकाए भैहाल्छ भन्ने कुरा गर्नुभयो । त्यो कुरा त्यसै रह्यो । २०२१ सालमा म गण्डकी अञ्चलको लेखापरीक्षण गर्न महालेखा परीक्षकको विभागबाट पोखरामा सारिएँ । केही समयपछि स्वयम् महालेखापरीक्षक पोखरा आएर "तिमीलाई काम पनि पुगेन दरबन्दी पनि बढ्ता भयो" भनेर कारिन्दा घटाएर धवलागिरि अञ्चलको काम समेत गाभी दिनुभयो । त्यस बखत मलाई संझना भयो धवलागिरि अञ्चलमा बागलुङ पर्छ । त्यहाँ जाँदा बाबुराम आचार्य लिखित वीरशाली पन्तको कविता पनि खोज्न पाइएला भन्ने मेरो मनमा लाग्यो । "कोधोपि देवेन वरेन तुल्य" भन्ने उक्तिले म साह्रै गद्गद् भएँ । क्रमैले

CC-0. In Public Domain. Digitization by eGangotri

म बागलुङ पुगेर लेखापरीक्षण गर्न लागें । पुराना कवि र कविता नामक पुस्तकमा उल्लेख भएका पण्डित मेघराज पन्तको संझना भयो । त्यस सम्वन्धमा सोधखोज गर्न लागें । पण्डित मेघराज पन्त बागलुङ गैन्हा गाउँमा हुनुहुँदो रहेछ । गैन्हा भनेको त सान्है उकालोमा पर्दो रहेछ । त्यस बखत उहाँको वृद्ध अवस्था भैसकेको रहेछ । शनिवार विदाको दिन पारेर म गैन्हा गाउँ सोध्दै-खोज्दै उक्लन लागें । जावौं जावौं निकै उकालो सान्है कठिन भयो । बल्ल बल्ल सोध खोज गरेर म उहाँको घरमा पुगें । यथायोग्य सत्कार भए पछि मैले उहाँसगँ इतिहास शिरोमणि बाबुराम आचार्यसँग भएको कुरा संझना गराएँ । त्यसपछि *उहाँले एउटा नेपाली कागतमा खयर मसीले लेखेको बेरिएको कागज "यही हो वीरशाली पन्तको कविता" भनेर देखाई दिनुभयो । त्यो वेरुवा कागत निकै लामो थियो । जतन साथ राखेको देखिन्थ्यो । त्यसका अन्त्यमा हरिप्रसाद पन्तले लेखेको भन्ने कुरा देखें । सो हरिप्रसाद पन्तले लेखेको कुरा केरेर वीरशाली पन्तले लेखेको भन्ने पनि देखियो ।* त्यो वहीबाट मलाई शंका लाग्यो । मलाई यो राष्ट्रिय अभिलेखालयमा राख्न पर्छ भन्ने मनमा लागेको थियो । त्यस बखत मेघराजजीसँग सो कुरा गर्न सकिनँ । म त्यसै फर्कें ।

त्यस बखत लमजुङ् उदीपुरका मीनदेव जोशी म सँग हुनुहुन्थ्यो । उहाँले भन्नुहुन्थ्यो वीरशाली पन्त चिती स्याउतका हुन् । अहिले बागलुङ निवासी पन्तहरू बागलुङका हुन् भन्छन् । मलाई यस कुराले मनमा अनेकौं तर्कहरू खेल्न लागे । स्याउतका पन्तहरूको अझतक अन्त्यमा शाली नाम राख्ने चलन छ, जस्तै ताराशाली, गुरूशाली, तर्कशाली इत्यादि । अब यहाँ प्रश्न उठ्छ, हाम्रा प्राचीन कवि वीरशाली पन्त बागलुङ गैन्हा गाउँका हुन् कि चिती स्याउतका हुन् ? यस कुराको यथार्थ परिचय लिन मेरो मनमा लागेको थियो । मेरो जागीरको अन्त्यतिर तत्कालीन चितवन शिवनगर पञ्चायतमा म खेतीपाती गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

गएको थिएँ । त्यहाँ स्याउत निवासी गुणशाली पन्तसँग मेरो भेट भयो । प्रसङ्गमा कुरा हुँदा गुणशाली पन्त भन्नुहुन्थ्योः वीरशाली पन्त हाम्रा वंशका आदि पुरूष हुन् । यही वंशको एक हाँगा पाल्पा नरेशको गुरू हुन पुगेका थिए । स्वामी महाराज रणबहादुर शाहले पाल्पा नरेश पृथ्वीपाल सेनलाई पाटन दरवारमा ल्याएर कैद गरेपछि पाल्पा नेपाल पाइँदैन । यता शास्त्रदत्त पन्तले मलाई देखाइदिनु भएको एक पत्रमा यस्तो उल्लेख भएको छ ।

"श्री कुमारी।

फत्ररखत दादै हिरा नाथ जोगी अग्रिम हिद्र सिं प्रधानलाई पूर्व पट्टिको मराडलीको रकम रूपिया १,००१ को वीरशाली पण्डितलाई धन जमानी लिइ दियाको हो कबुलियत बापतका रूपिया जमानीबाट दाम भरि पायाँ फत्ररखत दियाँ काल कला भै भगडा नास्ती यस वातका साछी उफदरखाजा विचारी पंच इति संवत् १८७६ साल मिति पौष ४ रोज १ शुभम्"

यो पत्रका शब्दहरू मैले राम्ररी बुझ्न सकिनँ । केवल यति बुझिन्छ संवत् १८७६ साल पौष ४ रोज १ सम्म वीरशाली पन्त त्यहाँ रहेछन् सो पत्रबाट यो कुरा निश्चय गर्न सकिन्छ । उनी सो पत्रमा उल्लेख भएका वीरशाली पन्त कवि थिए वा थिएनन् निश्चय गर्न सकिने कुरा होइन । यस्ता नामका पन्तहरु स्याउतमा पनि थिए ।

मलाई कता कता संझना छ कवि नाटककार बालकृष्ण समसेर भन्नु हुन्थ्यो वीरशाली पन्त वैष्णव थिए । उनले मथुरा वृन्दावनमा गएर ज़ीवन बिताए । त्यस्तै पण्डितराज सोमनाथको पनि यस्तै मिल्दो जुल्दो कुरा थियो अर्को कुरा चिती स्याउतका पन्तहरू वैष्णव संप्रदायका देखिदैनन् । उता बागलुङ निवासी पन्तहरू वैष्णव संप्रदायमा गएका मलाई थाहा छैन । बागलुङतिरका अरू ब्राह्मणहरू वैष्णव संप्रदायमा गएका देखिन्छन् । शास्त्रदत्त पन्तबाट पाएको उक्त कागजले भने वीरशाली पन्त बागलुङकै हुन् भन्न सकिन्छ । उनी कवि थिए वा

CC-0. In Public Domain. Digitization by eGangotri

थिएनन् सो कागतले केही भन्न सकिने कुरा होइन । लिखित वंशावली पाए त्यस कुराको निधो हुँदो हो । अहिले प्राध्यापक ठाकुर पराजुलीले पनि वीरशाली पन्तका कविता बारेमा हालै मसँग सोधखोज गर्नु भएको थियो । मेघराजजीका सन्तानहरूबाट सोधखोज गरेर सो कविता पत्ता लगाई राष्ट्रिय अभिलेखालयमा पठाइ दिए । नेपाली साहित्यमा अन्वेषण गर्ने व्यक्तिका लागि र नेपाली साहित्यका प्राचीन कविहरूको कविता रसास्वादन गर्ने व्यक्तिका लागि अत्यन्त उपयोगी हुने थियो ।

साभार : टुकराज मिश्र
'गोरखापत्र' वर्ष ८३, २०५० वैशाख २६ गते शनिवार परिशिष्टाङ्क

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त बागलुङ्का हुन्

आदिकवि भानुभक्त पूर्वका नेपाली साहित्यका दर्जनौं पुराना कविहरूमा सुवासनन्ददास, शक्तिवल्लभ अर्याल, इन्दिरस, वसन्त शर्मा, रघुनाथ भट्ट, यदुनाथ पोखरेल, विद्यानन्दकेशरी, उदयानन्द अर्याल, हीनव्याकर्णी- विद्यापति, वीरशाली पन्त, गुमानी र लक्ष्मीपति आदि नाउँका कविहरू पाइन्छन् । पुराना कविहरूमा वीरशालीको नाउँ नसुन्ने नेपाली आज कमै होलान् । तर उनको बारेमा चासो राख्ने पहिलो ब्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य नै हुन् । यद्यपि नेपाली साहित्य र साहित्यकारहरूको सम्बन्धमा खोजी गरी तिनलाई प्रकाशमा ल्याउने जस्तो उच्च काम नेपाली साहित्यको इतिहासमा सर्वप्रथम युवाकवि मोतीराम भट्टज्यूबाट थालनी गरेको देखिन्छ तापनि उनको खोजीमा न वीरशाली पन्तको नाउँ उल्लेख गरेको पाइन्छ न त प्रेमनिधि पन्तको नै । साँच्चै भन्ने हो भने यी दुई कवि राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्न सक्ने खालका देखिन्छन् ।

त्यस सम्बन्धमा इ.शि. बाबुराम आचार्यज्यूले जग बसालेको चौतारीमा सूर्य विक्रम ज्ञवालीज्यूले ईटा थपि दिने काम गर्नुभएको पाइन्छ । यी दुवै विशिष्ट विद्वानहरूको अनुसन्धानबाट वीरशाली पन्तका बारेमा अनुसन्धान गर्न एउटा आधारशिला निर्माण भएको छ । सो आधारशिलाबाट यी कवि वीरशाली पन्तका सम्बन्धमा अधिकांश उत्तरवर्ती अनुसन्धाताहरू आजसम्म पनि बाबुराम आचार्यकै विचारमा केन्द्रित रहेको पाइएका छन् भने उनको विषयमा कमल दीक्षित, जगदीशचन्द्र रेग्मी, डा. तारानाथ शर्मा, यज्ञराज सत्याल आदि प्रवृतिका नेपाली अन्वेषकहरूले आ-आफ्नो धारणालाई कायमै राखी आएका

CC-0. In Public Domain. Digitization by eGangotri

छन् ।[1] तसर्थ कवि वीरशाली पन्तका सम्बन्धमा हालसम्म पाइएका इतिहास शिरोमणि, भाषाविद्, चिन्तक, अन्वेषक तथा मूर्धन्य साहित्यकारहरूबाट अभिव्यक्त गरिएका अवधारणाहरू सर्वप्रथम प्रस्तुत गर्न चाहन्छु, जुन यसप्रकार छन् :-

१. "वीरशाली पन्तका कृष्ण चरित्रको बडो प्रशंसा सुनिएको थियो । उनका नाति पण्डित मेघराज पन्तले बागलुङबाट उक्त पुस्तकको प्रतिलिपि पठाई दिने वचन दिनु भएको थियो, तर न उहाँले मानिसका साथ पठाउन सक्नु भयो, न मैले मानिस पठाएर ल्याउन सकें ।"

इतिहास शिरोमणि बाबुराम आचार्य

(पुराना कवि र कविता-०५३)

२. "कवि वीरशाली पन्तका श्री कृष्ण चरित्रको चर्चा पं. वीरेन्द्रकेशरीले गरेका छन् । यी पन्त कविको वासस्थान पर्वत, बागलुङ थियो भन्ने निजका वंशधरहरूबाट पत्ता लागेको छ । पं. वीरेन्द्रकेशरीले कृष्णचरित्र हेर्न पाएका थिए रे, तर उक्त पुस्तक आज सम्म फेला परेको छैन ।"

ऐ ऐ पुराना कवि र कविता-०५३

३. "वीरशालीका नाति पण्डित मेघराज पन्तको बागलुङमा पत्ता लाग्दा लाग्दै पनि हामीले वीरशाली पन्तको चिमारी र कृतिहरूबाट बन्चित रही रहनु पर्‍यो । जुन कुरा पत्र व्यवहारबाट पनि टुङ्गो लाग्न सक्थ्यो, त्यस तर्फ विशेषज्ञहरूले ध्यान नदिनु पनि कम उदेक लाग्दो छैन ।"

प्रा. बालकृष्ण पोखरेल

(नेपाली भाषा र साहित्य- ०२१ रत्न पुस्तक भण्डार)

४. "वीरशालीहरू पाल्पाली राजाका पुरोहित थिए । पाल्पाको पतन पछि भागेर भारततर्फ लागे, त्यसैबेला वीरशालीले वैष्णव विचारका कविता रचे । पछि वीरशालीका सन्तानहरू कोही नेपाल फर्के, केही

१. डा. गोपालप्रसाद भण्डारी- प्रागभानुभक्तीय नेपाली काव्य, ने.रा.प्र.प्र.-०५३, पृष्ठ १९५

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमै रहे । वीरशालीका अन्य कृतिहरू पनि भेटिन सक्छन् ।"

धर्मशाली पन्त
प्रस्तोता : प्रा. बालकृष्ण पोखरेल
(ऐ ऐ नेपाली भाषा र साहित्य-०२१)

५. "हाम्रा प्राचीन कविहरूमा वीरशाली पन्तको नाउँ पनि आउँछ । उनी बागलुङका कवि थिए । उनी वैष्णव सम्प्रदायमा गए पछि भारतको मथुरा, वृन्दावनमा बाँकी जीवन बिताए ......"

बालकृष्ण सम
प्रस्तोता : प्रेम छोटा
(बागलुङमा उहाँको सम्मानमा आयोजित
स्वागत समारोह (०३०/११/३० मसान्त) मा व्यक्त
मौखिक उद्‌गार, बागलुङ)

६. "*श्री कुमारी*

फारख दादै हिरानाथ जोशी अग्रिम हिद्र सिं प्रधानलाई पूर्व पट्टिको मराडलीको रकम रुपिया १,००१ को वीरशाली पण्डितलाई धन जमानी लिई दियाको हो कवुलियत वापतको रुपिया जमानी बाट दाम भरि पायाँ फारखत दियाँ कालकला भै झगडा नास्ती यस बातका साँछी डफदरखाना विचारी पंच इति सम्वत् १८७६ साल मिति पौष ४ रोज १ शुभम् ।"

प्रस्तोता : डा. शास्त्रदत्त पन्तद्वारा प्राप्त
बागलुङ

७. "धवलागिरि अञ्चलको बागलुङ र आसपास अर्थात छेउ छाउका इतिहास अत्यन्त महत्वपूर्ण छ । विशेष गरि शाके १६ शताब्दीका प्रेमनिधि पन्तका १६ वटा संस्कृतका ग्रन्थ ... ... अत्यन्त महत्वपूर्ण छ । वीरशाली पन्तको 'कृष्ण चरित्र' ले पनि नेपाली भाषाको इतिहासमा महत्वपूर्ण स्थान राख्दछ आदि ...."

डा. स्वामी प्रपन्नाचार्य
(रत्नश्रेष्ठ पुरस्कार संस्थानको अभिलेखबाट)

८. "वीरशाली पन्त : जन्म १८६० तिर, कृति कृष्ण चरित्र

CC-0. In Public Domain. Digitization by eGangotri

फेला परेको छैन । हाल 'विमल-बोधानुभव' काव्य फेला परेको छ ।"

कमल दीक्षित

वरिष्ठ अन्वेषक, बुँइगल-०३४

९. श्री लामदिकुल भुषणाढनधः
श्री वीरशाली स्मृति भूमि सम्भव
धौलागिरि - ख्यात - प्रदेश - दीपक
स्व. श्री - "जगन्नाथ - गुरू सुशिक्षक

'किञ्जल्क'

साभार : पण्डित जगन्नाथ उपाध्याय-स्मृति ग्रन्थ-०४९

१०. "धवलागिरि अञ्चलको सदरमुकाम बागलुङ नगरीको आसपासमा रहेको मूलपानी गाउँमा नेपाली साहित्यकाशमा उदीयमान पुराना कवि वीरशाली पन्तको जन्म भएको थियो उनी कृष्णभक्त कवि थिए ।"

टीकाराम बाँस्तोला

भू.पू. क्याम्पस प्रमुख, बागलुङ

(पं. जगन्नाथ उपाध्याय-स्मृति ग्रन्थ-०४९)

११. "मथुरा वृन्दावनमा बस्ने वैष्णव साधु वीरशाली पन्तका पनाति[२] मेघराज पन्तसँग यिनको श्रीकृष्ण चरित्र छ भन्ने सूचना सम्म हामीलाई श्री बाबुराम आचार्यबाट प्राप्त भएको छ । सूर्य विक्रमको मतमा 'गोपिका स्तुति' र 'द्रौपदी विलास' यिनैका कृति हुन् प्रा. पोखरेल ज्ञवालीको विचारसँग सहमत हुनुहुन्छ ।"

डा. चूडामणि बन्धु

(अन्वेषक-साझा कविता-०४९)

१२. "पुराना लेखक प्रेमनिधि पन्त र कवि वीरशाली पन्त हाम्रै अञ्चलका हुन्, वीरशाली पन्त नि श्चित रूपमा हाम्रा हुन् । कुमाउ गढ तिरका भनिएका प्रेमनिधि पन्तको घरबास पनि यही भएको केही आधार फेला पर्न थालेका छन् ......"

बालकृष्ण नेभा

सह-प्राध्यापक

(साहित्यको सन्दर्भमा धवलागिरि अञ्चल)

---

२. मेघराज पन्त वीरशाली पन्तका नाति हुन् पनाति होइनन् । हेर्नुहोस् वंशावली तालिका

CC-0. In Public Domain. Digitization by eGangotri

१३. "इतिहास प्रसिद्ध अमर साधक प्रेमनिधि पन्त तथा वीरशाली पन्तका शिल्पकौशलद्वारा गाँडचास गरी सुकुमार्य तुल्याइएका साधना विशिष्ठताको शिरोमणि धवलागिरि अञ्चल (विशेषत : शालग्राम क्षेत्र) का साहित्य उत्थानमा कुसुमित सप्तरंगी झंकार वर्तमान सन्दर्भमा विवेचित हुन जान्छन् ।"

पूर्ण प्रकाश नेपाल यात्री
अभिलेख वरिष्ठ अन्वेषक
(र.श्रे. पुरस्कार गुठीको अभिलेखबाट)

अहिलेसम्म प्राप्त हुन सकेका माथि उल्लिखित विशिष्ठ विद्धानहरूका मतैक्यबाट करिव करिव वेपत्ता हुन लागेका प्राथमिक कालका कवि वीरशाली पन्तका बारेमा विभिन्न अनुसन्धाताहरूबाट खोज अनुसन्धानको कार्य हुँदै गरेका देखिन्छन् तापनि उक्त अवस्था सम्म वीरशाली पन्तलाई फेला पार्न सकेकाले नै उनका सम्बन्धमा चर्चा परिचर्चा गर्न पाइरहेका छौं । यस बारेमा उनका पुर्ख्यौलीहरू प्रथमतः कहाँबाट आएर बसोवास गरेका थिए भन्ने कुरा काली गण्डकी (बागलुङ बजारको उत्तरबाट पूर्वतिर बगिरहेकी गण्डकीको वाया तर्फको निह्रे भन्ने ठाउँमा) को तटमा अवस्थित लक्ष्मीनारायण मन्दिरमा उल्लेखित शिलालेखबाट स्पष्ट हुन्छ । जुन यसप्रकार छ :

"प्रयाग वसति : श्री मानिन्द्र : कविता : सुधी :
नव तस्याड्मवन् पुत्रा विद्वांसः सर्व एवते ।।
तेणा कनीयान् पुत्रस्तु रमापति रिति श्रुत :
निर्मित तेन रूचि रमिन्दि पति मन्दिरम् ।।"

उक्त शिलालेखबाट पन्त परिवार भारतको प्रयाग ठाउँमा वासिन्दा देखिन्छन् । इन्दिरापतिका नौ भाइछोरामा आठौं र नवौं लक्ष्मीपति र रमापति नेपालको उत्तरी हिमवत् क्षेत्रमा अवस्थित मुक्तिनाथ दर्शनार्थ नेपाल आए । मुक्ति क्षेत्रको दर्शन पश्चात् फर्कदा कृष्णा गण्डकीको किनार निरको ठाऊँ मन पारेको हुँदा र तत्कालीन राजाबाट केही जग्गा

CC-0. In Public Domain. Digitization by eGangotri

जमिन समेत प्राप्त गर्न सफल भएका हुँदा उनीहरू त्यही बागलुङ भन्ने ठाउँको कृष्णा गण्डकीको तटमा बसेका उक्त सो शिलालेखबाट स्पष्ट भएको कुरा डा. स्वामी प्रपन्नाचार्यले उल्लेख गरेका छन् ।

नाथु पन्त र भगी पन्त परिवारका प्राप्त वंशावली मध्येमा तिनका मूल पुर्खा हरिहर पन्तलाई लिइन्छ । उनी पछिका उनका सन्तानहरूलाई विभिन्न हाँगाहरूमा विभाजन गर्न सकिन्छ । विस्तृत विवरण सहितको वंशावली यसको अन्तिम परिशिष्टाङ्कमा उल्लेख गरिएको छ ।

प्रेमनिधि पन्त, उनी र उनका हाँगा तर्फ आजसम्म कसैबाट उल्लेख गरेको पाइदैन् । तापनि डा. स्वामी प्रपन्नाचार्यले उनका १६ वटा संस्कृतका महत्वपूर्ण गन्थहरू मध्ये उनकी श्रीमतीद्वारा **प्रायश्चित प्रदीप**[३] पुस्तकको नेपाली भाषामा अनुवाद गरेकी छिन् भनी उल्लेख गरेका छन् । उक्त प्रायश्चित प्रदीप पुस्तकको रचना काल वि.सं. १७८८ भनी प्रा. बालकृष्ण पोखरेल (नेपाली भाषा र साहित्य-०२१) ज्यूबाट उल्लेख भएको पाइन्छ । त्यस बाहेक प्रेमनिधि पन्तका सन्तानका सम्बन्धमा अन्य जानकारी हुन सकेको छैन ।

पं. ज्वालाराज पन्तका खनाति (चारपुस्ता पछिका) दोभान महाकाव्यका काव्यकार भरतराज पन्त हुनुहुन्छ । उहाँले रत्न-श्रेष्ठ पुरस्कार गुठी (संस्थान), बागलुङलाई मिति २०४२ पौष ४ गते लेखी पठाउनु भएको प्राप्त पत्र अनुसार वि.सं. १८०५ सालमा ज्वालाराज पन्त र सुकीर्तिदत्त पन्त दुई भाइ नीलदेव शास्त्रीका साथमा काठमाडौं गएको प्रमाण रत्न-श्रेष्ठ पुरस्कार गुठीमा सो पत्र सुरक्षित छ ।

हाल सम्म काठमाडौं लगायत अन्य ठाउँहरूमा बसाई सरेकाहरूमा अर्थविद डा. यादवप्रसाद पन्त, डा. शास्त्रदत्त पन्त, पं. हयग्रिव पन्तका पुत्र सह-प्रा. यादवप्रसाद पन्त तथा अन्य उच्च

३. डा. स्वामी प्रपन्नाचार्यद्वारा अभिव्यक्त अभिलेखमा लिखित उद्‌गार रत्न-श्रेष्ठ पुरस्कार गुठी र पुस्तकालयमा सुरक्षित छ।

CC-0. In Public Domain. Digitization by eGangotri

पदस्थ पन्तहरू उनैका सन्तान दरसन्तान भित्र पर्दछन् । तिनले वीरशाली पन्तका सन्तान भनाउनमा गौरव ठान्दछन् ।

माथि उल्लिखित यथेष्ठ आधार र पन्त परिवारका प्रस्तुत परिशिष्टाङ्कमा उल्लेखित पुर्ख्यौली वंशावली (नालीवेली) समेतको सवुद् प्रमाणबाट वीरशाली पन्त बागलुङ (हाल मूलपानी, बा.न.पा. वडा नं. ६ गैऱ्हगाउँ ढिकीचौर, सिम) का कवि हुन् भन्नमा कुनै सन्देह नै रहदैन ।

चर्चामा आइसकेका कवि वीरशाली पन्तलाई **वीरशाली पन्त कहाँका हुन् ?** (गोरखापत्र वर्ष ९३, ०५० वैशाष २६ गते शनिवार परिशिष्टाङ्कमा प्रकाशित) भनी मूल शीर्षकको लेखमा लेखक पं. टुकराज मिश्रले वीरशाली पन्तको जन्मस्थल उपर शंका प्रकट गरी आफ्नो छुट्टै विचार प्रस्तुत गर्नु भएको छ । शंका वा तर्क हुन जानु स्वाभाविक नै हो, तर विद्वान अन्वेषक मिश्रज्यूको विचारसँग कुन हद सम्म म सहमत हुन पुग्दछु भने उहाँको प्रकाशित लेखको शुरूका हरफ नेपालका प्राचीन कविहरू.............

त्यस बखत मेघराजजी सँग सो कुरा गर्न सकिन । म त्यसै फर्के । अर्थात (६२ हरफ सम्ममात्र हेर्नुहोस् उक्त गोरखापत्र परिशिष्टाङ्कमा) वीरशाली पन्तकै खोजीको सिलसिलामा यसका पंक्तिकार स्वयम् पनि २ ०३४ सालमा गैऱ्हगाउँमा पुगेको थियो, तर त्यसबेला सम्म मेघराज पन्त स्वर्गवास भैसकेको हुँदा 'खयर' मसीले लेखेको बेरूवा कागत न मैले हेर्ने मौका पाएँ, न देखाउने काम नै गरे । सो समयमा पनाति शि. उदयराज पन्तका घरमा आइमाई केटाकेटी मात्र थिए । त्यत्तिकैमा फर्केको थिएँ ।

जहाँ सम्म बागलुङका पन्तहरूका 'शाली' नाम सँगको प्रश्न छ । मूलनामको अन्त्यमा उक्त नाउँ राख्ने चलन लमजुङ चिती स्याउतका पन्तहरू मात्र देखिन्छन् । वागलुङका पन्तहरूमा (सो शाली नाम राख्ने चलन) अद्यापि कसैमा देखिदैन भन्ने जुन भनाई छ, त्यो सत्य पनि हो । वावुको नामको पछाडि शाली नाम थियो तसर्थ उनका सन्तानहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

नामका अन्त्यमा सोही अनुसार हुनुपर्छ भन्ने कुनै बाध्यता छैन । उदाहरणका लागि हाम्रा आदिकवि भानुभक्त आचार्यका बाजे श्रीकृष्ण आचार्य हुनुहुन्थ्यो । उहाँका छोरा धनन्जय, धनन्जयका छोरा भानु आचार्य, भानुका छोरा रमा आचार्य क्रमशैले हुनु पर्नेमा भानुको अन्त्यमा भक्त र रमाको अगाडि नाथ नाउँ आदि उनका सन्तानहरूमा स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ र नेपाली साहित्यको इतिहासमा बाबु पछिका (एकाध जनालाई छोडेर) सन्तानहरूमा (नाम कमाएका) कविहरूको संख्या नै कति पाइन्छन् ? तापनि वीरशाली पन्तका सन्तानहरूमा ज्वालादत्त पन्त[४] (ज्योतिका विद्वान), सुकीर्तिदत्त[५] (साहित्यका विद्वान), लक्ष्मीदत्त पन्त "इन्दु" संस्कृत र अन्य भाषाका ज्ञाता र मोती मण्डली भित्रका कवि, १९५८ मा उनकै सम्पादनमा प्रकाशित "संगति चन्द्रोदय" पुस्तक म.पु.पु. मा रहेको पाइन्छ । भरतराज पन्त[६] (महाकाव्यकार), मेघराज पन्त (संस्कृत साहित्यका कवि), पं. हयग्रिव पन्त र डा. शास्त्रदत्त पन्त आदि कवि लेखकहरू भएको पाइन्छ ।

मिश्रज्यू चितवन, शिवनगर स्थित आफ्नो खेती पाती गर्नका लागि जानु भएको समयमा त्यहाँ स्याउत निवासी गुणशाली पन्तसँग भेट्दा उहाँलाई निज पन्तले "वीरशाली पन्त हाम्रा वंशका आदि पुरूष हुन् । यही वंशका एक हाँगा पाल्पाली नरेशका गुरू हुन पुगेका थिए ...... वीरशालीका रचनाहरू अहिले पाइदैनन्" आदि बताइएको कुरा सो लेखमा उल्लेख छ तर मेरो विचारमा गुणशाली पन्तका उक्त भनाइ स्वयम्मै विरोधाभास भएको देखिन्छ किनकि वीरशाली पन्त भन्दा पूर्व उनका पुर्खाहरू पनि रहेछन् भन्ने प्रष्ट जानकारी उक्त पुर्ख्यौली

४. ज्वालादत्त पन्तद्वारा लिखित- "पञ्चाङ"

५. सुकीर्तिदत्त पन्तद्वारा लिखित- "कार्तवीर्योदय संस्कृतको महाकाव्य (राष्ट्रिय अभिलेखालयमा)

६. भरतराज पन्तद्वारा लिखित- "दोभान (महाकाव्य), उर्लेको आँशु, जूनकिरी, तपस्विनी, हातको तकिया र शैलपर्दा आदि ग्रन्थहरू

CC-0. In Public Domain. Digitization by eGangotri

तालिकाबाट छर्लङ्ग हुन्छ ।

अर्को कुरा गुरू र पुरोहित बन्ने जस्ता बूँदाहरूमा गुणशाली पन्त र धर्मशाली पन्त (बालकृष्ण पोखरेल नेपाली भाषा र साहित्य-०२१) को मत करिव एउटै भेटिन्छ । सो विषयमा पनि त्यस समयको परिस्थिति, भौगोलिक विकटता र यातायातको हिसाबमा कुनै नाम निसाना नभएको अवस्थामा १६ औं शताब्दीका पाल्पाका राजा मुकुन्द सेनको पालादेखि पश्चिम भेग (बागलुङ) का वासिन्दाहरूका लागि साँस्कृतिक, धार्मिक प्रशासनिक लगायत अन्य वैवाहिक कार्यसमेत गर्नाका निमित्त पाल्पा-बुटवल (तराइ खण्ड) जति नजिक पर्न जान्थ्यो (हाल त यातायातको सुविधा पूर्व तर्फ बढेको छ) त्यति पूर्व तर्फ कास्की, पोखरा र लमजुङ सँग हुन नसकिएको कारणले गर्दा वीरशालीका एक हाँगा पाल्पाली राजाको पुरोहित बन्न पुगेको तर्कयुक्त देखिन्छ । त्यसो त पन्तहरू अर्का हाँगा लमजुङको आसपासमा नगएको भन्न पनि सकिन्न । बरू त्यतातिर बस्ने पन्तहरूले भने शाली नाम कायमै राखेको मान्न सकिन्छ ।

उपनाम सम्बन्धमा वि.सं. १८१० तिर अर्थात करिब ५० वर्ष पहिले पं. शक्तिवल्लभ अर्यालद्वारा लिखित "जयरत्नकार" नाटकमा आफ्नो थर अर्यालको ठाउँमा "भट्टचार्य" त्यस्तै वि.सं. १८६८ मा जन्मेका रघुनाथ पोखऱ्यालको बदलामा "भट्ट" लेखी आफ्नो थर बदलेर उपनाम राख्ने चलन त्यस बखतमा समेत चलन चलेको देखिन्छ । तिनै ताकमा जन्मेका वीरशाली पन्तले भने आफ्नो थर नबदलिकन बरू भविष्यमा तिनै नामका अरू पन्तहरू पनि हुन सक्छन् भन्ने महसुस गरी आफ्नो मूल नामको अन्त्यमा "शाली" उपनाम राखेको हुन सक्छ । जुन कुरा उनैका सन्तान मध्येका कवि लक्ष्मीदत्त पन्तले "इन्दु" उपनाम राखेको उदाहरण फेला पर्दछ । यसर्थ "वीराविशालीको अर्थ हो सिरानमा वीर भएको शाली" । यस भनाईबाट सो नाम सार्थक भएको पनि देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

इन्दिरस र वसन्त एकै समयमा भएका देखिन्छन् । तिनीहरूको जन्म पत्ता लाग्न सकेको छैन । वि.सं. १८६३ मा विद्यारण्यकेशरी र वि.सं. १८६८मा रघुनाथ पोखऱ्याल जन्मे । यसै समयका अर्का कवि वीरशाली पन्त वि.सं. १८६० तिर (१०/१२ वर्षको फरकमा) जन्मे भनी अन्वेषक कमल दीक्षित (बुँइगल्-०३४) ज्यूको खोजीमा देखिन्छ । यता डा. शास्त्रदत्त पन्तज्यूको वि.सं. १८७६ पौष ४ रोज १ को माथिको प्रस्तुति पत्र र वि.सं. १८६० (वीरशाली पन्तको जन्मकाललाई मिलाई हेर्दा वीरशाली पन्त गैन्हगाउँ ढिकीचौरमा नै जन्मेको पुष्टि मिल्न आउँछ । अर्थात तत्कालीन अवस्थालाई विचार गर्दा १५/१६ वर्षको काँचो उमेरमा (वीरशाली) धनजमानी जस्तो कागजमा साक्षी बसी, हस्ताक्षर गरी दिनु जस्ता कुराले कानुनी दृष्टिमा न्याय संगत देखिन्छ वा देखिन्न त्यो कुरा आफ्नै ठाउँमा छ तर उनी वि.सं. १८४८[७] सालमा जन्मेको कुरा उनका नाति मेघराज पन्तको टिपोटमा उल्लेख गरेको पाइन्छ जुन टिपोट मेघराज पन्तको छोरा वा पनाति उदयराज पन्तले यसका पंक्तिकारलाई देखाउनु भएको ताजा सम्झना छ । जब कि धनजमानी भइ ऋण तिरी दिंदा वा वस्दाको मिति तक उनी कम्तीमा २५/२६ वर्ष पुगेको कुरा पन्त स्वयम्द्वारा रू १०० रूपैया ऋण साहू सानु पाध्यासित दयाराम पन्थले लिएको उक्त रूपैया तिरी दिएको हस्ताक्षरीत पुरानो पत्र श्री ओमकारप्रसाद गौचनले यसका पंक्तिकारलाई दिनुभएको प्रमाणित पत्रको नमुना यसप्रकार छ :-

"स्वस्ति श्री संवत् १८७७ साल मिति चैत्र वदि रोज २ लिखित सानु पाध्या लामगाद्यामा आगे दयाराम पंथले हाम्रा रूपजा १०० ऋण लियाका हुन् वीरशाली पंडितले तिऱ्या मैले भरि पाजा फरिती लेखी दिजा एस वातका साक्षी त्रिलोचन लोहनी जगन्नाथ कउरिया हरिवंश गोताम्या रथ्या लामगाद्या शुभम्"

वीरशाली पन्त कवि हुन् कि होइनन् भन्ने सम्बन्धमा भाषाविद् प्रा. बालकृष्ण पोखरेलज्यूको अनुसन्धानबाट फेला पर्न गएको साढे

---

७ वीरशाली पन्तका सन्तान मेघराज पन्तद्वारा लिखित टिप्पणीमा वीरशाली पन्तको जन्म वि.सं. १८४९ सालमा उल्लेख गरेको पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अठासी श्लोक वीरशालीका (उनका) हस्ताक्षरबाट लेखिएको "विमलवोधानुभव" मौलिक ग्रन्थ यसको ठोस् प्रामाणिक आधार हो । सो ग्रन्थ शिखरिणी छन्दमा लेखिएको काव्य हो । यसमा सर्गहरू छन् सर्गहरूलाई तरङ्ग भनिएको छ । यसमा ६ तरङ्गमा वर्गीकरण गरिएको पाइन्छ । पहिलो तरङ्गमा एघार, दोस्रोमा साढे सात, तेस्रोमा चौध, चौँथोमा एघार, पाँचौमा सात, छैटौंमा अठतीस तरङ्गका श्लोकहरू छन् भन्ने पोखरेलको भनाइ छ । पोखरेलका अनुसार वीरशाली पन्तकृत यो हस्तलिखित ग्रन्थ हाल मदन पुरस्कार पुस्तकालयमा सुरक्षित छ । जुन ग्रन्थको प्रथम सिलोक यस प्रकार छ :

"मनः प्राण ज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सव चैतन्य भरुि छन्
यही बोध् बूझीन्या अति विमलवोधानुभव यो
वनाहुंदामा श्रीहरिचरण मात्रै शरण छन्"

साभार-"विमलवोधानुभव"

प्रस्तुत सिलोकमा भगवान विष्णुको आध्यात्मिक गुनगान गरिएको पाइन्छ । ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन, शरीर आदिबाट जड र चेतनको वोध हुन सक्तछ भने उल्लेख गरिएको बुझिन्छ । अनुसन्धानको सिलसिलामा काम विशेषले गैन्हा गाउँ बागलुङसम्म आई पुग्नु भएका भाषासेवी टुकराज मिश्रज्यूलाई वीरशालीको नाति मेघराज पन्तले नेपाली कागतमा खयर मसीले लेखेको (बेरिएको मुठी) कागतलाई 'यही हो वीरशाली पन्तका कविता' भनी देखाई दिनु भएको वा फेला पार्नु भएका कागतको अन्त्यतिर हरिप्रसाद पन्त लेखेको अक्षरलाई केरेर वीरशाली पन्त लेखेको भनी ती अक्षरहरू यद्यपि किन नलेखिएको होस्, त्यस मौकामा फेला परेका उक्त बही कवित्ता खाता भित्रका दुई चार श्लोक तत्कालै सार्नु भएको भए सारिएको केही श्लोक हालै मात्र गोरखापत्रमा प्रकाशित उहाँको लेखमा उल्लेख (साभार) गरिदिनु भएको भए अहिले स्पष्ट रूपमा उक्त खाता भित्रका गुदी वीरशालीको हो वा

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य कसैको हो भनी निधो गर्न सजिलो पर्थ्यो तर त्यो बही यदि वीरशालीको कविता मानी ठहर हुँदो हो त प्राचीन नेपाली साहित्यको इतिहासमा उहाँको अर्को थप ग्रन्थ बन्ने थियो । त्यो पनि त्यत्तिकै रह्यो ।

त्यस बाहेक वीरशाली पन्तले "कृष्ण चरित्र" नामक १२००० हजार श्लोकको महाकाव्य लेखेका छन् । उनले लेखेका १२००० श्लोक मध्ये ६ हजार संस्कृतमा, ६ हजार नेपालीमा भएका महाकाव्यको एक तृतीयांश बालकृष्ण सम, एक तृतीयांश ढुण्डिराज शर्मा (गुल्मी तमघास स्थित) र अर्को तृतीयांश उनैका पनाति (बागलुङ ढिकीचौर गैन्हा गाउँ स्थित) शि. उदयराज पन्त[८] सँगै छ भनी बालकृष्ण नेभा र शास्त्रदत्त पन्तको संयुक्त लेखमा उल्लेख भएको पाइन्छ ।[९] सो सम्बन्धमा बालकृष्ण समज्यू संवत् ०३०/११/२८-३० बागलुङ मुकाममा हुँदाको समयमा उहाँसँग न कसैले सोध्ने धृष्टता राखे न उहाँले नै कुनै संकेत गर्नुभयो । सोधिएको भए बढी स्पष्ट हुन पाइन्थ्यो कि ?

हाल सम्म चर्चाकै विषय बन्न गएका **"गोपिका स्तुति र द्रौपदी विलाप"** नामक दुई कृति पनि वीरशाली पन्तले लेखेका हुन् भन्ने इतिहासकार सूर्यविक्रम ज्ञवालीज्यूको भनाइ छ तापनि उहाँले कुनै ठोस प्रमाण दिनु भएको छैन तर गोपिका स्तुतिको निम्न प्रथम श्लोक यसप्रकार छ-

"व्रज त वेस बन्यौ तिम्रि जन्मले
लक्ष्मि छन् ज़हां तिम्रि प्रीतिले
प्रिया निहार है, प्रांण छदैछन्
तिमरि हुन् सबै खोलि गर्दछन् ।।" "विमलवोधानुभव"

माथि उल्लेखित विमलवोधानुभवको प्रथम श्लोकसँगको तुलनात्मक अध्ययनको आधारबाट उक्त दुई काव्यका श्लोकहरूमा भिन्नता पाइएको

---

८. स्व. शि. उदयराज पन्त (पनाति/स्थानीय वि.म.मा.विद्यालय वागलुङका वि.सं. ०१६-०५८ सम्मका स्थायी शिक्षक थिए।

९. हिमानी वर्ष ४, जेठ-असार ०२४ मा हेर्नुहोस्

CC-0. In Public Domain. Digitization by eGangotri

निक्योंलले "गोपिका स्तुति" कृति वीरशाली पन्तको नभएर इन्दिरसको हो भन्ने ठहर प्रा. बालकृष्ण पोखरेलको मतले पनि वीरेन्द्रकेशरी अर्याल र इ.शि. बाबुरामज्यूको विचारको समर्थनमा बल पुऱ्याएको पाइन्छ ।

वीरशाली पन्तका सम्बन्धमा एकातिर सम र ज्ञवाली जस्ता मूर्धन्य साहित्यकारहरूको शब्दबाट वीरशाली पन्त वैष्णव साधु थिए, मथुरा वृन्दावनमा बस्थे, उनी त्यहाँ महात्म गनिएका थिए । यिनका वैराग्य आएपछि जातपात मान्न छोडेको र यिनले त्याग तथा योगको दीक्षा गुल्मी रेसुङ्गाका स्वामी सन्त शशिधरबाट प्राप्त गरेका कुराको नवीन जानाकारी पाइएको छ । बाँकी जीवन उतै विताए भनी उल्लेख भएको पाइन्छ भने अर्को तर्फ प्रसिद्ध दामोदर कुण्डको कछार एवं ध्यय खोलाबाट नित्य निरन्तर बग्दै आइरहेकी पवित्र कृष्णागण्डकीको तटमा अवस्थित खुन्द्रुके भन्ने तीर्थस्थलमा धेरै समयसम्म बिताएको पाइन्छ । जहाँ भजन, कीर्तन, सत्सँग गर्नुका साथै फुर्सदको समयमा कविता कोर्ने गर्थे पछि भारतको मथुरा वृन्दावन वरसानामा गई महान तपस्वी बनी उतै देह समाप्त गरेका थिए भन्ने कुरा उनका सन्तानहरू र यस भेकका बूढापाकाहरू अझै बताउने गर्दछन् ।

"थर हो पन्त वीरशाली नाउँ
काली किनारमा छ मेरो गाउँ"

- वीरशाली पन्त

भनी वीरशाली पन्त स्वयंले आफ्नो परिचय दिदै गरेको बताइन्छ । उनी सम्बन्धी उदेक लाग्दा दैवी घटनामा आधारित रहस्यमय जनश्रुतिहरू पनि सुन्नमा पाइन्छ । यसरी अनेकौं दृष्टिकोणले हेर्दा जसले जे भने तापनि मूलतः उनी बागलुङका प्राथमिककालीन भक्तिधाराका पुराना कविहरू मध्येका कवि हुन् । उनी आशुकवि पनि थिए । वीरशाली पन्त भक्तिरसका कवि भएकाले उनका प्रायः सबै कृतिहरू भक्तिभावले ओतप्रोत भएको पाइन्छ ।

अन्तमा नेपालका प्राचीन कविहरूमा उल्लेख हुन पुगेका कवि

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्तका जति पनि अप्रकाशित मूल्यवान् कृतिहरू छन् तिनको सोध खोज गरेर प्रकाशनमा ल्याइनु पर्दछ । यसरी चर्चामा आई सकेका हाम्रा पुराना कवि वीरशाली पन्तका सम्बन्धमा उक्त उल्लिखित यतिका प्रामाणिक आधारहरू हुँदा-हुँदै पनि अन्वेषक टुकराज मिश्रज्यूले आफ्नो छुट्टै विचार प्रकट गर्नु, गराइनु स्वाभाविकै हो । तर वीरशाली पन्तसँग सम्बन्धित पक्षलाई मूल विषय बनाएर मिश्रज्यूले बागलुङवासीलाई न्यूँभाई दिनु भएकोमा उहाँप्रति अभिभूत हुँदै कृतज्ञता ज्ञापन गर्दछु । यस्ता कविका व्यक्तित्व तथा जीवनीका बारेमा अझै विस्तृत जानाकारी तथा स्पष्ट बोध हुने मौका पाउनुपर्छ भन्ने प्रस्तुत आलेखका पंक्तिकारको अभिप्राय रहेको छ ।

प्रेम छोटा

साभार : ('मधुपर्क' चैत्र ०५०, वर्ष २६, अङ्क ११ पूर्णाङ्क २९८मा प्रकाशित आलेखलाई पुनर्संशोधन सहितको प्रस्तुत आलेख)

CC-0. In Public Domain. Digitization by eGangotri

काव्य प्रतिभाका धनी वीरशाली पन्त र उनका काव्यहरु

वीरशाली पन्त प्रागभानुभक्तीय युगका कवि हुन्[1] । यिनको जन्म मितिको सम्बन्धमा हालसम्म अनुसन्धाताहरूको फरक मत पाइएता पनि उनका नाति मेघराज पन्तको टिपोट अनुसार उनी (पन्त) वि.सं. १८४८ सालमा जन्मेको ठहरिन्छ । उनको जन्म मितिका सम्बन्धमा विद्वान अन्वेषक प्रा. मोहनराज शर्मा, प्रा. डा. चूडामणि बन्धु तथा डा. गोपालप्रसाद भण्डारीको अनुमानमा वि.सं. १८४० पूर्व नै पन्तको जन्म भएको उल्लेख गरेका छन् किनकि उहाँहरूका अनुसार वि.स. १८५७ साल पछि वीरशाली पन्त गुल्मी रेसुङ्गाका स्वामी सन्त शशिधरको आश्रममा पुगेका थिए । उनै स्वामी शशिधरबाट वीरशाली पन्त त्याग तथा योगको दीक्षाबाट दीक्षित भई उनमा वैराग्यता पैदा भएको देखिन्छ भनी उल्लेख गरेका छन्[2] । हुन त १५/२० वर्षको उमेरमा पण्डित बन्न सक्ने सम्भावना हुनु स्वाभाविकै हो भन्ने भनाइ उल्लेख भएको भएता पनि उहाँहरूको अवधारणासित मेल नखाएको देखिन्छ । मेघराज पन्तको टिपोटलाई नै मूल आधार मान्नु न्याय संगत देखिन्छ । यद्यपि पन्त त्यसबेला सम्म ८/१० वर्ष पुगेको नै किन नहोस् । तर उनको मरण भने (भारतको वृन्दावन वरसानामा) कहिले भयो भन्ने किटानका साथ कसैले भन्न सकिरहेका पाइदैन र पनि वीरशाली पन्त स्वयम्ले वि.सं. १८८६ सालमा बागलुङ गैन्हा गाउँ ढिकीचौर स्थित आफ्नो

१. डा. गोपालप्रसाद भण्डारी- प्राग् भानुभक्तीय नेपाली काव्य, ने.रा.प्र.प्र.-०५३, पृ.१९४-१९८

२. प्रा. मोहनराज शर्मा- प्राथमिक कालीन पद्य, प्रा. डा. चूडामणि बन्धु- सम्पा. नेपाली साहित्यको इतिहास (प्रथम खण्ड), ने.रा.प्र.प्र.-०६०, पृ १८३-१८५

CC-0. In Public Domain. Digitization by eGangotri

हकभोगको घर जग्गा उनको काका हर्षदेव पन्तलाई भोगचलन गर्न दिएको कागतबाट यिनी त्यसबेला सम्म बागलुङमा जीवितै रहेको प्रमाणित हुन्छ । यसबाट के बुझिन्छ भने वि.सं. १८४८ देखि १८९६ सम्म अर्थात उनको उमेर करिव ४७/४८ को अनुमान गर्न सकिन्छ । अर्थात् उक्त उमेर सम्म बागलुङमै रहँदा उनी धर्मशास्त्रको पण्डित, संस्कृतका धुरन्धर विद्वान र अध्यात्मवादी भइसकेका देखिन्छन् । धर्मशास्त्रको पण्डित, संस्कृतका विद्वान र नेपाली भाषा साहित्यको पारखी प्रतिभाशाली कविका रूपमा नेपाल (राजधानी, काठमाडौं) र भारतमा समेत यिनको काव्यात्मक सुयश फैलिएको पाइन्छ ।

वीरशाली पन्तले आफ्नो जीवनको उत्तरार्ध खण्ड भारतको मथुरा वृन्दावनमा नै व्यतित गरेको पाइन्छ । यिनी हरिभक्त, कृष्णभक्त ज्ञानेन्द्रिय र जितेन्द्रिय भएकै कारण बागलुङकी प्रसिद्ध कालिका भगवती मन्दिरको ढिस्कोबाट अर्थात करिव १००० मिटर उँधो (मुनि) कृष्णागण्डकीको तट्मा अवस्थित (हाल मालढुङ्गा पूलको उत्तर-पश्चिम दिशा) खुन्द्रुके (बागलुङ नगरपालिका वडा नं.-१) भनिने पवित्र ठाउँमा गई केही काल त्यही बिताएको देखिन्छ । आफ्नो एकान्त बसाई कालमा एउटा गुफामा तपस्या गरी बस्दा सो समयमा कालिका भगवती देवी प्रकट भई उनलाई दर्शन मिलेकी र देवीबाट वर समेत प्राप्त गरेको हुँदा उनको मनोकांक्षा सिद्ध भएको जनश्रुति पाइन्छ । यसबाट के बुझिन्छ भने वीरशाली पन्त कालिका भगवतीदेवीको उपासक (भक्त) रहेछन् भन्ने कुराको ठहर हुन आउँछ । तत्पश्चात् उनले उक्त खुन्द्रुके छाडी आफ्नो शेष जीवन भारतको मथुरा वृन्दावनमा गई त्यहाँ स्थित तलाउमा तपस्या गरी बस्दा अन्ततोगत्वा उनी शीलामा परिणत भएको दैवी घटनाको यथार्थ चित्रण गरिएको उनका पनाति शिक्षक स्व. उदयराज पन्तद्वारा लिखित 'वीरशाली पन्त'[३] नामक कविताबाट प्रष्टिएको पाइन्छ । सो कविता तत्कालीन समयका मेरा श्रद्धेय गुरू स्व. उदयराज पन्त

३. प्रेम छोटा, सम्पा. धवलागिरिका कवि र कविता-०५५ पृष्ठ १४

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय विद्यामन्दिर माध्यामिक विद्यालय, बागलुङमा सोही विद्यालयमा अध्यापन सेवामा उहाँसित सँगै सेवारत हुँदा मिति ०२७ फागुन १२ गते निम्न लिखित कविता यसका लेखकलाई उपलब्ध गराइ दिनु भएको थियो । जुन यसप्रकारको छ-

वीरशाली पन्त

पूर्व मेची पश्चिम काली भित्र पर्ने देशमा
मुसिकोट, जाजरकोट बझाङको राजमा
घुम्दै फिर्दै कीर्ति छर्दै गए वीरशाली
सुशिक्षा गौरव राखी फर्के स्वदेशमा

धवलागिरि अंचलको बागलुङको ठाउँमा
जन्म लिए वीरशाली ढिकीचहुरे गाउँमा
जवानीमा चढ्दै गए, भक्ति रसमा लागे
कालिकाको मन्दिर-मुनि गए खुन्द्रुकींमा

फलफूल आहार गरे, घरबार त्यागे
विदा भए घरबाट आए कालिकामा
एउटा गुफा भित्र बसी तपस्यामा लागे
प्रकट भये भगवती उनको अगाडिमा

तिम्रो तप पुरा भयो भन्ने वर पाए
यस्तो वर जब पाए वृन्दावनमा लागे
वृन्दारण्य भित्र पर्ने पोखरीको बीचमा
तप गर्दा वीरशाली शिला पो बने ।

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्तका अधिकांश काव्य-कृतिहरू भक्तिधारा वा भक्तिरस (वाद) का देखिन्छन् । हालसम्म नवीन शोधखोज तथा अनुसन्धानको आधारमा फेला परेका उनका काव्यहरू यसप्रकार रहेका छन् :-

१. विमलबोधानुभव (भक्तिकाव्य)
२. सरस प्रेमावली (भक्तिकाव्य)
३. गोपिका स्तुति (स्तुतिकाव्य)
४. सिद्धान्त विनय (भक्तिकाव्य)
५. श्रीकृष्ण चरित्र (भक्तिकाव्य)
६. द्रौपदी विलाप (शोककाव्य)
७. राजेन्द्र शतक (स्तुतिकाव्य)
८. व्रहमतत्व मिमांसा (दर्शन)
९. भक्ति स्वरूपम् (")
१०. स्वरूप सिद्धान्त मुक्तावली (")
११. वाणोपनिषद् (काव्य)

१. विमलबोधानुभव (भक्तिकाव्य)

काव्यका प्रतिभाशाली कवि वीरशाली पन्तको पहिलो विमलवोधानुभव साढे अठासी श्लोकको काव्य कृति हो[४] । यो काव्य शिखरिणी छन्दमा लेखिएको छ । यसका सर्गहरूलाई तरङ्गको रूपमा स्वीकारिएको छ । यसमा ६ वटा तरङ्गहरूमा वर्गीकरण गरेको पाइन्छ। पहिलो तरङ्गमा एघार, दोस्रोमा साढे सात, तेस्रोमा चौध, चौथोमा एघार, पाँचौमा सात र छैठौंमा अठतीस तरङ्गका श्लोकहरू छन् । यो पहिलो कृतिमा वीरशाली पन्तले कृष्णको मूलरूप विष्णुको स्तुति राम्ररी उल्लेख गरेका छन् । यसमा भक्तिकाव्य र अध्यात्मवादको निकै मजासित वर्णन गरिएको पाइन्छ । यस छन्दलाई वलपूर्वक मिलाउन प्रयास गरिएको

४. डा. खगेन्द्रप्रसाद लुइटेल- कविता सिद्धान्त र नेपाली कविताको इतिहास, ने.रा.प्र.प्र.- ०६० पृष्ठ १८१

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ । यसमा तत्सम शब्द प्रयोगको चमत्कारिता भएको पाइन्छ । पन्तद्वारा रचित विमलवोधानुभव काव्यको ६ वटा तरङ्गहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ-

मनः प्राण ज्ञानेन्द्रीय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सव चैतन्य ळँजि छन् ।।
यही वोध् बुज्झीन्या अति विमल बोधानुभव यो
बनाहूँदामा श्री हरचरण मात्रै शरण छन्
(तरङ्ग १ : श्लोक ३)

घखियाका मेरा म पनि घखिन्यको घखिन्या हूँ
भनी यसो मेसे नबुझि भनि यो नाथ मझिले ।।
जहाँ लौ ताहाँ लौ धउ वहु पऱ्यो को झिकिघवस्
पऱ्यैको यो दुःखै फ्यरि पनि नजान्या वरिपरि
(तरङ्ग २ : श्लोक ३)

अरू दुखादिक् ती तन मन महाँ जत्ति भ्रम छन्
हुदैनन् आफूलाय् तिनीहरू घखी भिन्न आफु हो
भनी यो हुँदैनन् भनि जब भनौला त घषिन्या
म तन् देषी आफू पर छइनँ क्या ब्यर्थ सधझी
(तरङ्ग ३ : श्लोक ३)

विफ़िक्री ली फिर्नू षुसि भई जगत्मा देवि ळझी
हुनू आँफै आफू सव चटक जस्तो घषिन्य हो
भनी जन्मी मर्या जगत् ळजि देहै पनि ळुटो
बुझी तन् छुट्तामा पनि अमर आफू' छँदयि छ
(तरङ्ग ४ : श्लोक ५)

सधैं साथैं हाको तन प्रभृति देपी पर सधैं
रहँन्या जो हो त्यो सुतधन कलत्रादिक घपी
परँ जस्तैं जस्तैं तन घापि पनि भिन्न पर छ
सुती सुअना[1] घपृता तन अहि छाडी वर[2] पर

(तरङ्ग ५ : श्लोक २)

जव यो देहँलाई अजर अमरँ होस् भनिकन
अही योगादिक्ले निशदिन अती यत्न गरदा
ति योगीहरू सब कठिन बहु फेरामहँ पऱ्या
निजात्मा चीन्हयानन् हरिचरणमा प्रेम नहुँदा

(तरङ्ग ६ : श्लोक ४)

पुनश्च

१. यहाँ छन्दो भङ्ग छ

२. [illegible]

३. वर - वसना छन्दो भङ्ग छ

साभार: [illegible] (नेपाली भाषा र साहित्य-०२१)

CC-0. In Public Domain. Digitization by eGangotri

देख्ने र देखिने

(१)

मनः प्राण ज्ञानेन्द्रीय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सव चैतन्य झैंजि छन् ।।
यही वोध् बुझीन्या अति विमल बोधानुभव यो
बनाहूँदामा श्री हरचरण मात्रै शरण छन् ।।१।।

(२)

द्यखियाका मेरा म पनि द्यखिन्यको द्यखिन्या हूँ
भनी यसो मेसे नबुझि भनि यो नाथ मझिले ।।
जहाँ लौ ताहाँ लौ धउ वहु पन्यो को झिकिद्यवस्
पन्यैको यो दुःखै फ्यरि पनि नजान्या वरिपरि ।।२।।

(३)

द्यरवीयाको बुद्धी द्यखि यतातिरै जत्ति छ जगत्
तती मात्रै त्यस्ले म छु भनि त सक्तैन कहन ।।
जडाँफू (जड+आफू) हुनाले विमस परमात्मा विभु विना
भनस् कस्तोरी यो होइन नभयैको द्यखिय झैं ।।३।।

(४)

भयाको मात्रै झैं छ पनि भन्य झैं लाग्दछ झुटै
सुइना झैं जान्नू शिपी द्यखिदामा चाँदि भन्य झैं ।।
नभाको यो वस्तू पनि राख्नले मात्र द्यख्यको
ह्व आत्मा सत्ताम गति नलेखि सकनू कुमतिले ।।४।।

(५)

यसै देहैमा ज्ञान् यहि लिनु बुझी धीर मति लीं
हुनू गम्भीराधीन् चरणकमलैमा भ्रमर झैं ।।
द्यरवीन्याले देख्नाकन पनि सकिन्न द्यख्न्यलाइ
आफू देख्न्या हूँ कि द्यखिन्य आफू हूँ भ्रांति जब यो ।।५।।

साभारः 'विमलवोधानुभव'

CC-0. In Public Domain. Digitization by eGangotri

२. सरस प्रेमावली

सरस प्रेमावली वीरशाली पन्तको दोस्रो कृति हो[५] । यसमा ७४२ श्लोकमा लेखिएको छ । यो कृति श्रीमद् भागवत्को दशौं स्कन्धको कृष्ण बाललीलामा आधारित देखिन्छ ।

३. श्रीकृष्ण चरित्र

श्रीकृष्ण चरित्र वीरशाली पन्तकृत तेस्रो कृति हो[६] । यो अहिले सम्म अप्राप्य अवस्थामा नै रहेको छ । यसबारे मेरा वीरशाली पन्त बागलुङका हुन् नामक आलेखमा विस्तृत रूपमा चर्चा गरिएको छ । श्रीकृष्ण चरित्रको दुई हरफको श्लोक निम्न अनुसार प्रस्तुत गरिएको छ ।

परंतत्व यही हो जानी बुझी उजारी मनपरी
मुरारि कंसारि हरि हरि भजौं श्री नर हरि[७]

४. सिद्धान्त विनय (भक्तिकाव्य)

सिद्धान्त विनय वीरशाली पन्तको चौथो कृतिको रूपमा मानिएको पाइन्छ[८] । यो अझै अनुसन्धानको गर्भमा लुकेको देखिन्छ ।

५. वीरशाली पन्तकृत ब्रहम तत्व मीमांस, भक्ति स्वरूपम् र स्वरूप सिद्धान्त मुक्तावली- यी तीन वटा काव्य द्वेत र अद्वैत दर्शनबाट प्रभावित भई विशेषाद्वैतको महत्व र महिमा वर्णन गरिएको उल्लेख गरको पाइन्छ ।

६. वाणोपनिषद् काव्य

वाणोपनिषद् काव्य वीरशाली पन्तको अर्को महत्वपूर्ण काव्य मानिएको छ । यो काव्य तम्घासका स्रष्टा शशी पन्थीसित रहेको कुरा डा. राजाराम सुवेदीको भनाइबाट जानाकारीमा आएको देखिन्छ ।

---

५. डा. खगेन्द्रप्रसाद लुइँटेल- कविता सिद्धान्त र नेपाली कविताको इतिहास, ने.रा.प्र.प्र.-०६० पृष्ठ १८१
६. डा. गोपालप्रसाद भण्डारी- प्राग् भानुभक्तीय नेपाली काव्य, ने.रा.प्र.प्र.-०५३, पृष्ठ १९४-१९८
७. डा. गोपालप्रसाद भण्डारी- ऐ.ऐ.
८.. प्राथमिक कालीन नेपाली पद्य वीरशाली पन्त, डा. चूडामणि बन्धु सम्पा: नेपाली साहित्यको इतिहास (प्रथम खण्ड), ने.रा.प्र.प्र.-०६०, पृ १८३-१८५

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित उनका काव्य कृतिहरू क्रमशः लेखिएको हुनुपर्दछ । आज सम्म उनका जति पनि प्राप्य, अप्राप्य कृतिहरू र फुटकर रचनाहरू छन् ती सबैको केन्द्रीय स्तरबाट समयमै संरक्षण, सम्बर्द्धन र प्रकाशन गर्न सकेमा एकातिर यिनको यथोचित सम्मान् हुने थियो भने अर्कोतिर नेपाली काव्यिक क्षेत्रमा धवलागिरि अञ्चलबाट राष्ट्रिय स्तरमा पुऱ्याउन सकेको योगदान कम गौरवको विषय रहेनछ भन्न सकिन्छ ।

यसरी समग्रमा भन्नुपर्दा वीरशाली पन्तका प्रस्तुत काव्य कृतिहरूले के सन्देश प्रदान गरेको पाइन्छ भने मूलतः उनी कृष्ण र विष्णुका उपासक, वेदान्तवादी, आध्यात्मिक चेत र ईश्वरको गुणगान, ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन र शरीर आदिबाट जड र चेतनको वोध गराइनुका अतिरिक्त ईश्वरीय कृपाबाट मात्र मनुष्य मात्र मुक्त हुन सक्तछ भन्ने मूल विशेषता यिनका काव्यकृतिहरूमा रहेको पाइन्छ । यस्ता सिर्जनशील महात्मा, योगी, तपस्वी र सिद्धपुरूषको काव्यात्मक योगदान नेपाली साहित्यकाशमा सदैव अजर-अमर रहिरहने छ ।

- प्रेम छोटा

Acc No 26212

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त (१८६० तिर)

पश्चिम नेपालको बागलुङमा जन्मिएर मथुरा वृन्दावनबाट शिक्षाआर्जन गरेको ठानिएका वीरशाली पन्तका बारेमा थप जानकारी प्राप्त छैन । यिनले **विमलबोधानुभव, सरस प्रेमावली** जस्ता कृतिको रचना गरेका छन् ।

पन्तको पहिलो कृति **विमलबोधानुभव** शिखरिणी छन्दका ८८½ श्लोकमा संरचित र ६ तरङ्गमा विभाजित छ । आध्यात्मिक भावभूमिमा आधारित यस कृतिमा श्रीविष्णुको स्तुतिगान गरिएको छ । यिनको दोस्रो कृति **सरस प्रेमावली** ७४२ श्लोकमा संरचित छ । श्रीपद्‌भागवतको दसौं स्कन्धको कृष्ण बाललीलामा आधारित यस कृतिमा पनि आध्यात्मिकताको गहिरो छाप पाइन्छ ।

तत्सम बहुल शब्दप्रयोग गरी पाण्डित्यपूर्ण शैलीमा कवितासिर्जना गर्ने वीरशाली पन्त जबर्जस्ती भए पनि छन्द मिलाउनेतर्फ सजग देखिन्छन् । समग्रतः पौराणिक तथा अध्यात्मवादी चिन्तनलाई पाण्डित्यपूर्ण ढङ्गले छन्दोबद्ध रूपमा प्रस्तुत गर्नु यिनको विशेषता हो ।

डा. खगेन्द्रप्रसाद लुईटेल
साभार : कविता सिद्धान्त र नेपाली कविताको इतिहास
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान-२०६० काठमाडौं, पृ.१८१

CC-0. In Public Domain. Digitization by eGangotri

परम वैष्णव विद्वत्प्रवर वीरशाली पन्त

नेपाली जगत्मा यशस्वी विद्वान् तथा योगी बागलुङ निवासी वीरशाली पन्त थिए । वीरशाली पन्त 'भगि पन्त' का खलक थिए । भगि पन्तका छोरा गौरीश्वर पन्त थिए । गौरीश्वरका छोराहरू महेश्वर पन्त भए । महेश्वरका धरणीधर, दाताराम, दयाराम, त्रिलोचन गरी चारभाइ छोरा थिए । यी मध्ये दयाराम पन्तका जेठा छोरा परम यशस्वी विद्वान् वीरशाली पन्त थिए । यिनको जन्म बागलुङ मूलपानी गैरीगाउँमा भएको थियो । उपर्युक्त कुरा उनीहरूकै वंशावलीमा लेखिएको छ ।

वीरशाली पन्तको जीवनी नेपाली भाषाका प्रथम उपन्यासकार गिरीशवल्लभ जोशीले 'प्रारब्धदर्पण' भन्ने उपन्यासमा, यिनीहरूमा घटेका घटनाहरूलाई समेटेर स्पष्टसँग लेखेका छन् । उनले अल्लारे वैंशमा अनेक शास्त्र योग, तन्त्र, सङ्गीतको विद्वत्ता र ऐश्वर्यले पूर्ण भएर बसेका व्यक्तिले अन्तिम समयमा शशिधर, वीरशाली र उनैका छोरासँग घटेको घटना प्रारब्ध नै हो भन्ने उल्लेख गरेका छन् । शशिधरले नेपालमा पसेर विवाह गर्नु, गिरीशवल्लभले सत्तल, पौवा पाटीमा अन्तिम भिखारी जीवन बिताउनु, वीरशाली पन्तको छोरासँग त्यस्तो व्यवहार भएर वृन्दावन, वरसाना, गोवर्धनमा बास गर्नु निश्चितै प्रारब्धको खेल होला । वीरशाली पन्तको अन्तिम जीवन पनि वृन्दावन वरसाना गाउँमा यमुना नदीको किनारामा बित्यो । आज पनि वीरशाली पन्त यमुनामा शिला भएर बसेको कुरा धेरैलाई थाहा छ । मुसलमान कवि रसखानले गरेको प्रतिज्ञा बागलुङ निवासी वीरशाली पन्तले पूरा गरेर देखाए । रसखानले भगवान् कृष्णका रूपदेखि मोहित भएर "जो खग हुंतो बसेरो करूँ

CC-0. In Public Domain. Digitization by eGangotri

कालिन्दीकूल कदम्बके जस्न" भनेका थिए । अर्थात् मेरो दोस्रो जन्ममा पनि हे भगवान् ! वृन्दावन, नन्दगाउँ, वरसाना, गोवर्धनको सेरोफेरोको माटो वा ढुङ्गे भएर, त्यो पनि भएन भने चरा भएर यमुना नदीको तीरमा कदम्बको रूखमा बस्न पाऊँ भन्ने आसय व्यक्त गरेका थिए । वीरशाली पन्तको शरीर नेपाल बागलुङमा बनेको थियो । बागलुङको हावा, पानी माटाले बनेको शरीरलाई उनले वरसानामा गएर ढुङ्गा भएर सेलाए । भक्त या ज्ञानीका लागि ठूलो भाग्यको कुरा हो यो, अज्ञानीका लागि केही पनि होइन । तर टाउको रन्फनिने गरी ठोकर लाग्दा मात्र ऐय्या हुन्छ र होइन पन 'हो' हुन्छ ।

वीरशाली पन्त नेपाल र भारतको वृन्दावन, गिरिनार, पौडी गडवाल आदिमा अत्यन्त प्रसिद्ध भएका महापुरूष हुन् । शशिधर मिरासीन र वीरशाली पन्तको आध्यात्मिक विपयको शास्त्रार्थको चर्चा आज पनि नेपालमा मात्र होइन अपितु भारतमा पनि प्रसिद्ध छ । अध्यात्म विद्यामा शशिधर मिरासीन र वीरशाली पन्त दुवै भुरेबाबा 'ज्योतिर्मुनि' का शिष्य थिए । केही वर्षपछि वीरशाली पक्का कृष्णभक्त वेदान्ती भए । शशिधर योगी नै रहे । दुवै संस्कृतका विद्वान् थिए । परन्तु प्रवलित लोकभापामा प्रचार गर्ने उद्देश्य दुवैको थियो । त्यसैले वीरशाली पन्त संस्कृतमा लेखिएका दर्शन ग्रन्थहरूका प्रकाण्ड विद्वान् भए पनि उनले नेपालीमा नै लेखे । वीरशालीको संस्कृतरचना पाइएको छैन । शशिधर त गडवाली भापामा पनि आदिकवि हुन पुगेका छन् । शशिधरका नेपाली-हिन्दी मिश्रित भजनहरू थुप्रै छन् । उनका 'शशिधरयोगशास्त्रम्' र 'वाण्युपनिषद्' (वाणोपनिषद्) दुईवटा साना-साना ग्रन्थ अशुद्ध संस्कृतमा लेखिएका छन् । परन्तु वीरशाली पन्तका नेपालीमा निक्कै रचना छन् । धेरैजस्तो अनुसन्धानकै गर्भमा छन् । संस्कृतका ग्रन्थहरूमा वीरशाली पन्तको रचना भनेर नेपालमा सुन्न वा देख्न पाइएको छैन । तर वृन्दावन कलाधारीका बगैचामा पण्डित रेवतीरमण खुलालसँग ब्रम्हातत्त्वमीमांसा, भक्तिस्वरूपम्,

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपसिद्धान्तमुक्तावली भन्ने तीनवटा वीरशालीद्वारा रचित ग्रन्थ थिए । यीमध्ये ब्रम्हातत्त्वमीमांसामा अद्वैत, द्वैत र अरू दर्शनहरका सिद्धान्तलाई मीमांसा गरेर विशिष्टाद्वैत पक्षलाई अङ्गालेको देखिन्छ । यसले के बुझिन्छ भने वीरशाली पन्त विशिष्टाद्वैतवादी थिए । यस कुरालाई 'भक्तिस्वरूपम्' भन्ने ग्रन्थले पनि स्पष्ट बुझाउँछ । स्वरूपसिद्धान्तमुक्तावली ग्रन्थ पद्यात्मक छ । नाना छन्द तथा अलङ्कार आदिले गुम्फित यो ग्रन्थ द्रष्टव्य छ । यी प्रौढ र विद्वत्तापूर्ण ग्रन्थहरू हुन् । यी ग्रन्थहरूका अन्तिम पुष्पिकामा 'इति पर्वतीयवीरशालीविरचितब्रम्हातत्त्वमीमांसा समाप्ता', 'नेपालाभिजनपर्वतीयवीरशालीरचितभक्तिस्वरूपं समाप्तम्', 'स्वरूपसिद्धान्तमुक्तावली समाप्तिमगात्' भनेर लेखिएको छ । तर वि.सं. २०२७ देखि मैले निरन्तर खुलालजीलाई खोजे । तर उनी स्वर्गे भइसकेका रहेछन् । ती ग्रन्थ कहाँ छन् भन्न सकिन्न । तर वृन्दावनभित्र खोजी गर्दा पाउन सकिएला भन्ने आशाचाहीँ छदै छ । सबैभन्दा धेरै बागलुङलाई चम्काउने विद्वान् यिनै वीरशाली थिए । आश्चर्यको कुरा ज्योतिर्मुनि (भुरेबाबा) सँग योग सिकेर पनि यी योगतिर त्यति साह्रो प्रभावित भएजस्तो लागेन ।

द्रौपदीविलाप, कृष्णचरित्र तथा विमलबोधानुभव आदि ग्रन्थहरूलाई मेरा आँखाले साक्षात्कार गर्न पाएका छैनन् । अर्काले दिएका उद्धरणका आधारमा लेखिएको हो । यसरी वीरशाली पन्तले संस्कृत र नेपाली दुवै भाषामा अद्भुत कलम चलाएको कुरा थाहा पाइन्छ । तर दुर्भाग्यको कुरा बाँकी नेपालले त बिर्स्यो भइहाल्यो, बागलुङले समेत बिर्सिनु सारै चित्त दुख्दो कुरा हो ।

सम्पा. डा. स्वामी प्रपन्नाचार्य
साभार : कार्तवीर्योदय महाकाव्य,
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान-२०५१, पृ. ३५-३७

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त

वीरशाली पन्तको नाउँ नजान्ने नेपाली कमै होलान् । तर उनको राम्रो परिचय भने हामी मध्ये प्रायः सबैको लागि अझ पनि एउटा दुर्लभ वस्तु भइरहेकै छ । कहाँसम्म भने उनले लेखेका कृतिहरूको चर्चासम्म हामीले गरेका हौं, तर तिनको दर्शन चाहिँ हामीले गर्न पाएनौं । भानुभक्त भन्दा पहिले कविता क्षेत्रमा पसिसकेका यी कवि यसरी बेपत्ता हुनुलाई लिएर हामी मध्ये सबैले नै खेद् प्रकट गरी आएकै हौं । तर आज वीरशाली पन्त बारे छलफल गर्न पहिलेकोभन्दा धेर चासोपर्दो हुन गएको छ । कारण यिनलाई अब बेपत्ता भएका कविको कोटिमा दर्न नसकिने भएको छ । यी पंक्तिको लेखकले वीरशाली पन्तकृति "विमलबोधानुभव" भन्ने एउटा साढे-अठासी-श्लोके ग्रन्थ फेला पार्न सकेको छ । यो हस्तलिखित ग्रन्थ अब मदनपुरस्कार पुस्तकालयद्धारा सुरक्षित छ ।

यी कवितर्फ सर्वप्रथम हाम्रो ध्यान आकर्षित गर्नुभएको बाबुराम आचार्यज्यूले हो । त्यसभन्दा पहिले सम्भवतः हामीलाई यिनको अस्तित्वको ज्ञान थिएन । नेपाली साहित्य र साहित्यकारहरूको अनुसन्धानमा चाख लिने सबैभन्दा पहिला व्यक्ति हुन् मोतीराम, तर उनले वीरशाली पन्तको उल्लेख गरेका छैनन् । उनले गणना गराएका प्राचीन कविताहरू हुन्-भानुभक्त, बिहारीलाल, छविलाल, पतञ्जली र राजीवलोचन-

भानूभक्त बिहारिलाल छविलाल् पातञ्जली नाम् गरी
नेपालीहरूमा अनेक कवि छन् भाषा सिलोक्मा रची
फेरी खूब रसीक भाइहरूमा राजीवलोचन् भनी
प्रख्यात् छन् कवि हुन् वडा सरसका नेपाल देश्का भनी

(मोतीराम भट्टको जीवनी पृष्ठ-४१)

CC-0. In Public Domain. Digitization by eGangotri

बाबुरामज्यूको अनुसार (हेर्नुहोस् "पुराना कवि र कविता" पृष्ठ ङ) बागलुङ निवासी पण्डित मेघराज पन्तका जिबाबु हुन् वीरशाली पन्त । मेघराजले आफ्ना जिबाबुले लेखेको श्रीकृष्णचरित्रको उल्लेख बाबुरामज्यूसँग गरेका थिए रे, तर सो पोस्तक आजसम्म देखा पर्न सकेको छैन । वीरेन्द्रकेशरी अर्ज्यालले पनि त्यो कृष्णचरित्र हेर्न पाएका थिए रे ।

सूर्यविक्रम ज्ञवालीज्यूले पनि वीरशाली पन्तबारे केही कुराहरू व्यक्त गर्नुभएको छ । उहाँ के भन्नुहुन्छ भने गोपिकास्तुति र द्रौपदीविलाप क्रमशः इन्दिरस र विद्यारण्यका कृति नभएर वीरशाली पन्तका कृति हुन्, तर आफ्नो मतको पुष्टिको लागि ज्ञवालीज्यूले कुनै ठोस प्रमाण दिनुभएको छैन, यसकारण वीरेन्द्रकेशरी एवं पद्मनाथ केशरीमा आधारित बाबुरामज्यूको सुझाउ नै यस विषयमा प्रामाणिक छ । तर वीरशाली वैष्णव साधु थिए, मथुरा वृन्दावनमा बस्थे र त्यहाँ उनी महात्मा गनिएका थिए भन्ने ज्ञवालीज्यूको सूचनाले हामीलाई वीरशालीको सम्बन्धमा सोच्न सजिलो पारेको छ, तर पण्डित मेघराजका जिबाबुलाई साधु मान्ने हो भने के मान्नु पनि आवश्यक होला भने मेघराजका बाबुलाई जन्म दिएपछि मात्रै यिनले सांसारिक बन्धन त्यागेका होलान् ।

अनेकौंले वीरशालीको विषयमा छलफल गरेका छन् तापनि उनीहरूको मत धेरथोर ज्ञवालीज्यू अथवा आचार्यज्यूको मतमा आश्रित छ अर्थात् उनीहरूले कुनै नयाँ कुरो भनेका छैनन् ।

सबैभन्दा ठूलो खेदको कुरो के हो भने बागलुङमा पण्डित मेघराज पन्तको पत्ता लाग्दा लाग्दै पनि हामीले वीरशाली पन्तको चिन्हारी र कृतिहरूबाट वञ्चित रहिरहनु पर्‍यो । जुन कुरो पत्र व्यवहारबाट पनि टुङ्गो लाग्न सक्थ्यो, त्यसतर्फ विशेषज्ञहरूले ध्यान नदिनु पनि कम उदेकलाग्दो छैन ।

यसो त हामीलाई वीरशालीको जन्ममितिको केही ज्ञान छैन तापनि यिनी विद्यारण्य र इन्दिरसका समकालीन थिए भन्ने छर्लङ्ग छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आज वीरशाली पन्तकृत "विमलबोधानुभव" हाम्रो सामु छ । यो शिखरिणी छन्दमा लेखिएको छ । त्यसताका शिखरिणी छन्द निकै लोकप्रिय भएको बुझिन्छ, किनभने दैवज्ञकेसरी अर्ज्याल, सुन्दरानन्द बाँडा, भानुभक्त, पतञ्जलि गजुर्‍याल इत्यादिहरूले यस छन्दको सफल प्रयोग गरेका छन् ।

विमलबोधानुभव जम्मा छ तरङ्गहरूमा विभक्त छ । यी छ तरङ्गहरूमा विष्णुको आध्यात्मिक गान गरिएको छ । यसबाट वीरशाली वैष्णव साधु थिए भन्ने ज्ञवालीज्यूको विचार सत्य ठहरिन आएको छ । छ तरङ्गहरूमा पहिलो चाहिँमा एघार श्लोक छन् । दोस्रोमा साढे सात श्लोक छन् । तेस्रोमा चौध श्लोक छन् । चौथोमा एघार श्लोक छन् । पाचौंमा सात अनि छैठौंमा छन् अठ्तीस श्लोकहरू । यसरी विमलबोधानुभवका जम्मा साढे अठासी श्लोक हुन आउँछन् । यो संख्या इन्दिरस र विद्यारण्य दुवैका रचनाहरूलाई एक ठाउँमा मिलाएको भन्दा पनि डेढा धेरै छ । साढे छ कविताहरूले मात्रै यदुनाथ पोखर्‍यालले वीरशालीलाई उछिनेका छन् ।

अहिले पाइएको विमलबोधानुभव सोह्र मडुवा पन्नाहरूको दुवैतिर लेखिएको छ तर पहिलो र पछिल्लो पत्रमा एकातिर मात्र लेखेको हुनाले यसका केवल तीस पृष्ठ छन् । पत्रहरूको आकृति लगभग साढे तीन इन्च चौडा अनि नौ इन्च लामो छ, तर हरफहरूचाहिँ साढे छ इन्च लामा र दुई इन्च चौडा मात्रै छन् । प्रत्येक हरफमा सरदर छत्तीस अक्षरहरू छन् ।

विमलबोधानुभवको अनुसन्धानले अब हामीलाई के कुरो बताएको छ भने गोपिकास्तुति वीरशालीको होइन । गोपिकास्तुतिमा पुलिङ्गी पदहरू चाहिने ठाउँमा पनि स्त्रीलिङ्गी पदहरू (तिम्री जन्म, ब्रजकी दुख, तिम्री नेत्र इत्यादि) परेका छन्, जुन हामी विमलबोधानुभवमा पाउन्नौं । उदाहरणार्थ हामी यी दुवै कविताहरूका प्रथम श्लोकहरूलाई दाँजन सक्छौं-

CC-0. In Public Domain. Digitization by eGangotri

गोपिका स्तुतिको प्रथम श्लोक यस्तो छ-

व्रज त बेस् बन्यो तिम्रि जन्मले
लक्ष्मि छन् जहाँ तिम्रि प्रीतिले
प्रिय ! निहार हे, प्राण धर्दछन्
तिमरि हुन् सबै खोजि गर्दछन् ।।

यता विमलबोधानुभवको प्रथम श्लोक यस्तो छ-

मनःप्राणज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सब चैतन्य भञि हुन्
यही बोध् बूझीन्या अति विमलबोधानुभव यो
बनाहुँदामा # श्रीहरिचरण मात्रै शरण छन्

हुन त यी दुवैको सम्बन्ध वैष्णव भक्तिसँग छ तापनि यिनको शैलीमा भिन्नता छ । यी दुवै एकै कविका कृति हुन सक्तैनन् । यस कारण गोपिकास्तुति इन्दिरसको कृति हो भनेर वीरेन्द्रकेशरी अर्ज्यालले भनेकोमा विश्वास गर्ने बाबुरामज्यूमा अविश्वास पोखेर यसका हकवालाको रूपमा वीरशालीलाई उभ्याउने चासो परोइन ।

जहाँसम्म द्रौपदीस्तुति (विलाप) लाई वीरशाली पन्तको कृति मान्ने प्रश्न छ, हामी यसमा पनि सहमत हुन सक्तैनौं । बाबुरामज्यूको अनुसार उहाँले यो विद्यारण्यद्वारा रचित भएको हो भन्ने अनुश्रुति सुन्नुभएको छ । तर आश्चर्य ! विद्यारण्यका भतिजा वीरेन्द्रकेशरीले आफ्नो काकाका अनेकौं कृतिहरूको चर्चा बाबुरामसँग गरेर पनि यसको चाहिँ गरेनछन् । सम्भवतः यसलाई हिन्दी ठानेर वीरेन्द्रकेशरीले उपेक्षा गरेका होलान् । वास्तवमा नेपाली भाषाका मर्मज्ञ वैयाकरण

यहां "बनाउँदा" हुनुपर्थ्यो । छाँटले यो प्रतिलिपिकारको दोष हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

वीरेन्द्रकेशरी झैं विद्वानका लागि कुन हिन्दी हो कुन नेपाली भन्ने छुट्याउन अप्ठेरो थिएन । यसो घोरिंदा विद्यारण्यले हिन्दीमै लेख्ने विचारले द्रौपदीस्तुतिमा कलम चलाएका थिए । त्यसबेला कुनै नेपाली कवि हिन्दीमा कविता लेख्न तम्सिनु एउटा साधारण कुरो थियो भन्ने हामीलाई विद्यापति, सुन्दरानन्द इत्यादिले पनि थाहा दिइसकेका छन् । तर विद्यारण्यलाई हिन्दीमा राम्रो प्रवेश थिएन, फलस्वरूप उनको कविता आधा नेपाली आधा हिन्दी हुन पुग्यो तर यस रहस्यलाई आलोचकहरूले नबुझे झैं छ, किनभने उनीहरू भानुभक्तभन्दा पहिलेका युगको नेपाली भाषालाई शैशवावस्थामा थियो भन्ने प्रमाणित गर्न सबैभन्दा धेरै द्रौपदीस्तुतिबाट उदाहरण लिन्छन् । उनीहरूले के कुरो बिर्सनु उचित छैन भने युगल गीतमा विद्यारण्यले केही हिन्दी शब्दको प्रयोग गरेका छन् तापनि युगलगीतको भाषा विशुद्ध नेपाली भन्न सकिन्छ । तर द्रौपदीस्तुतिलाई लिएरचाहिँ यसो भन्न सकिन्न । यसमा वाक्य र क्रिया समेत हिन्दीमा मिसिएका छन् । युगलगीतका रचयिताबाट यस प्रकारको खिचडी भाषा रचनाको एकमात्र के कारण हुनसक्छ भने यो हिन्दीमा कविता लेखने प्रयासको फल थियो । जे होस्, जनश्रुतिको भरमा बाबुरामज्यूले द्रौपदीस्तुतिलाई विद्यारण्यले लेखेका हुन् भन्ने निधो निकाल्नु भएको छ, अतः जबसम्म ठीक यसै शैलीको वीरशाली कृति कुनै रचना पाइन्न तबसम्म हामी यसलाई वीरशालीको भन्न समर्थ छैनौं ।

यसको के तात्पर्य हो भने वीरशालीको एक मात्र प्राप्त प्रामाणिक कृति हो "विमलबोधानुभव" नै । यहाँनिर के कुरो प्रस्ट्याइनु पर्ला भने पन्तको शैली भानुभक्त, वसन्त, यदुनाथ, रघुनाथ, विद्यारण्य, इन्दिरस, दैवज्ञकेशरी, सुन्दरानन्द लगायत आफ्ना अन्य समकालीनहरूको शैलीसँग नमिल्ने खालको छ । बरू यिनको विमलबोधानुभवले हामीलाई केही केही पतञ्जलि गजुर्‍यालको हेक्का दिन्छ । "अपि माषं मषं कुर्यात् छन्दोभङ्ग नकारयेत्" भन्ने उक्ति गजुर्‍यालमा झैं यिनमा पनि

CC-0. In Public Domain. Digitization by eGangotri

चरिचार्थ हुन्छ । ह्रस्व हुने उद्देश्यले यिनका 'ओ' हरू 'व' भएका र ए हरू चाहिँ य भएका हुन्छन् । युग्मस्वर (diphthong) को पछिल्लो सदस्य भएर आउने उ र इलाई व् एवं य् लेखिएको हुन्छ । छन्द मिलाउने भएर युग्मस्वरलाई फोरेर दुई अक्षर (syllables) तुल्याइएको पनि प्रशस्त पाइन्छ । जस्तो 'झैं' बाट झँञि, 'सधैं' देखि 'सधञी', 'छँदै' देखि 'छँदयि', 'छैन' देखि 'छइन', 'सुषुप्ति' बाट 'सुषुपति' इत्यादि ।

पतञ्जलि गजुऱ्याल कविता यसरी लेख्थे-

यशोदाका लाला त्रिजग परिपाला प्रभु ज्व हुन्
वयन् गर्नु सक्न्या क थिप्व प्रभुका ती सकल गुन्
कदाचित् माताका उपर करूणा राख्यर पुरा
गऱ्याको म भन्छू सुनि रहु भन्या झैं क्यही कुरा
(तीर्थावली, पृष्ठ २)

मन्त्रै केही न जान्न्या नियम नभयको शास्त्र कैल्यै नसुन्या
दान् पुन् स्नान् क्यै नभ्याको अरूकन ठगन्या भित्र ईश्वर् नगुन्या
यस्तो सारा दुनीञा पनि अगति नजावस् भनी खुप् दया आइ
फर्माया तीर्थ सारा सुगति तव मिलोस् जो छ्वला मात्र तां जाई ।।
('तीर्थावली', पृष्ठ ३)

अब हामी विमलबोधानुभवका छ तरङ्गहरूमध्ये प्रत्येकबाट एक-एक वटा उदाहरण प्रस्तुत गर्ने छौं -

घषीयाका मेरा म पनि घषिन्याको घषिन्य हूँ
भनी येसो मेसो नबुझि भनियो नाथ मञिले
जहाँ लौ ताहां लौ धउ वहु पऱ्यो को झिकिदेवस्
पऱ्यैको यो दुःखै फेरि पनि नजान्या वरि परि
(तरङ्ग १ : श्लोक ३)

CC-0. In Public Domain. Digitization by eGangotri

अरू दुःखादिक् ती तन मनमहा जत्ति भ्रम छन्
हुँदैनन् आँफूलाय् तिनिहरू घषी भिन्न आफु' हो
भनी यो हुँदैनन् भनि जब भनौला त घषिन्या
म तन्देषी आफू पर छइनँ क्या व्यर्थ सधञी
(तरङ्ग २ : श्लोक ३)

विफिक्री ली फिर्नू घुसि भई जगत्मा रवि झञी
हुनू आँफै आँफू सब चटक जस्तो घषिन्य हो
भनी जन्मी मर्न्या जगत झञि देहै पनि झुटो
बुझी तन् छुट्तामा पनि अमर आँफू छँदयि छ
(तरङ्ग ३ : श्लोक ५)

सधैं साथै ह्याको तन प्रभृति देषी पर सधैं
रहँन्या जो हो त्यो सुतधनकलत्रादिकघषी
परैं जस्तै तस्तै तनघषि पनी भिन्न पर छ
सुती सुञना[2] घष्ता तन ञहि छाडी वर[3] पर
(तरङ्ग ४ : श्लोक ६)

ज्व यो देहैलाई अजर अमरैं होंस् भनिकन
ञँही योगादिक्ले निशदिन अती यत्न गरदा
ति योगीहेरू सव् कठिन बहु फेरामहँ पऱ्या
निजात्मा चीन्हयानन् हरिचरणमा प्रेम नहुँदा
(तरङ्ग ५ : श्लोक ४)

---

[1] यहाँ छन्दोभङ्ग छ ।

[2] यहाँ पाठ स्पष्ट छैन (संभवतः यो सुत्ता हो ।)

[3] यहाँ छन्दोभङ्ग छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भनी मैले बूझी प्रकट गरि दीञा सुजन लाय्
इ लिंग स्थूल् देहै द्यषि अलग आत्माफु छ परै
य्व लिंगाफूमा त्यो सुषुपति मलीनै हुंदि पिर
अती आनंदै यो भनि कस्वरि भन्दो हो तसले
(तरङ्ग ६ : श्लोक १०)

यहाँ हामी देख्छौ "आ" ध्वनिलाई पनि पन्तले ह्रस्व प्रयोग गरेका छन् । गजुऱ्यालमा झैं यिनका कवितामा पनि अन्त्यानुप्रास मिलाउने विशेष प्रयत्न पाइँदैन । कथ्यभाषाको आधारमा संक्षिप्तरूप लिन पनि दुवैले बराबर रूचाएका छन्, उदाहरणार्थ पतञ्जलि 'नभयाको' लाई 'नभ्याको' पार्छन् भने पन्त चाहिं 'रह्याको' लाई 'ह्याको' पार्छन् । यसरी अनेकौं दृष्टिकोणले हेर्दा यिनीमा गजुऱ्यालसँग मिल्ने धैरै साम्य पाइन्छन् । यदि यिनले "विमलबोधानुभव" मा आफ्नो नाउँ नलेखेका भए यस कृतिलाई आलोचकहरूले अवश्य पनि गजुऱ्यालबाट रचित मान्नु पर्ने थियो । तर सौभाग्यवश उनले विमलबोधानुभवको समाप्तिमा यसो लेखेका छन्-

य्व वीरादीशाली हरिचरण दासानुचर दीन्
गरिप्ले गायाको बुझि ञहिं भयाका रितिमहाँ
रह्या श्रद्धापूर्वक् विमल निजनाथ् श्रीहरि चरण्-
कमल्मा प्रेम पाई जनमरण दुःखै सकियला

निःसन्देह नै वीरादिशालीको अर्थ हो सिरानमा वीर भएको शाली अर्थात् वीरशाली ।

पतञ्जलि गजुऱ्यालमा नमिल्ने गुण पनि यिनमा नभएको होइन । छाँटले यिनी संस्कृतका मर्मज्ञ थिए, किनभने छन्द नमिलाई नहुने ठाउँमा बाहेक अन्त यिनले तत्सम शब्दहरूको दुर्गति देखाएका छैनन् । कतै कतै यिनको पाण्डित्य क्लिष्ट पनि हुन पुगेको छ,

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरणार्थ संस्कृतको लिङ्ग, आत्मा इत्यादिमा नेपाली आफूको योग गरेर उनले आत्माफू, लिंगाफू जस्ता उदेकलाग्दा प्रयोग गरेका छन् । यिनका वाक्यहरू घुमेका र लामा हुने हुनाले ती कहिलेकाहीं एक सिलोकमा नटुङ्गिएर अनेकौं सिलोकमा बाँडिएका हुन्छन् । तैपनि हामी पतञ्जलिका सिलोकहरूभन्दा पन्तका सिलोक रसिला पाउँछौं । यिनको कलम पतञ्जलिकोभन्दा न धेर परिपक्क छ, न ता थोर परिपक्क छ । यिनले आफ्ना साढे अठासी सिलोकहरूमा एकै ठाउँमा विदेशी शब्द प्रयोग गरेका छन्, त्यो हो- (फेरा) महँ = (फेरा) मा ।

अन्त्यमा हामी हराएर वेपत्ता भएका वीरशाली पन्तलाई पाउन पाएकोमा हर्ष प्रकट गर्छौं, अनि उनका श्रीकृष्णचरित्र र अन्य ग्रन्थहरूलाई पनि चाँडै फेला पार्ने आशा लिएर साथै उनको व्यक्तित्व र जीवनबारे अझै धेर कुरा थाहा पाउने घिडघिडी राख्तै यस सानो लेखलाई यही टुर्छौं ।

प्रा. बालकृष्ण पोखरेल
साभार : नेपाली भाषा र साहित्य-२०२१
रत्नपुस्तक भण्डार, पृष्ठ १६३-१८२

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त

वीरशालीलाई इन्दिरस, विद्यारण्य आदिको समकालीन ठहऱ्याइ यिनको जन्म १८६० तिर भएको मान्दै आइएकोमा हाल केही नयाँ तथ्यहरू प्रकाशमा आएका छन् । नयाँ तथ्यअनुसार यिनी १८५७ पछि शशिधरकहाँ रेसुङ्गा पुग्दा धर्मशास्त्रका पण्डित भइसकेका थिए र कुनै व्यक्तिले अध्ययन गरी पण्डित बन्न बीस वर्षजति लाग्ने हुँदा यिनको जन्म १८४० अगावै हुनु पर्छ । वीरशालीको जन्मसमय पनि आनुमानिक नै हो तर यो अनुमान साधार भएकोले सत्यका निकै नजिक पुगेको देखिन्छ ।

वीरशाली पन्त संस्कृतका धुरन्धर विद्वान् थिए । उनी तत्कालीन बाइसी र चौबीसी राजाहरूकहाँ आइजाई गर्दथे । काठमाडौंतिर पनि उनको नाम चलेकै थियो । उनी आशुकवि पनि थिए । उनी विवाहादि कार्यमा श्लोक जुधाउँदा जैले पनि पगरी पाउँथे.... भन्ने कुरा हाल थाहा हुन आएको छ । त्यस्तै यिनले 'वैराग्य आएपछि जातपात मान्न छोडेको' र यिनले 'त्याग तथा योगको दीक्षा गुल्मी रेसुङ्गाका स्वामी सन्त शशिधरबाट प्राप्त गरेका' कुराको नवीन जानकारी पनि पाइएको छ ।

वीरशाली बागलुङको ढिकीचौरमा जन्मेका थिए । यिनी कृष्णभक्त थिए, जितेन्द्रिय थिए र बागलुङकी कालीदेवीको दर्शन पाएर सिद्धपुरूष भएका थिए भन्ने उल्लेख पाइन्छ । जीवनको अन्तिम समयतिर 'हरिभक्त' वीरशाली वृन्दावन गएका थिए र त्यहाँको बरसाना भन्ने ठाउँमा बसेका थिए । यिनको मृत्यु वृन्दावनमा भएको थियो ।

यिनको मृत्यु कहिले भयो भन्ने कुराको खास जानकारी पाइन्न

CC-0. In Public Domain. Digitization by eGangotri

। यिनले ढिकीचौरको घडेरी काका हर्षदेव पन्तलाई भोगचलन गर्न दिएको कागजबाट यिनी १८८६ सम्म बागलुङमा थिए र जीवित थिए भन्ने ज्ञात हुन्छ ।

वीरशालीले धेरै भक्तिकाव्य लेखेका थिए भन्ने मानिन्छ । यिनको अप्राप्य काव्यकृतिमा दरिएको 'श्रीकृष्णचरित्र' अब अप्राप्य कृति नरहेको जानकारी पाइन्छ । हालको शोधखोजबाट यस कृतिको एक तृतीयांश बालकृष्ण समकहाँ, दोस्रो तृतीयांश ढुण्डिराज शर्माकहाँ र अन्तिम तृतीयांश वीरशालीका वंशज उदयराज पन्तकहाँ रहेको विवरण पाइएको छ । यसमा संस्कृतका छ हजार र नेपालीका छ हजार गरी जम्मा बाह्र हजार श्लोक छन् भन्ने उल्लेख पाइन्छ । यस काव्यकृतिको नमुनाको रूपमा निम्नलिखित श्लोक प्रस्तुत गरिएको देखिन्छ-

पर तत्व यही हो जानी बुझी उजारी मनपरी ।
मुरारि कंशारि हरि हरि भजौ श्री नरहरि ।।

नामबाटै 'श्रीकृष्णचरित्र' मा कृष्णको भक्ति गरिएको छ भन्ने बुझिन्छ । यिनको अर्को काव्यकृति 'विमलबोधानुभव' उपलब्ध छ । वीरशाली पन्तको 'विमलबोधानुभव' को एउटा अंश यस्तो छ-

मनः प्राणज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सब चैतन्य झन्नि छन् ।।
यही बोध् बुझीन्या अति विमल बोधानुभव यो
बनाहूँदामा श्री हरिचरण मात्रै शरण छन् ।।१।।

घरवीयाका मेरा म पनि घरिन्याको घरिन्य हूँ
भनी मेसो मेरो नबुझि भनि यो नाथ मझिले ।।
जहाँ लौ ताहाँ लौ धउ वहुपऱ्यो को झिकिघवस्
पऱ्यैको यो दुःखै फ्यरि पनि नजान्या वरिपरि ।।२।।

CC-0. In Public Domain. Digitization by eGangotri

घखीयाको बुद्धी घखि य तातिरै जत्ति छ जगत्
तती मात्रै त्यस्ले म छु भनि त सक्तैन कहन ।।
जडाँफू (जड आफू) हुनाले विमस परमात्मा विभु विना
भनस् कस्तोरी यो होइन नभयैको घखिय झैं ।।३।।

भयाको मात्रै झैं छ पनि भन्य झैं लाग्दछ झुटै
सुइना झैं जान्नु शिपी घखिंदामा चाँदि भन्य झैं ।।
नभाको यो वस्तु पनि घखनाले मात्र घख्यको
ह्व आत्मा सत्तामा गति नलेखिसक्नू कुमतिले ।।४।।

यसै देहैमा ज्ञान् ..... लिनु बुझि धीर मति ली
हुनू गम्भीराधीन् चरणकमलैमा भ्रमर झैं ।।
घखीन्याले देख्नाकन पनि सकिन्न घखन्यलाई
आफू देख्न्या हूँ कि घखिन्य आफू हूँ भ्रांति जब गो ।।५।।

साढे अठासी श्लोकहरूमा संरचित यो कृति ६ तरङ्गहरूमा विभाजित छ । यस रचनामा वीरशालीले शिखरिणी छन्दको राम्रो प्रयोग गरेका छन् । अध्यात्मवादमा रङ्गिएको यस रचनामा कृष्णको मूलरूप विष्णुको स्तुति गरिएको छ ।

वीरशालीको तेस्रो काव्यकृति 'सरस [illegible]ती' हालै फेला परेको छ । यस कृतिमा जम्मा ७४२ श्लोकहरू छन् । यो कृति 'श्रीमद्भागवत्' को दशौं स्कन्धको कृष्ण बाललीलामा आधारित छ । यिनको चौथो कृतिका रूपमा भक्तिकाव्य 'सिद्धान्त विनय' को उल्लेख पाइन्छ, तर यो कृति अझै फेला परेको छैन ।

काव्यप्रतिभाका धनी वीरशालीले तत्सम शब्दको बढी प्रयोग गरेको पाइन्छ । तत्सम शब्दको आधिक्यले गर्दा यिनको कविता लेख्ने शैली पाण्डित्यपूर्ण हुन गएको छ । शब्द बिगारे पनि छन्द नबिगार्ने

CC-0. In Public Domain. Digitization by eGangotri

सतर्कता यिनमा रहेको देखिन्छ । यिनका वाक्यहरू घुमेका र लामा हुने हुनाले ती कहिलेकाहीं एक श्लोकमा नटुङ्गिएर अनेकौं श्लोकमा बाँडिएका हुन्छन् । वीरशालीले शब्द बिगारेर लेखे पनि, अनौठा शब्दको प्रयोग गरे पनि र अन्त्यानुप्रास नमिलाए पनि यिनका कवितामा यथेष्ट सरसता पाइन्छ । यिनका सबै कृतिहरूको मूल सन्देश कृष्णभक्ति हो । यिनी जीवन र कविता दुवैमा कृष्णका भक्त देखिन्छन् ।

प्रा. मोहनराज शर्मा

साभार : प्राथमिककालीन नेपाली पद्य, नेपाली साहित्यको इतिहास (प्रथमखण्ड), सम्पा. डा. चूडामणि बन्धु (काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०, पृ. १८३-१८५)

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त

विगत दिनहरूमा नेपाली साहित्यको प्राथमिक कालका कवि स्मरणीय कवि विरशाली पन्तबारे चर्चा हुँदै आएको छ । जुन बेला हाम्रो देशमा शिक्षामा अन्धकार थियो त्यसबखत नेपाली जनजीवनमा साहित्यको विजारोपण गर्ने ती महान् कविहरूका कृति रचनाहरू खोजी अनुसन्धान आदि गर्नु र प्रकाशमा ल्याउन साहित्यप्रति रूचि राख्ने प्रत्येकको कर्तब्य हुन आएको छ । भानुभक्त भन्दा अघि नेपाली साहित्य सागरमा पौडी खेल्ने यी कविको नाम धेरै जसोले सुनिसकेका छन् । तर उनको कृतिबारे हामी अनभिज्ञ नै भएको मान्नु पर्दछ । यही कारणले नै होला हाम्रो साहित्य सम्बन्धका कति पुस्तकहरूमा लेखकहरूले वीरशाली पन्तलाई गायवै पारिदिएका छन् ।

वीरशाली पन्तबारे सर्वप्रथम बाबुराम आचार्यले यसप्रकार लेख्नु भएको छ- "वीरशाली पन्तका श्रीकृष्ण चरित्रको बडो प्रशंसा सुनिएको थियो । उनका नाति पं. मेघराज पन्तले बागलुङबाट यस पुस्तकको प्रतिलिपि पठाइ दिने वचन दिनु भएको थियो तर न उहाँले मानिसका साथ पठाउन सक्नु भयो न मैले मानिस पठाएर ल्याउन सकें ।[१]" यी वाक्यहरू नै वीरशाली पन्तबारे अन्वेषण गर्नेहरूको लागि सहायक सिद्ध हुन आयो । यसप्रकार यी कवि तर्फ सर्वप्रथम बाबुराम आचार्यले ध्यान आकर्षित गराउनु भयो । हाल मेघराज स्वर्गीय स्वर्गीय भइसक्नु भएको छ ।

यसकै आधारमा डिल्लीराम तिमसिना र माधव भण्डारीले लेख्नु भएको छ । "यिनले कृष्णचरित्र बनाएका थिए भन्ने सुनिन्छ तर आज सम्म पाइएको छैन[२] ।"

१. पुराना कवि र कविता प्रस्तावता पेज ६
२. नेपाली साहित्य र साहित्यकार

CC-0. In Public Domain. Digitization by eGangotri

उनको "कृष्णचरित्र" को बारेमा बाल कृष्ण नेभा र शास्त्रदत्त पन्तले लेख्नु भएको छ- "यिनले लेखेको महाकाव्य (कृष्णचरित्र) करिव बाह्र हजार श्लोकको (छ हजार संस्कृतमा, छ हजार नेपालीमा गरी) मध्ये एक तृतीयांश प्रसिद्ध नाटककार बालकृष्ण समसित, एक तृतीयांश ढुण्डीराज शर्मा गुल्मी तमघाससित र अर्को तृतीयांश उदयराज पन्त (यिनकै वंशज) सँगै छ[3] ।"

त्यसबेला वीरशाली पन्त वेजोड पण्डित ठहरिएका थिए । उनको नाम चारैतिर फैलिएको थियो । काठमाडौं गएको बेला उनी बालकृष्ण समका पूर्खाहरूसँग, पश्चिमतिर मुसीकोट, जाजरकोट, धारिंग र बझाङ् आदि ठाउँका राजाहरूको दरवारमा बस्दथे । उनमा कवित्व प्रतिभा खुब थियो, जहाँ जान्थे उहीं कविता लेख्दथे । यिनको यही आदतअनुरूप कृष्णचरित्रको एक तृतीयांश बालकृष्ण समसँग रहेको हुनुपर्दछ । उनको रचनामा रूचि राखी खोजिएमा उनी आउने जाने गरेका माथिका स्थानहरूमा पनि प्राप्त हुन सक्ने धेरै आशा राख्न सकिन्छ ।

वीरशाली पन्तबारे अहिलेसम्मको अन्वेषणमा बालकृष्ण पोखरेल सबै समक्ष एक ठोस निर्णय लिएर उपस्थित हुनभएको छ । "विमलबोधानुभव" भन्ने साढे अठासी श्लोक हस्तलिखित ग्रन्थ मदन पुस्तकालयमा सुरक्षित छ । यो ग्रन्थ वीरशाली को हो या हैन भन्ने विषयमा वहाँले आफ्नो लेखमा निम्न अन्तिम श्लोक पेश गर्नु भएको छ- "टव वीराक्षी शाली हरी चरण दासानुचर दिन गरिपले गायाको बुझि जहि भयाको ..... महारह्य श्रद्धापूर्वक विमल जिन नाथ श्रीहरीचरण कमलमा प्रेम पाई जन मरण दुःखै सकिएला"[4]

अब यो ग्रन्थ अरू कसैको हो कि भनी शंका गरी रहनु केही आवश्यकै छैन ।

३. हिमानी वर्ष ४, जेठ आषाढ ०२४, धौलागिरि साहित्यको गतिविधि
४. नेपाली भाषा र साहित्य

CC-0. In Public Domain. Digitization by eGangotri

२०१२ सालतिर पद्मनाथ केसरी डिल्लीबजार काठमाण्डौमा रहन्थे र उदयराज पन्त पनि आफ्नो पढाइको सिलसिलामा काठमाण्डौमै थिए । त्यसबखत उदयराज बराबर पद्मनाथ कहाँ जाने गर्दथे त्यसै बखत पद्मनाथबाट उनले यो अधुरो कविता पाएका रहेछन् ।

"हरिहर हरी भक्त वीरशाली अधिका सिद्ध कवि महान प्रतापी"

उदयराज पन्तकाअनुसार उनको पूर्व पूर्खा हरिहर ठूला विद्वान शास्त्रार्थमा पनि विजय गरेकोले हरिहर पछि जन्मेका आफ्ना बाबु बाजेलाई समेत नसम्झी सातौं पुस्ता अघिका पूर्खाको स्मरण गरेका छन्-

माथिको दुई पंक्ति कविता कुनै एक काव्यको अन्तिम श्लोक हुनु पर्दछ ।

पद्मनाथ केसरीबाटै उदयराजले प्राप्त गरेको अर्को अधुरो पक्ति यसप्रकार छ ।

"परम तवम यही हो जानी बुझि उजारी मनपरी मुरारी कं सारी हरी हरी भजम श्री नरहरी"

यो कविता कृष्णचरित्र सम्बन्धि भएको हुँदा कृष्णचरित्रके एक अंश भएको अनुमान गरिएको छ ।

उक्त कविताहरू पद्मनाथ बाट प्राप्त हुन आएकोले उनीसँग अवश्य पनि उक्त लयका कविताहरू हुनुपर्दछ, अनुमान गरिन्छ कि उनीसँग वीरशाली पन्तका अन्य रचनाहरू पनि हुनु पर्दछ ।

धेरै पुस्ता अघि नेपाली कागजमा कालो मसीले कोरिएका ती कागजहरू मुसाले खाए होलान् कति फालिए होलान् र कति कहाँ पुगे होलान् । उनको वंशजका सन्तानहरू जुन अहिलेसम्म बागलुङ, ढिकीचौर, मुलपानी पंचायतमा निवास गरी आएका छन् । ती अमूल्य पुराना पत्रहरू, बहुमूल्य शब्दहरूको संरक्षण जिम्मेवार साहित्य संस्थाहरूबाट भईदिनुपर्दछ । यस बारे अझै खोजी गरिएन भने नेपाली साहित्यले आफ्नो महत्वपूर्ण भूमिका माथि सधैं विवादास्पद स्थिति बेहोरी रहनु पर्नेछ ।

वीरशाली पन्तका अनेक फुटकर रचनाहरू उनकै वंशजसँग

CC-0. In Public Domain. Digitization by eGangotri

मौज्दात छन्, सम्भवतः यसमा काव्य तथा महाकाव्यका अंश पनि हुनु पर्दछ । समयको क्रम धेरै नै बितिसकेको हुँदा वीरशालीबारे कतिपय कुराहरूमा उनका वंशजहरू नै अनभिज्ञ नै छन् । तर जसलाई थाहा छ उनीहरू वीरशाली पन्तबारे भएका (जाने, बुझेका) कुराहरू व्यक्ताउन पनि बडो गाह्रो मान्छन् । पुराना कृतिहरू जो आज छ भोलि नरहन सक्छ, यसकारण यसलाई समयमा नै छपाउने या जिम्मेवार संस्थालाई जिम्मा लगाई दिने गर्नुपर्दछ ।

सबै जसो लेखकहरू वीरशालीलाई सुवासनन्द, शक्ति वल्लभ, गुमानी आदिका समकालीनको रूपमा मान्दछन् । जसलाई शंका छ उनीहरूको लागि यो तथ्य पेश गरेको छु ।

वीरशाली पन्तले वि.सं. १८७५ मा घरजमानी भएर रू. १००१।- कर्जा तिरी दिएको तमसुक निजका वंशज उदयराज पन्तसँगबाट हेर्ने अवसर मिल्यो । वीरशालीले यो तमसुक २०-२५ वर्षको उमेरमा अवश्य गरेनन् होला किनभने पहाडतिर साधरणतया ३०-३५ वर्ष उमेरका व्यक्तिहरूले यसप्रकारको काममा आफूलाई जिम्मेवारी सम्झेको पाइन्छ । जमानी तमसुक आदि काममा परिपक्का व्यक्तिहरू नै लागेको देखिन्छ । यसप्रकार १८७५ वि.सं. मा वीरशाली पन्त अवश्य पनि ३०-३५ वर्षको हुनुपर्दछ भन्ने अनुमानबाट यिनको जन्म १८४५-१८४० हुनुपर्दछ । विद्यारण्य केसरीको जन्म वि.सं. १८६३, यदुनाथको वि.सं. १८६५ भएको हुँदा वीरशाली पन्त यिनीहरूको समकालीन थिए भन्ने कुरा सिद्ध हुन आउँछ ।

यिनको वंशज क्रम यसप्रकार छ ।

उदयराज पन्त

मेघराज पन्त

हरिप्रसाद पन्त

कालीप्रसाद पन्त (जमदग्नी)

यशोधर पन्त

CC-0. In Public Domain. Digitization by eGangotri

वंशजक्रम अनुरूप यशोधरका दुई छोरा मुरलीधर र वीरशाली पन्त हुन् ।

वीरशाली पन्तले आफ्नो परिचय यसप्रकार दिएका थिए भनी यहाँका बूढा पाकाहरबाट मैले यो सुने-

"थर हो पन्त वीरशाली नाउँ, काली किनारमा छ मेरो गाउँ"

यो पंक्तिका कुराहरू तथ्य नै हुँदा वीरशालीकै मान्न उत्ति गाह्रो परोइन ।

उनीबारे धेरे नै किंवदन्ति सुनिन आएका छन् । यसलाई पूर्ण तथा सत्य मान्न गाह्रै पर्ला । पुनः प्राचीन कालका घटनाहरू सुन्दा यो किंवदन्ति उति पत्यार नलाग्दो पनि छैन कि जस्तो लाग्छ ।

"काली गण्डकी र काठे खोलाको दोभान पवित्र कालिका माईको मन्दिर मुनि खुन्द्रुके (बागलुङ) भन्ने स्थानमा नारायणको मन्दिर छ । वीरशाली पन्त उही सप्ताह गरी बसेको बखत रेस काडेस गाउँतिरको कुनै मानिसको घरमा केरा राम्रोसँग पाकेको रहेछ । त्यो मानिसले केरा तपस्वीलाई लगि दिन भनी स्वास्नीलाई भनेछन् । स्वास्नीले आधा घरमा राख्ने र आधा तपस्वीलाई लगे हुन्छ भनिछन् । तपस्वीले पनि यो (केरा) तिमीले ल्याउदा घरमा झगडा भएछ भनी आधा फर्काइ आधा लिएछन् । यसरी घरको कुरा जान्दा महात्माको प्रतिभादेखि छक्क परी आधा काइया केरा लिई फर्केछन् ।"

ईश्वरलाई भेटेको उनको अर्को एउटा किंवदन्ति यस प्रकारको छ ।

वीरशाली पन्त सप्ताह गर्न खुद्रुकेमा आएका रहेछन् । योगी, ब्राम्हण र सर्वसाधरण गरिब गुरूवालाई खुवाउने आदि विभिन्न खाना तयार रहेछ । एक हप्तासम्म पुराण गरे ईश्वर देखा पर्दछ भन्ने धारणा रहेछ । अनेक भेषका ऋषि मुनिहरू आए गए तर एकदिन ईश्वरले जोगीको रूप लिई "वीरशाली ! क्या मिठा" भनी आज्ञा हुँदा "घिउ मिठा" भनेछन् । जोगीले कमण्डलुबाट घिउ हातमा (औंला भन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको भाग) राखी दिंदा तलबाट घिउको धारो नै चुहिएछ र भगवान रहेछन् भन्ने चाल पाई पाउ समात्छु भनी पछि लाग्दा भगवानलाई देख्ने मात्र फेला नपर्ने, जाँदा जाँदा मथुरा वृन्दावनमा पुगेछन् । त्यहाँ भगवानले वीरशालीलाई आज्ञा भएछ 'यस जन्ममा तिमीले मलाई फेला पारेनौ अर्को जन्ममा भेट होला भन्दा शिला स्वरूप भई अझै रही रहेका छन् भन्ने सुनिन्छ ।'

उनी बढा त्यागी र तपस्वी स्वाभावका साधु थिए । मथुरा वृन्दावनमा वीरशाली पन्तको शालिक साँच्चै नै रहेको बारे धेरैले पत्यार गरेका छन् । सम्भवत ! कसैले हेरेर समेत आएका हुन पर्दछ ।

मथुरा वृन्दावनमा वीरशाली वीरशाली पन्त छदाको कतिपय यस्ता किंवदन्तिहरू छन् जुन पत्यार गर्न गाह्रो र कार्यहरू असंम्भव नै लाग्दछन् ।

मथुरा वृन्दावनमा वीरशाली पन्तको प्रशस्त चेला हुनुपर्दछ किनभने अन्दाजी पन्ध्र वर्ष अघि त्यहाँको कोही मानिसले मथुरा वृन्दावन, हवेली गाउँ, नाग पोखरीबाट एकपटक परम गुरू वीरशालीका सन्तानको दर्शन पाउने आशा गर्दछु भनी चिठ्ठी लेखेको रहेछ ।

यसप्रकार वीरशाली पन्तको हवेली गाउँ नाग पोखरीमा देहान्त भएको सत्य सावित हुन आउँछ ।

उनको जन्मस्थानको सम्बन्धमा उनले आफ्ना धेरै धर्महरू खुन्द्रुके स्थानमा सप्ताह, कर्जा तिरेको तमसुक ... ... आदि बागलुङमै गरेबाट उनले बाल र तरूणावस्था बागलुङमै बिताएकाले उनको जन्मस्थान बागलुङ ढिकीचौर मानिन्छ । वीरशालीको वंशजबारे विविध कुरा सुन्दा दन्त्य कथा झैं अत्यन्तै रोचक लाग्दा छन् । प्रत्येकको आफ्नो आफ्नो चाख लाग्दो घटना छ । वीरशाली जस्ता प्रतिभाशाली ब्यक्ति जन्मेको तयो वंशजका पछिल्ला सबै पिढीहरू वडा विद्वान मानिदै आएको प्रतीत हुन्छ । अरू बारे थाहा नभएता पनि भघराजको "काब्यमंजरी" र हरिप्रसाद कृत अनेक रचनाहरू हस्तलिखित रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri

निजका वंशजसँग मौज्दात छन् भन्ने सुनिन्छ ।

वीरशाली पन्तबारे अहिलेसम्म जे जति खोजी गरी पत्ता लगाएको छ, त्यो नगण्य नै मान्नु पर्ला । हाम्रा प्राथमिक कालका कविहरू बारे सही प्रकाश पार्दै जानु हाम्रो साहित्यको मिरमिरे काल अझै स्पष्ट हुँदै जानु हो । वीरशाली पन्त कृत रचनाहरू हामी सबैका साझा सम्पत्ति हुन् यी अमूल्य सम्पत्तिबारे सबैको ध्यान जानु आवश्यक छ ।

काजीरोशन

साभारः मानसरोवरमा डुबुल्की मार्दा-२०३५

CC-0. In Public Domain. Digitization by eGangotri

पं. वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश

नेपाली कविता-साहित्यको प्राचीन कालका कविहरूमा उल्लेखनीय व्यक्ति मानिदै आएका पं. वीरशाली पन्तका बारेमा जिज्ञासा बढ्दै गएको पाइन्छ । उनको विषयमा कालो अक्षर पार्ने पहिला व्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य नै हुन् । हालसम्मका साहित्यकारहरूले वीरशाली पन्तको जन्म र मृत्युको टुङ्गोमा नपुगी अध्यारोमा झटारो हानेका पाउँछौं । यस लेखमा ती वीरशाली पन्तको जीवनमा मिलेको नयाँ प्रकाश र उनकै सम्बन्धको एउटा कागजको पनि परिचय दिई उनको जीवनीको नयाँ प्रकाश पार्ने उद्देश्य रहेको छ ।

इतिहास शिरोमणि बाबुराम आचार्यले "पुराना कवि र कवितामा" पं. वीरशाली पन्तलाई इन्दिरस, विद्यारण्य केशरी तथा वसन्त शर्माका समकालीन मानेका छन् ।[१] पं. वीरेन्द्रकेशरी अर्ज्यालले वर्णन गरेको वीरशाली पन्तकृत "कृष्ण चरित्र", "लाश न सास" भएको छ । श्री कमल दीक्षितले "बुइगलमा" श्री सूर्यविक्रम ज्ञवालीको सूक्ष्म जानकारीलाई प्रकाश पार्ने काम गरेका छन् ।[२] इतिहासकार श्री जगदीशचन्द्र रेग्मीले "सात साहित्यिक र ऐतेहासिक अभिलेख" मा वीरशाली पन्तलाई छोएका मात्र छन् ।[३] श्री तारानाथ शर्माले "नेपाली साहित्यको ऐतिहासिक परिचय" मा वीरशाली पन्तको न्वारान वि.सं. १८६० मा गरेका छन् ।[४] त्यसरी नै श्री यज्ञराज सत्यालले "नेपाली साहित्यको भूमिका" मा वीरशाली पन्तको नाम छपाएका छन् ।[५] अभ्यन्तरमा आएर प्रा. श्री बालकृष्ण पोखरेलले उनको "नेपाली भाषा र साहित्य" भन्ने कृतिमा पं. वीरशाली पन्तको "विमलबोधानुभव" खोजी प्रकाशित गराइ उल्लेखनीय काम गरेका छन् ।[६] कवि वीरशाली पन्त नाममा परिचित

CC-0. In Public Domain. Digitization by eGangotri

तर कृति अपरिचित छन् भनी श्री केशवप्रसाद उपाध्यायले अनुभूति प्रकट गरेका छन् ।[७]

वीरशाली पन्तको जीवनी यथार्थरूपमा खोजी गर्ने प्रयास हालसम्मको श्रेय श्री काजी रोशनले पाएका छन् । उनले आफ्नो कृति "मानसरोवरमा डुबुल्की मार्दा" मा वीरशाली पन्तकृत "कृष्ण चरित्र" मा छ हजार संस्कृत र छ हजार नेपाली पद्यका गरी जम्मा बाह्र हजार श्लोकबद्ध छ भनेका छन् ।[८] उक्त कृतिको एक तृतीयांश स्व. बालकृष्ण सम कहाँ, दोस्रो तृतीयांश ढुण्डीराज शर्माकहाँ (गुल्मी) र अन्तिम तृतीयांश वीरशाली पन्तका वंशज उदयराज पन्तसँग छ भन्ने कुरा पनि काजी रोशनले लेखेका छन् ।

वीरशाली पन्त संस्कृतका धुरन्धर विद्वान थिए । उनी तत्कालीन बाईसी र चौबीसी राजाहरूकहाँ पनि आईजाई गर्दथे । काठमाडौंतिर पनि उनको प्रभाव परेकै थियो । उनी आशुकवि पनि थिए । उनी विवाहादि कार्यमा श्लोक जुधाउँदा जहिले पनि पगरी पाउँथे भन्ने कुरा कीर्तिराज पण्डितबाट थाहा हुन आएको छ ।[९] पं. वीरशाली पन्तले वैराग्य आएपछि जातपात मान्न छोडेको कुरा बागलुङतिर सुनिन्छ । ती वीरशाली पन्तका बारेमा यस्ता कुराहरूले गर्दा निबन्धकारलाई केही खोजी गर्ने चाख बढ्न गएको हो ।

त्यस खोजीको प्रसङ्गमा वीरशाली पन्तबारे एउटा नयाँ कुरा पत्ता लाग्न गएको छ । उनले त्याग तथा योगको दीक्षा गुल्मी रेसुङ्गाका स्वामी सन्त शशिधरबाट प्राप्त गरेका हुन् भन्ने कुरा "वाणोपनिषद्" मा उल्लेख गरिएको छ । त्यसको केही अंश यहाँ वर्णन गरिन्छ ।[१०]

"शशिधर स्वामी रेसुङ्गामा आफ्नो आश्रममा थिए । उनको आश्रममा वरिपरिबाट आएका धेरै भक्तजनहरू बस्तथे । सामान्य गाउँलेहरू दिनको समयमा घरबाट आई दर्शनभेट गरी घर फर्कन्थे । श्री ५ महाराजाधिराज रणबहादुर शाहबाट आफूलाई "स्वामी महाराज" घोषित गरी शशिधर स्वामीबाट दीक्षित भइसकेपछिको (वि.सं. १८५७)

CC-0. In Public Domain. Digitization by eGangotri

यो घटना हो । बागलुङका एकजना ब्राम्हण "पन्त" जो कट्टर कर्मकाण्डी थिए. "स्वामीको दर्शन गरूँ. केही ज्ञान प्राप्त गरूँ" भन्ने उद्देश्यले रेसुङ्गामा आएछन् । ३/४ दिन लगातार पैदल हिडेका रेसुङ्गा पुग्ने दिन छल्दी खोलो तरेर वनको बाटो उकालो चढ्नु पर्दा बडो मुश्किलले साँझमा चुचुरामा पुगेछन् । स्याउला र खरले छाएका आठ, दश वटा छाप्राहरूको एउटा सानो बस्ती (आश्रम) थियो । अरू छाप्राहरूभन्दा लगभग सयगजको दुरीमा स्वामीजीको एक्लो कुटी थियो । आगन्तुक पण्डितजी भक्तहरूसँग सोधपुछ गरी स्वामीका कुटीभित्र पसे । स्वामीजी कुशाशनमा पलेटी कसेर आँखा चिम्ली ईश्वरात्मामा तल्लीन हुनुहुन्थ्यो ।

दुई घडी रात बितेपछि स्वामीजीका आँखा उघ्रे । तत्कालै पण्डितजी स्वामीका पाउमा परी स्वामीजीले उनको मुखाकृतिबाट टाढाबाट आउँदा थाकेको बुझी अझ भक्तहरूसँग विश्राम गर्न भनी संकेत गरे र यत्तिकैमा एउटी सेतै फुलेकी करीब सत्तरी वर्षकी तेजस्विनी भक्तिनी बूढीले एउटा ताप्केमा भात ल्याई स्वामीजीका अघिल्तिर राखिदिइन् । अर्को एउटा सानो ताप्केमा सागपातको तिउन पनि उनले भातसँगै राखिदिइन र एउटा कमण्डलुमा पानी पनि राखिदिएर उनी आफ्नो छाप्रोतिर गइन् । स्वामीजीले पनि आगन्तुकका निम्ति खानपिनको व्यवस्था गर्न तिनै भक्तिनीलाई अह्राएर उनका अगाडि भात र तिउन अर्का भाँडामा नपसि ककन (पकाएकै ताप्केहरूमा) सपासप खान थालेछन् । यस व्यवहारबाट अज्ञानी पण्डितजी तीनछक परे । -"प्रभुले गुन्द्रीमा बसेको बस्यै भात खाए. लाएको दौरा छोडाएर चोखो धोती फेरेनन्. भात त्यति टाढाबाट आयो. स्वामीले न हातगोडा धोए. न पञ्चायनको धूपबत्ती गरे. न सन्ध्या जप गरे यो के आश्चर्य होइन ?

आगन्तुकले स्वामीसंग केही कुरा गरेनन् चूपचाप उठी एउटा भक्तसंग छाप्रोमा रात बिताए । उनले मनमनै सोचे- "यिनी प्रभु कर्मभ्रष्ट रहेछन्. व्यर्थमा धोका भयो तैपनि टाढाबाट आएको छु यिनी

CC-0. In Public Domain. Digitization by eGangotri

व्यभिचारी पनि छन् कि- दुईचार दिन यहीं बसी यिनको क्रियाकलाप हेर्नुपऱ्यो । ज्ञान पाउने कुरा सकियो । यस्ता आचारहीन व्यक्तिले कसरी मान्छेलाई आकर्षित गरेका रहेछन्, त्यति मात्र बुझेर फर्किनु पर्ला ।"

अर्को दिन पण्डितजी ब्रम्ह मुहुर्तमा उठी स्नान, सन्ध्या, तर्पण बलि, वैष्णवदेव, पूजापाठ आदि सबै दैनिक नियम आचार समाप्त गरी सूर्योदयको बेलामा स्वामीका कुटीमा पुगे । स्वामी ध्यानस्थ थिए । एक एक गरी धेरै भक्तहरू अगाडि थुप्रिएपछि, सूर्य माथि निस्किसकेपछि, स्वामीका आँखा उघ्रे । त्यसपछि ब्रम्हाज्ञानसम्बन्धी स्वामीजीका वार्तालापले दिनको बाह्र बजायो । बेलुकीकै तरहले स्वामीजीलाई एउटा ताप्केमा भात र अर्को ताप्केमा तिउन आयो । दौरा लगाएको लगायै पकाएकै भाँडामा स्वामीजीको ज्यूनार भयो । स्वामीज्यूले सन्ध्या, तर्पण, बलि वैश्वदेवको त के कुरा नुहाउने काम पनि गर्नुभएको देखिएन । पण्डितजीले साह्रै ताजुव मानी स्वामीलाई सोधे- "प्रभुजी हजूरले नुहाई धुवाई पूजापाठ इत्यादि केही पनि गर्नुभएन । धोती फेर्नुभएन, पकाएकै भाँडामा भात खानुभयो । तपाईलाई कुन किसिमको ज्ञान प्राप्त भयो ?"

त्यसपछि स्वामीजीले उनलाई उत्तर दिनुभएछ- "पण्डितजी म पनि तपाई जस्तै कर्मशील आचारनिष्ठ थिएँ । जुन ठाउँमा जन्मिएको थिएँ, मेरो उही सावित्री कर्म सम्पन्न भएको थियो । मेरा पूर्वज आचारनिष्ठ वैदिक ब्राम्हाण थिए । एक पटक बदरिकाश्रमतर्फ गएको थिए । उहीं तेजस्वी तपोनिष्ठ ब्रम्हाज्ञानीहरूको दर्शन पाएँ । उनीहरूको असांसारिक तेजबाट प्रभावित भएर म घर आएपछि गौतम बुद्धले झैं तर परिवार छोडी यतातिर लागे । मलाई हिजो आज स्नान, सन्ध्या, पूजा, पाठ, तीर्थव्रत, उपवास, यज्ञ, जप इत्यादि कर्मकाण्डको कुनै मोह छैन । म कर्म निरपेक्ष छु । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, यी ६ वटा शत्रु जितेपछि कर्मको प्रयोजन छैन । अज्ञानावस्थामा जीवले संस्मरण गर्छ । ज्ञानावस्थामा सांसारिक क्रिया केही छैन । भोक, तिर्खा, निद्रा, आलस्य इत्यादि शरीरका गुण हुन् । ममा भोक, तिर्खा, निद्रा केही

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । म कर्म समुद्रलाई पार गरेर पल्लो तटमा पुगेको छु । तपाई त्यही समुद्रमा गोता लगाउँदै हुनुहुन्छ । फरक यत्ति हो । तपाईलाई त्यो कर्ममय संसार-समुद्र पार गर्न अझ धेरै संघर्ष गर्नुपर्छ, धेरै समय पनि लाग्नेछ । जन्म, मृत्यु, जरा, रोग इत्यादि सब शरीरका गुण हुन् । जीव अजन्मा, अजर, अमर, अव्याधि, अविनाशी, एक रुप, शुद्ध बुद्ध निष्कलंक छ । जीवात्मा ब्रम्हादेखि अभिन्न छ । पृथ्वीदेखि घडा अभिन्न भएजस्तै । तपाई त्यही घडाको रूपरंग सिगार्नमा, फूलबुट्टा भर्नमा तत्पर हुनुहुन्छ । म भने त्यस घडाभित्रको आकाशमा छु । तिमी घटलाई नै सम्झिरहेका छौ, त्यसैलाई जोगाउन तत्पर छौ । मैले यस घडालाई फुटालिसके । यसैले फुटेको घडा सिगार्न नपर्ने भएकाले मलाई कर्मकाण्डको आवश्यकता छैन ।"

यसरी सात दिनसम्म शशिधर स्वामीबाट ज्ञानका कुरा सुनेपछि पण्डितजी स्वामीजीले खाएर बाँकी रहेको पूरा ताप्के पुछपाछ गरी खान थाले । केही दिनपछि उनी आफ्नो घरतिर फर्के

वीरशाली पन्तका वंशज उदयराज पन्तसँग भेटी केही कुरा बुझ्ने इच्छा भएकोले उनीसँग भेट पनि भयो । नीजं २०१२ सालमा काठमाण्डु तीनधारा पाठशालामा बस्ता पद्मनाथ केशरीले "हरिहर हरिभक्त वीरशाली अविका" भन्ने श्लोक सुनाएका हुँन् भनी भनेका छन् । वीरशाली पन्तको जीवनीलाई उदयराज पन्तले यस्तो कविता पनि रचेका छन् जुन यस्तो छ ।"

पूर्व मेची पश्चिम काली भित्र पर्ने देशमा,
मूसीकोट जाजरकोट बझाङ्गको राजमा ।
घुम्दै फिर्दै कीर्ति छर्दै गए वीरशाली,
सुशिक्षा गौरव राखी फर्के स्वदेशमा ।
धौलागिरि अञ्चलको बाग्लुङ्ग भन्ने ठाउँमा,
जन्मलिए वीरशाली ढिकीचउरे गाउँमा ।
जवानीमा चद्दै गए भक्ति रसमा लागे,

CC-0. In Public Domain. Digitization by eGangotri

कालीकाको मन्दिरमुनी गए खुन्दुर्कीमा ।
फलफूल आहार गरे घरबार त्यागे,
विदा भए घरवार आए कालीकामा ।
एउटा गुफा भित्र पसी तपस्यामा लागे,
प्रकट भइन् भगवती उनको अगाडिमा ।
तिम्रो तप पुरा भयो भन्ने वर पाए,
यस्तो वर जब पाए वृन्दावनमा लागे ।
वृन्दारण्य भित्र पर्ने पोखरीको बीचमा,
तप गर्दा वीरशाली शीलापट्ट बने ।

माथिका उद्धहरणहरूबाट यो स्पष्ट हुन्छ कि वीरशाली पन्त वि.सं. १८५७ पछि रेसुङ्गा पुगेका थिए । त्यसबेला तिनी धर्मशास्त्रका पण्डित थिए । ब्राम्हणलाई पण्डित हुन पुग नपुग २० वर्ष लाग्दछ । पण्डितको तात्पर्य हुन्छ "सत् विवेकशाली बुद्धि" भएको पुरूष । तसर्थ यो भन्न सकिने ठाउँ छ कि उनको जन्म १८४० भन्दा अगाडि नै भएको हुनुपर्छ । रेसुङ्गाका स्वामी शशिधरको संगत्ले उनलाई नयाँ ज्ञान मिल्यो । त्यसपछि उनी आफ्नो जन्मस्थान बागलुङ फर्के । तर उनको कृष्णभक्ति मार्ग सवल हुँदै गयो । उनी जितेन्द्रिय भए । बागलुङकी कालीदेवीको मन्दिरको आश्रममा बस्न थाले । उनी बसेको ठाउँलाई खुदुर्के भनिन्छ, जहाँ ५, ६ वटा आँपका रूख र ३, ४ वटा जीर्ण कुटी छन् । तर उनी बसेको निशान त्यहाँ किंवदन्ती बाहेक केही मिलेको छैन । बागलुङकी भगवतीको वि.सं. १६०० ताका पर्वतका राजा नारायण मल्लले पाल्पाका राजा मुनि मुकुन्दसेनकी छोरी विवाह गर्दा दाइजोस्वरूप ल्याई काली नदी र काठे खोलाको दोसाँध उपत्यकामा स्थापना गराएका थिए ।[१२] वीरशाली पन्तले उनै काली देवीको दर्शन पाएको कुरा उदयराज पन्तले उल्लेख गरेका छन् । काजी रोशनले एउटा लोककथाको रूपमा वीरशाली पन्तलाई वृन्दावन गएको परिस्थितिको उल्लेख गरेका छन् ।[१३] वीरशाली पन्तकृत "कृष्णचरित्र" को केही अंश हो भनी नीज

CC-0. In Public Domain. Digitization by eGangotri

उदयराजले यी पंक्तिहरू भनेका हुन् :

"परं तत्वं यही हो जानी बुझी उजारी मनपरी ।
मुरारि कंशारि हरि हरि भजौं श्री नरहरि ।।"

पण्डित वीरशाली पन्तको विषयमा खोजी गर्दै जाँदा उनको जीवनका केही उल्लेखनीय घटनाहरू पनि थाहा भएका छन् । वि.सं. १८७५ मा उनी घरजमानी भै रू. १००१ कर्जा तिरी गरिदिएका तमसूक उदयराज पन्तसँग छ भन्छन् । यस आधारबाट उनी ३०-३५ वर्षका भएको अट्कल काजी रोशनले लगाएका छन् जुन मिल्दो जुल्दो पनि छ । अब कौतुहलको विषय छ उनको देहान्त कहिले भयो भन्ने कुरा । त्यस सम्बन्धमा उनको जीवनी पनि उल्लेख गरियो जसबाट उनी वैष्णव त्यागीका रूपमा प्रकट भएका छन् । उनको अन्तिम काल वृन्दावनमा बितेको कुरा र उनी त्यतै स्वर्गीय भएका कुरामा कुनै शंका छैन । तापनि वि.सं. १८८६ सालसम्म वीरशाली पन्त बागलुङ नै भएको प्रमाण पाइएकोले उनी त्यो बेलासम्म जीवितै भएको कुरा सिद्ध हुन्छ. त्यो कागज यस प्रकार छ[१४]

श्री ६ गुरुज्यू   श्री ५ राजा
५   ३

स्वस्ति श्री सम्वत् १८८५ साल मिति माघ वढि ५ रोज ५ मा लिखितं वीरशाली पंडित् आगे गावको घडेरीको बारी हाम्रो अंश श्री काकाज्यू हर्षदेव पन्तलाई — — को जफती छंज्याल् दस्तुर तिरि चलन गर्नू
३
कोही दिनमा बिन्ति फिराया भन्या पनी — — दक्षिणा भनि चरणकमलमा
५
रहखया येश वातका साक्षी कीतिधरपन्त कपिलमुनी पन्त लेषक साक्षी श्रीधरपन्त

माथि वर्णन गरिएको कागजअनुसार वीरशाली पन्त वि.सं.

CC-0. In Public Domain. Digitization by eGangotri

१८९६ सम्म जीवितै रहेछन् भन्ने जानकारी एकातिर दिन सकेको पाइन्छ भने अर्कातिर उनले आफ्नो गाउँ बागलुङ ढिकीचौरको घडेरी आफ्ना काका हर्षदेव पन्तलाई दस्तुर तिर्नेगरी चलन भोग गर्न दिएको कुरा चाल पाइन्छ । यत्ति मात्रै भए पनि पण्डित वीरशाली पन्तको बारेमा जिज्ञाशा राख्ने महानुभावहरू, नेपाली साहित्यानुरागीहरू, तथा इतिहासप्रेमीहरूका निम्ति सहयोग हुनेछ भन्ने ठान्दै, नेपाली इतिहासको यो पुनर्जागरण युगमा आफूलाई अनुसन्धानमा समर्पण गर्ने विद्वान् एवं विदुषीहरूका निम्ति अन्य कुराका खोजी गरी प्रकाश पार्ने आग्रह राख्तै यो छोटो एवं अपुष्ट निबन्ध यहीँ टुङ्ग्याउँछु । अस्तु

पादटिप्पणी र सन्दर्भ ग्रन्थ

१. बाबुराम आचार्य, पुराना कवि र कविता, (साझा प्रकाशन, ललितपुर, नेपाल) २०३५, पृष्ठ ७-८

२. कमलमणि दीक्षित, बुइँगल, (साझा प्रकाशन ललितपुर, नेपाल) २०२८, पृष्ठ-३३३

३. जगदीशचन्द्र रेग्मी, सात साहित्यिक र ऐतिहासिक अभिलेख, (रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं), २०२३, पृष्ठ १-७३

४. तारानाथ शर्मा, नेपाली साहित्यको ऐतिहासिक परिचय, (सहयोगी प्रकाशन, त्रिपुरेश्वर, काठमाडौं), २०२९, पृष्ठ-२३

५. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, (रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं), २०३२, पृष्ठ ११६-१२२

६. यज्ञराज सत्याल, नेपाली साहित्यको भूमिका, (रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं), २०२६, पृष्ठ-९

७. केशवप्रसाद उपाध्याय, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति, (साझा प्रकाशन, ललितपुर, नेपाल), २०२६, पृष्ठ-३३७

८. काजी रोशन, मानसरोवरमा डुबुल्की मार्दा, (साझा प्रकाशन, ललितपुर, नेपाल), २०३५, पृष्ठ, ८९-९५

CC-0. In Public Domain. Digitization by eGangotri

९. पं. कीर्तिराज पन्त, वर्ष ६४, बागलुङ जिल्ला, हरिचौर आदर्श गा.पं. वार्ड नं. ९ संगको मिति २०३८ फागुन २३ गतेको भेटवार्ताबाट ।

१०. सन्त शशिधरको वाणोपनिषद्, (किरण पुस्तकालय, तम्घास, गुल्मी), २०३३ (लेखनाथ जयन्ती), पृष्ठ, ७-१० । शमशेरबहादुर थापा, रणवीसिंह थापा, (जगदम्बा प्रकाशन, ललितपुर, नेपाल), २०२३, पृष्ठ, १४२-१४३

११. उदयराज पन्त, "वीरशाली (पद्य)", ज्योति (वार्षिक मुखपत्र), (विद्यामन्दिर बहुउद्देश्यीय विद्यालय, बागलुङ) कुआण्टम चौथो, २०२८, पृष्ठ-३१

१२. विदूर खड्का, "बागलुङकी भगवती र चैते दशैं मेला", स्वतंत्र विश्व, (नेपाल अमेरिकी पिसकोर अफिस, काठमाण्डौं), २०३६, पृष्ठ ३०-३३

१३. काजी रोशन, पूर्ववर्णित, पादटिप्पणी नं. ८, पृष्ठ, उही

१४. पं. कीर्तिराज पन्तको संकलनमा रहेको नेपाली कागत सक्कलको नापो लम्बाइ १२ अंगुल चौडाइ ४ अंगुल छ । यो अभिलेख जम्मा ६ पंक्तिको नेपाली कालो (मुसिरे कटुसको) मसीले लेखिएको छ । यसको फोटोकपि गर्ने अनुकूल यति बेला नपर्दा हुबहू उतार्ने प्रयत्न मात्र भएको छ । मौका मिलेपछि पेश गर्नेछु ।

डा. राजाराम सुवेदी

साभार : प्रज्ञा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
वि.सं. २०४०, पूर्णाङ्क ४५, पृष्ठ १५-२१

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्त र उनका कविता

धवलागिरि अञ्चलको बागलुङ जिल्लाको ढिकीचहुरे भन्ने गाउँमा लगभग वि.सं. १८४० भन्दा अगाडि नै जन्मिएका ठानिने वीरशाली पन्त प्राग्भानुभक्तीय युगका भक्तिवादी कवि हुन् । 'यिनले आफ्नो गाउँभन्दा अन्यत्र नै गएर सुशिक्षा पाएका र शिक्षित भएपछि स्वदेश फर्केको' कुरा उल्लेख गरेको देखिंदा सम्भवतः यिनी शिक्षाभ्यासका लागि काशी गएको अनुमान हुन्छ । यिनमा युवावस्थादेखि नै भक्तिप्रति अनुराग रहेको थियो । यिनले भगवतीको उपासना गरेका थिए । खुन्द्रर्की भन्ने ठाउँमा रहेको कालिकाको मन्दिर मुनि पुगेर फलाहार मात्र गरी यिनले तपस्या गरेका र त्यसपछि घरमा आएका थिए । त्यसपछि अर्को ओडार (गुफा) मा पसी यिनले पुनः तपस्या गरेपछि भगवती प्रसन्न भएर तिम्रो तपस्या पूरा भयो वर माग भनिछन् । भगवतीको दर्शन पाएपछि वीरशाली वृन्दावनतिर लागे र पुनः त्यही तपस्या गर्दागर्दै शिलामा परिणत भएका थिए । उनका सम्बन्धमा लेखिएको उदयराज पन्तको कविताबाट उपर्युक्त कुरा खुल्न आएको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने वीरशाली पन्त देवीका भक्त रहेछन् र यिनलाई युवावस्थादेखि नै घरबार (गृहस्थी) भन्दा उपासना क्षेत्र नै मनपर्दो रहेछ ।

वीरशाली पन्त संस्कृतका धुरन्धर विद्वान थिए । उनमा तुरून्त कविता लेख्न सक्ने गुण थियो । तत्कालीन बाईसी र चौबीसी राजाहरूकहाँ यिनको आवतजावत वा सम्पर्क थियो । गाउँका विवाहादि कार्यहरूमा रातभर श्लोक भन्ने रहरले प्रभावित वीरशाली पन्त वैराग्य-बोध भएपछि मानवीय जातपातलाई वास्ता गर्दैनथे । गुल्मीको रेसुङ्गामा

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी शशिधरबाट यिनले त्याग र योगको दीक्षा पाएका थिए । वीरशाली पन्त वि.सं. १८५७ मा रेसुङ्गामा पुगेका थिए । सन्त शशिधरको आश्रममा पुगेपछि यिनलाई त्यहाँका केही कुरा र घटनाले आश्चर्यचकित पारेको थियो । प्रथमतः शशिधरको लुगा नफुकाली भोजन गरेको देख्ता उनलाई आश्चर्य लाग्यो त्यस सम्बन्धी जिज्ञासा प्रकट गर्दा शशिधरले भनेछन्- 'बाबु मैले यस घडालाई फुटालिसकें ।' अर्थात् म वर्णाश्रम व्यवस्था मान्दिन । शशिधरका यस्तै तर्क र विचारहरूले वीरशाली पन्तलाई त्याग र योगमार्गमा आकृष्ट गरायो । त्यसैले उनले शशिधरबाट दीक्षा ग्रहण गरेका हुन् ।

यिनको निधन कहिले भयो भनेर किटान गर्न सकिदैन, तापनि वि.सं. १८८६ सम्म यिनी बागलुङमै थिए भन्ने कुरा एउटा पुरानो कागतबाट प्रमाणित भएको छ ।[1] वीरशाली पन्तका विषयमा सर्वप्रथम वि.सं. २००३ सालमा बाबुराम आचार्यले सूचना दिएका थिए ।[2] त्यसपछि बालकृष्ण पोखरेलले उनका विषयमा महत्त्वपूर्ण खोजी गरे ।[3] वीरशाली पन्तका विषयमा कमलमणि दीक्षित (बुइँगल), जगदीशचन्द्र रेग्मी (सात साहित्यिक र ऐतिहासिक अभिलेख), तारानाथ शर्मा (नेपाली साहित्यको ऐतिहासिक परिचय), यज्ञराज सत्याल (नेपाली साहित्यको भूमिका) प्रवृत्ति नेपाली लेखकहरूले आफ्नो जिज्ञासालाई कायमै राखेका छन् । यिनका कृतित्वको खोजी अहिले पनि भइरहेको छ । यस सम्वन्धमा बागलुङका काजी रोशनले वीरशाली पन्तको कृष्णचरित्र सम्वन्धी एउटा थप सूचना दिएका छन् ।[4] वीरशालीका कृतिको खोजी गर्ने काम भइरहेको छ ।

---

१. राजाराम सुवेदी, पं. वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश, ने.रा.प्र.प्र. प्रज्ञा, पूर्णाङ्क ४५, वि.सं. २०४०, पृ. १५-२१

२. बाबुराम आचार्य, पुराना कवि र कविता पूर्ववत् पृष्ठ. ७

३. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, काठमाडौं, रत्नपुस्तक भण्डार, वि.सं. २०२१, पृ. ११६

४. राजाराम सुवेदी, ऐजन ।

CC-0. In Public Domain. Digitization by eGangotri

वीरशाली पन्तले के कति पुस्तक र फुटकर कविताहरू लेखेका थिए र ती कसका जिम्मामा छन्, अहिलेसम्म खोजीकै विषय छ । वर्तमान समय समयमा फेला परेका वीरशाली पन्तका कृति चाहिँ हुन्- (१) वाणोपनिषद् र (२) विमलबोधानुभव । यिनको तेस्रो कृति चाहि कृष्णचरित्र हो । यो कृति अहिलेसम्म उपलब्ध भइसकेको छैन । काजी रोशनका अनुसार यस कृष्णचरित्रमा ६ हजार संस्कृत र ६ हजार नेपाली श्लोक छन् । यस विशाल ग्रन्थको एक तृतीयांश भाग स्व. बालकृष्ण समकहाँ, दोस्रो तृतीयांश भाग गुल्मीका ढुण्डिराज शर्माकिहाँ र अन्तिमचाहिँ वीरशाली पन्तकै वंशज उदयराज पन्तसँग छ । उक्त जानकारीअनुसार स्वर्गीय बालकृष्ण समको जीवित पारिवारिक सदस्यहरूसँग बुझ्दा प्राप्त हुन नसकेकोले काजी रोशनको ग्रन्थ विभाजनसम्वन्धी प्रस्तावनामा पुनः विचार गर्नुपर्ने देखिन्छ । कृष्णचरित्र हुँदै नभएको होइन । सो कुरालाई काजी रोशनले नै उद्धृत गरिदिएका श्लोकबाट प्रमाणित भएको छ-

परं तत्त्व यही हो जानी बुझी उजारी मनपरी
मुरारि कंसारि हरि हरि भजौं श्री नरहरि ।[५]

कृष्णचरित्रको खोजी बाबुराम आचार्यबाट नै हुन थालेको हो । मेघराज पन्तले आफ्ना जिजुबाबुले लेखेको श्रीकृष्णचरित्रको उल्लेख बाबुराम आचार्यसँग गरेका थिए, तर सो पुस्तक फेला पार्न नसकेको पनि जानकारी दिएका थिए । त्यसै गरी वीरेन्द्रकेशरी अर्ज्यालले पनि सो कृष्णचरित्र हेर्न पाएको कुरो बाबुराम आचार्यसँग भनेका हुँदा[६] सो ग्रन्थको अस्तित्वमा शङ्का गर्न सकिदैन । तर अहिलेसम्म सग्लो रूपमा रहेको वा नासिएको कुरा खुल्न नआउँदा आशाका किरणहरू ओइलाएका छैनन् । वीरशाली पन्त वा यिनका वंशधरहरू पाल्पाली राजाका पुरोहित थिए । पाल्पाको पतनपछि यिनीहरू भागेर भारततर्फ गए ।

५. राजाराम सुवेदी, ऐजन ।

६. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, पूर्ववत् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसै अवसरमा वीरशालीले वैष्णव विचारधाराका कविताहरू रचेका थिए । उनका अरू कविताहरू पनि हुनु सम्भव छ भन्ने बालकृष्ण पोखरेलको मत छ ।[७] सूर्यविक्रम ज्ञवाली गोपिकास्तुति र द्रौपदीविलाप इन्दिरस र विद्यारण्यकेशरीका नभै वीरशाली पन्तकै हुन भन्दछन् ।[८] तर यो कुरो प्रमाणित भएको छैन । वीरशाली पन्तको वाणोपनिषंद् गुल्मी तम्घासका शशी पन्थीसँग छ भन्ने कुरा थाहा भएको छ ।[९] निजबाट सो कुरा प्राप्त गर्न गरिएको प्रयत्न असफल भएको छ ।

विमलबोधानुभव वीरशाली पन्तको एक मात्र प्रामाणिक ग्रन्थ हो । यस ग्रन्थको खोजी गर्दै बालकृष्ण पोखरेल भन्दछन्- 'यिनलाई अब वेपत्ता भएको कविको कोटिमा दर्न नसकिने भएको छ । यी पङ्क्तिका लेखकले वीरशाली पन्तकृत 'विमलबोधानुभव' भन्ने एउटा साढे अठासी श्लोक ग्रन्थ फेला पार्न सकेको छ । यो हस्तलिखित ग्रन्थ अब मदन पुरस्कार पुस्तकालयद्वारा सुरक्षित छ ।[१०]

विमलबोधानुभव शिखरिणी छन्दमा लेखिएको काव्य हो । यसमा सर्गहरूलाई तरङ्ग भनिएको छ । यो काव्य ६ तरङ्गहरूमा वर्गीकृत गरिएको छ । पहिलो तरङ्गमा एघार श्लोक, दोस्रोमा साढेसात, तेस्रोमा चौध, चौथोमा एघार, पाँचौमा सात र छैटौंमा अठ्तीस श्लोक छन् भन्ने पोखरेलको भनाइ छ ।

यस काव्यमा विष्णुको आध्यात्मिक गान गरिएको छ । 'ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन शरीर आदिबाट जड र चेतनको बोध हुन सक्तछ । यस्तो कुरो बुझाउन यो विमलबोधानुभव बनाएको हुँ । मेरा सहयोगी कोही छैनन्, हरिलाई नै प्रेरणाको आधार मानको छु ।' आदि भाव भएको मङ्गलाचरणबाट काव्यको थालनी भएको छ । उद्धृत कविताहरू हेर्दा वीरशाली पन्त वैराग्यबाट उत्प्रेरित देखिन्छन् । उनमा उपदेशात्मकता

---

७. बालकृष्ण पोखरेल, ऐजन ।
८. बालकृष्ण पोखरेल, ऐजन ।
९. राजाराम सुवेदीसँगको मौखिक वार्तालापबाट प्राप्त जानकारी ।
१०. बालकृष्ण पोखरेल, पूर्ववत्, पृ. ११६

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोजनीय छ । वीरशाली पन्तको आत्माको व्याख्या गर्ने प्रयत्नमा देखिन्छन् । यिनको यस प्रवृत्तिलाई भानुभक्त आचार्यको रामगीतासँग तुलनात्मक रूपले अध्ययन गर्न सकिन्छ । यिनका कवितामा 'द' ध्वनि 'घ' भएको छ । जस्तो 'घषियाका मेरा म पनि घषिन्याको घषिन्य हुँ ।' 'ख' ध्वनि 'ष' मानेर लेखिएको कुरा त सामान्य नै भयो । विमलबोधानुभव आत्मा, देह, योग र हरिचरणजस्ता विषयमा प्रकाश पारिएको दार्शनिक ग्रन्थ हो । यसको पठन-पाठनमा त्यति नीरसता छैन । धवलागिरि अञ्चल, बागलुङ जिल्लाको नेपाली भाषिकाका छनक वा प्रयोग यहाँ पढ्न पाइन्छ । काव्यको अन्त्यमा यिनले दिएको आत्म परिचयको श्लोकको सारांश यस्तो छ- 'यी वीरशाली पन्त हरिचरणका दीन दास हुन् । मजस्ता गरीपले गाया (बनाएको) को काव्यबाट ज्ञान गुनका कुरा बुझी लाभ उठाउनुहोस् । यस विमलबोधानुभवबाट श्रद्धापूर्वक हरिको चरण कमलमा प्रेम हुन गएमा जन्म र मरणका सम्पूर्ण दुःखहरू नाश हुनेछन् ।'[११]

वीरशाली पन्तको अन्तिम काल वृन्दावनमै बितेको थियो र त्यही उनी स्वर्गीय भए । उनको निधनचाहिँ कुन वर्ष भयो भन्ने कुरो अनुत्तरित नै छ।

वीरशाली पन्तका काव्यमा विचरण गर्दा स्पष्टतः के भन्न सकिन्छ भने उनी साधु स्वभाव भएका लहडी कवि थिए । उनमा नयाँ नयाँ कुरा सिक्ने र बुझ्ने जिज्ञासा थियो । उनी काव्य उन्नयनका लागि सिद्धिको आवश्यकता अनुभव गर्दथे । त्यति मात्र होइन, ज्ञान प्राप्ति र मोक्ष प्राप्तिका निमित्त पनि भगवद्भक्तिको आवश्यकता अनुभव गर्दथे । ईश्वरीय कृपाबाट नै मानिसका एषणाहरू परितृप्त हुन्छन् भन्ने किसिमको विश्वास उनमा रहेको थियो । हृदयतः उनमा ईश्वरप्रति आस्था थियो । आफूले अनुभव गरेको ज्ञान वा चेतना अन्य जनसमुदायमा समेत विस्तार गर्ने उनको अभीष्ट काव्यका रूपमा प्रस्फुटित भएको मान्न सकिन्छ ।

---

११. बालकृष्ण पोखरेल, पूर्ववत् ।

डा. गोपालप्रसाद भण्डारी

साभार : प्रागभानुभक्तीय नेपाली काव्य, ने.रा.प्र.प्र. २०५३ पृ. १८४-१८८

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१

दयाराम पन्थको ऋण वीरशाली पन्तले तिरी दिएको पुरानो पत्रको नमुना यसप्रकार छ ।

(१८६ वर्ष पूर्वको भाषिक संरचना)



CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-२

बागलुङ गैंह्रागाउँ ढिकीचौर स्थित भगी पन्त र वसु पन्त अन्तर्गत भगी पन्त तर्फको मात्र पुर्ख्यौली वंशावली



पन्त पुर्ख्यौलीहरूमा १४ थरीका पन्तहरू देखिन्छन् । ती मध्ये १२ थरीका पन्तहरू एउटै मूल बाजे अन्तर्गत पर्ने भएकाले तिनीहरू बीचमा विवाहवारी नचल्ने र अन्य दुई थरी पन्तहरूमा विवाहवारी चल्न सक्ने भनी परिशिष्ट नं. ३ मा उल्लेखित पन्त पुर्ख्यौलीको मूल वंशावलीमा उल्लेख गरिएको छ । परिशिष्ट नं. ३ को प्रस्तुत वंशावली अनुसार भगी पन्तको बारेमा उल्लेख गरिएको देखिदैन । उता डा. स्वामी प्रपन्नाचार्यद्वारा सम्पादित कार्तवीर्यदय महाकाव्यमा वीरशाली पन्तको लेखमा भगी पन्तको शाखा सन्तानको विवरण प्रस्तुत गरिएकोमा हर्षदेव पन्त छुट्न गएको देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-३

वसु पन्त र भगी पन्त सन्तानहरुको पुर्ख्यौली वंशावली निम्न प्रकारको छ ।



नोट

[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri



उक्त वंशावली रत्न-श्रेष्ठ पुरस्कार गुठी बागलुङ्मा सु

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ-स्रोत

क्र.सं नाम	शीर्षक	प्रकाशक
१. बाबुराम आचार्य	पुराना कवि र कविता	साझा प्रकाशन-०५२
२ प्रा. बालकृष्ण पोखरेल	नेपाली भाषा र साहित्य	रत्न पुस्तक भण्डार-०२१
३. कमल दीक्षित	सम्पा. बुइँगल	साझा प्रकाशन-०३४ पुलचोक ललितपुर पृष्ठ-२३०
४. डा. स्वामी प्रपन्नाचार्य	सम्पा. कार्तवीर्योदय महाकाव्य	ने.रा.प्र.प्र.-०५१ पृष्ठ ३६-३७
५. डा. स्वामी प्रपन्नाचार्य	लिखित उद्‌गार	रत्नश्रेष्ठ पुरस्कार गुठीको अभिलेख-०४३
६. -	पन्त पुर्ख्यौलीहरूको वंशावली	रत्न-श्रेष्ठ पुरस्कार गुठीमा सुरक्षित
७. टुकराज मिश्र	वीरशाली पन्त कहाँका हुन् ?	गोरखापत्र-०५०
८. प्रेम छोटा	वीरशाली पन्त बागलुङ्क्त हुन् ।	मधुपर्क वर्ष २६, अङ्क ११, पूर्णाङ्क २९८, पृष्ठ ४३-४७
९. प्रेम छोटा	सन्दर्भ वीरशाली पन्त चर्चा- साँस्कृतिक इतिहास कान्छीलाई घुमाउने बागलुङ सहर	कान्तिपुर कोसेली शनिवार अङ्क-०५४
१०. प्रेम छोटा	भानुभक्त भन्दा पुराना कवि वीरशाली पन्त	कान्तिपुर कोसेली-०५५ चैत्र, वर्ष ७, अङ्क ६

CC-0. In Public Domain. Digitization by eGangotri

११.	प्रेम छोटा	धवलागिरिका कवि र कविता	अमृतप्रसाद शेरचन-०५५
१२.	डा. गोपालप्रसाद भण्डारी	प्रागभानुभक्तीय नेपाली काव्य	ने.रा.प्र.प्र.-०५३
१३.	डा. खगेन्द्रप्रसाद लुईटेल	कविता सिद्धान्त र नेपाली कविताको इतिहास	ने.रा.प्र.प्र.-०६०
१४.	डा. चूडामणि बन्धु	नेपाली साहित्यको इतिहास (प्रथम खण्ड)	ने.रा.प्र.प्र.-०६०
१५.	धौलागिरि स्टार साप्ताहिक	बागलुङ वर्ष ५, अङ्क २०,	०६०
१६.	काजी रोशन	मानसरोवरमा डुबुल्की मार्दा	२०३५
१७	डा. राजाराम सुवेदी	प्रज्ञा, ने.रा.प्र.प्र.	२०४०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेम छोटा

जन्म : २००२ वैशाख १४ गते
बागलुङ वजार किनारा टोल, वा.न.पा.-३
शिक्षा : स्नातक सम्म

क) प्रकाशित कृति - १७
(कविता, कथा, लोक संस्कृति, साहित्य, समीक्षा, अन्वेषण-अनुशीलन र सम्पादन आदि)
ख) प्रकाशोन्मुख कृति - १६

पदक, पुरस्कार तथा सम्मान

- प्रहसन प्रतिभा रजत पदक - २०१८
- प्रहसन प्रतिभा रजत पदक - २०१९
- The Honorary Mention Award-096 INLS, USA
- राष्ट्रिय प्रतिभा पुरस्कार - २०५३
- गोपाल पाँडे असीम पुरस्कार - २०५६
- बागलुङस्थित ७ ओटा सामाजिक संघसंस्थाद्वारा सम्मान - २०५६
- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वत्वृत्ति प्राप्त - २०५८
- गणेश-खिल कुमारी दुवाल जनमत सम्मान - २०५९
- वृहत् साहित्यिक तथा साँस्कृतिक भेला, लेखानीद्वारा सम्मान - २०६१
- नेपाल भाषा मंका: खल: बागलुङद्वारा सम्मान - २०६२

सम्बद्ध : संस्थापक संरक्षक - रत्न-श्रेष्ठ पुरस्कार गुठी-२०३४,
रत्न-श्रेष्ठ पुरस्कार पुस्तकालय-२०३७
कार्यकारिणी सदस्य- नेपाल भाषा एकेडमि, नेपाल - २०४८
संरक्षक - विद्या मन्दिर पुस्तकालय - २०५९,
जनमत प्रकाशन - २०५९
सदस्य - लोक साहित्य उपसमिति, ने.रा.प्र.प्र.-२०६२,
लगायतका दुई दर्जन भन्दा वढी क्षेत्रीय तथा राष्ट्रिय स्तरका प्राज्ञिक संघ संस्थाहरुमा संलग्नता

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं